कोरोनाविरुद्ध सचेतना

भिडभाडदेखि टाढै रहौं

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com


# नयाँ पत्रिका

२५ वैशाख २०७७, बिहीबार (7 May 2020, Thursday) ■ नेपाल संवत् ११४० ■ वर्ष १४ ■ अंक २५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ नयाँ पत्रिका फलोअप

# भारतबाट आउने तरकारीको विषादी परीक्षण सातादेखि बन्द

## नेपाली किसानको तरकारी बारीमा सुक्दै, विषादी परीक्षणविना भारतीय तरकारी नेपालीको भान्सामा पाक्दै


सिराहा किसानले फलाएको काँक्रो व्यापारीले नकिनिदिएपछि खेतमा कुहिँदै


चितवन काँक्रो बिकेन, खेत खाली गराउन ट्र्याक्टर लगाउँदै किसान

**अजित अधिकारी**/नयाँ पत्रिका
**काठमाडौं, २४ वैशाख**

एकातिर स्थानीय तरकारी संकलन केन्द्र बन्द भएर नेपाली किसानको तरकारी खेतबारीमै सडिरहेको छ भने अर्कोतिर भारतबाट ट्रकका ट्रक निर्वाध रूपमा आइरहेको तरकारीको विषादी परीक्षण पनि बन्द भएको छ। कीटनाशक विषादी परीक्षण गर्ने किट नै सकिएकाले राजधानीलगायतका क्षेत्रमा एक सातादेखि परीक्षण ठप्प छ।

परीक्षण गर्ने किट वर्षमा कति चाहिन्छ भन्ने हिसाब हुन्छ। तर, सरकारले पर्याप्त तयारी नगर्दा लकडाउन सुरु भएको डेढ महिनामै कीटनाशक विषादीको परीक्षण ठप्प भएको छ। भारतबाट आएको तरकारी विषादी परीक्षणविना सीधै नेपालीको भान्सामा पाकिरहेको छ।

कृषि मन्त्रालयअन्तर्गतको केन्द्रीय कृषि प्रयोगशालाले काठमाडौंको कालिमाटी, कास्कीको पोखरा, रूपन्देहीको बुटवल, बाँकेको नेपालगन्ज, कैलालीको अत्तरिया, सर्लाहीको नवलपुर र झापाको काँकडभिट्टामा विषादी अवशेष द्रुत विश्लेषण इकाइ स्थापना गरेको छ। पोखरामा विगत ६ महिनादेखि नै परीक्षण रोकिएकाले विषादी परीक्षण नगरी तरकारी बजारमा पठाउने गरिएको छ। काठमाडौंको कालिमाटीस्थित द्रुत परीक्षण पनि गत असोजदेखि नै बन्द छ, नाकामा नै परीक्षण हुने भएकाले कालिमाटीको इकाइ बन्द गरिएको थियो।

देशका सात स्थानमा राखिएका ल्याबले सबै किसिमका विषादी परीक्षण गर्दैनन्। तरकारीमा २९ किसिमका विषादी प्रयोग हुन्छन्, तर यी ल्याबले जम्मा दुईथरी विषादी मात्र परीक्षण गर्ने सामर्थ्य राख्छन्। केन्द्रीय प्रयोगशालामा भने २९ वटै विषादी परीक्षण हुन्छ।

नाकाबाट सिफारिस गरेर पठाइएका नमुना राजधानीको केन्द्रीय प्रयोगशालाले परीक्षण गर्दै आएको थियो। तर, अब किट सकिएकाले नाका र राजधानी सबैतिर परीक्षण रोकिएको छ। 'बुटवलमा एक-दुई दिनलाई पुग्ने किट बाँकी छ, तर त्यहाँ कार्यालय सहयोगी मात्रै रहेकाले परीक्षण हुन सकेको छैन, अन्य सबै कार्यालयमा एक सातादेखि परीक्षण बन्द छ,' प्रयोगशालाकी प्रमुख सावित्री बरालले नयाँ पत्रिकासँग भनिन्, 'अहिले तरकारीको विषादी परीक्षण हुन सकेको छैन।'

किट सकिने सम्भावना भएकाले प्रयोशालाले थोरै-थोरै परिमाणमा मात्र तरकारीको नमुना परीक्षण गर्दै आएको थियो, त्यतिन्जेल पनि किट प्राप्त नभएकाले अहिले परीक्षण ठप्प भएको प्रयोगशालाको भनाइ छ। तरकारीको विषादी परीक्षण जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषय हो, यो पनि औषधि र मेडिकल साधनजस्तै प्राथमिकतामा मगाउनुपर्ने हो। तर, कृषि मन्त्रालयले टेन्डर गरिएको र लकडाउनका कारण रोकिएको भन्दै द्रुतमार्गबाट मगाउन पहल गरेको छैन।

प्रयोगशालाका अनुसार ताइवानबाट आयात भएको किट सिंगापुरमा रोकिएको छ। 'चैत २०-२५ गतेसम्ममा सामान आइपुग्ने गरी व्यवस्था मिलाइएको थियो, तर लकडाउन भएपछि किट नै आउन सकेन,' बरालले भनिन्।

अब एक महिनाभित्र किट ल्याउन नसके तरकारीको विषादी आगामी मंसिरसम्म परीक्षण हुन नसक्ने बरालले बताइन्। '१५ असारसम्म भुक्तानी दिने गरी सामान मगाइएको छ। त्यसका लागि जेठ मसान्तसम्म सामान आइपुग्नुपर्छ। तोकिएको समयमा सामान नआए भुक्तानी दिन सकिँदैन,' उनले भनिन्, 'एकातिर बजेट फ्रिज हुन्छ, अर्कोतिर किट अभावमा आगामी मंसिरसम्म परीक्षण गर्न सकिँदैन।'

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको केन्द्रीय कार्यालयले पनि तरकारीमा भएको विषादी परीक्षण गर्न सक्छ। तर, लकडाउनयता विषादी परीक्षण नगरेको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले बताए। 'हामीले आवश्यकताका आधारमा परीक्षण गर्ने हो। अहिले तरकारीको विषादी परीक्षण भएको छैन,' उनले भने। त्यस्तै प्लान्ट क्वारेन्टाइन कार्यालयले पनि देशभर १५ स्थानमा प्रयोगशाला राखेको छ। तर, ती प्रयोगशालाले विषादी परीक्षण गर्दैनन्। प्लान्ट क्वारेन्टाइन प्रमुख सहदेवप्रसाद हुमागाईका अनुसार रोग र किरा भए-नभएको मात्र हेर्ने गरिन्छ।

### प्रदेशको विषादी परीक्षण कार्यालय नै बन्द

● झापामा **चिरञ्जीवी घिमिरे**

भारतबाट आउने तरकारी र फलफूलमा भएको विषादी परीक्षण गर्ने बिर्तामोडस्थित विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला इकाइ कार्यालय २२ चैतदेखि बन्द छ। झापाको मेची भन्सार, विराटनगरको रानी भन्सार र सुनसरीको भन्टाबारी भन्सार कार्यालयबाट भित्रिने फलफूल र तरकारीको विषादी परीक्षण यहीँबाट हुने गरेको थियो।

रिएजेन्ट किट अभाव हुँदा विषादी परीक्षणको काम रोकिएको कार्यालय प्रमुख सुरेशकुमार साहले बताए। 'हामीलाई महिनामा कम्तीमा तीनवटा किट चाहिन्छ। २२ चैतमा किट सकियो, केन्द्रीय प्रयोगशाला र मन्त्रालयमा जानकारी गरायौँ,' उनले भने, 'विभागमा पनि किट रहेनछ। उहाँहरूले अहिले आएको छैन

» पृष्ठ २ मा क्रमशः

## ■ सर्वोच्चको आदेश एक वर्षदेखि अलपत्र

गत वर्ष २ असारमा राजपत्रमा सूचना प्रकाशित नै गरेर सरकारले भारतसहित तेस्रो मुलुकबाट आयात हुने तरकारीको विषादी परीक्षण सुरु गरेको थियो जसलाई जनमानसले स्वागत गरेका थिए। तर, काठमाडौंस्थित भारतीय दूतावासले १४ असारमा परराष्ट्र मन्त्रालयलाई पत्र लेख्दै विषादी परीक्षणविनै भारतीय तरकारी आयातको प्रबन्ध मिलाउन दबाब दिएको थियो। भारतको दबाबका कारण नेपाल सरकार चार दिनमै आफ्नो निर्णयबाट पछि हटेको थियो। १८ असारमा मन्त्रिपरिषद्ले राजपत्रको सूचना खारेज गरेर विषादी परीक्षण रोकेको थियो।

सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा तत्कालै रिट निवेदन परेको थियो। अधिवक्ता स्वागत नेपाल, कञ्चनकृष्ण न्यौपाने, कुमारी खरेल, विष्णुप्रसाद तिमल्सिनाको छुट्टाछुट्टै रिट निवेदन दिएका थिए। तरकारीमा विषादी परीक्षण रोक्ने सरकारको निर्णय नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन तथा मुलुकी अपराध संहिताविरुद्ध भएकाले उत्प्रेषणको आदेशमार्फत खारेज गर्न रिटमा माग गरिएको थियो। सर्वोच्चले २५ असारमा विषादी परीक्षण रोक्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो।

मन्त्रिपरिषद्ले सात स्थानमा रहेका विषादी अवशेष द्रुत विश्लेषण इकाइका प्रयोगशालाबाट तत्कालका लागि परीक्षणको व्यवस्था मिलाउने बताएको थियो। तर, ती प्रयोगशालाबाट दुईवटा मात्रै विषादी परीक्षण हुन्छ जब कि तरकारीमा २९ किसिमका विषादी परीक्षण हुन्छन्। सरकारले यो एक वर्षमा नाकामै पूर्ण रूपमा विषादी परीक्षण गर्ने व्यवस्था पनि गरेन, दुईवटा विषादी परीक्षण गर्ने प्रयोगशालामा पनि किट नभएकाले परीक्षण अब स्थगित भएको छ।

त्यति मात्रै होइन, कृषि मन्त्रालयले अर्को अमिल्दो निर्णय पनि गरेको थियो। आधुनिक सुविधासम्पन्न प्रयोगशाला खरिद गरी तरकारीमा रहेको विषादी परीक्षण गर्ने भन्दै मन्त्रालयले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई जिम्मेवारी दिएको थियो। सरकारले काँकडभिट्टा, विराटनगर, वीरगन्ज, जलेश्वर, भैरहवा, नेपालगन्ज, धनगढी र रसुवामा प्रयोगशाला स्थापना गर्ने घोषणा गरेको थियो, जब कि ती कुनै पनि स्थानमा खाद्यका कुनै कार्यालय नै छैनन्।

५० करोड बजेटको ल्याब निर्माणको जिम्मा पाएको खाद्यले आजसम्म ल्याब स्थापनाको प्रक्रिया नै सुरु गरेको छैन। भवन निर्माण र प्रयोगशाला स्थापना गर्न १८ करोड रुपैयाँ बजेट विनियोजन भए पनि केही काम अघि बढेको छैन। प्रयोगशालाका सामग्री खरिद गर्न प्रारम्भिक लागत अनुमान मात्र सम्पन्न भएको खाद्य विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले बताए।

आठवटा नाकामा खाद्य विभागले तत्कालै आधुनिक प्रयोगशाला खोलेर आयातीत तरकारीको विषादी परीक्षण गर्ने भनेर बाहिर हल्ला गरे पनि यो वर्ष विराटनगर, भैरहवा र हेटौंडामा मात्रै प्रयोगशाला सञ्चालन गर्ने गरी बजेट विनियोजन भएको स्रोतको भनाइ छ। त्यसमध्ये हेटौंडामा प्रिफ्याब संरचना निर्माण गरी अत्याधुनिक प्रयोगशाला निर्माण गर्ने र नाकामा र्‍यापिड टेस्ट गर्ने प्रयोगशाला बनाउने योजना राखिएको थियो। यद्यपि, लकडाउनलाई कारण देखाउँदै यो आर्थिक वर्षमा खाद्यको विषादी परीक्षण गर्ने ल्याब प्रयोगमा नआउने देखिएको छ।

## समाजवादी कृषिमन्त्रीलाई एक विवश किसानको पत्र


**असलम राहिन**
**अध्यक्ष, कृषक संघ, जयसपुर**

माननीय मन्त्रीज्यू,

म एक सामान्य किसान हुँ। बाँके जिल्लाको जयसपुर किसान संघको अध्यक्ष हुँ। मैले एक बिघा जग्गामा लगाएको र बेच्न ठिक्क पारेको बन्दागोभी बिक्री नभएर बारीमा सडिरहेको छ। हिजोको नयाँ पत्रिकामा त्यही तस्बिर छापिएको छ, धेरैले त्यो तस्बिर देखेर मन दुःखी बनाउनुभएको मैले थाहा पाएको छु। आफ्नो आर्थिक, शारीरिक सम्पूर्ण लगानी गरेको खेती त्यसरी बारीमा सडेको देख्दा मेरो मन कस्तो हुँदो हो, सबैले अनुमान गर्न सक्नुहुन्छ।

कृषिलाई बढावा दिन भनेर राज्यले कृषि मन्त्रालय, विभाग, प्रदेश कृषि मन्त्रालय, प्रदेशस्तरीय कृषि विभाग, जिल्लामा कृषि ज्ञान केन्द्र, स्थानीय तह र वडामा पनि कृषि कार्यालय स्थापना गरेको छ। राज्यले हरेक वर्ष कृषि क्षेत्रको विकासका लागि अर्बौं रुपैयाँ खर्च गर्दै आएको पनि छ। यो वर्ष मात्रै कृषिका लागि सरकारले ३४ अर्ब रुपैयाँ बजेट छुट्याएको छ भनेर अर्थमन्त्रीले भनेको बजेटमै सुनेको हुँ।

कृषिको विकासका लागि राज्यले कृषियन्त्र, बिउबिजन, सिँचाइ, भण्डारणलगायत कार्य गर्न किसानलाई राहत, सहुलियत र अनुदान पनि दिने गरेको छ। राज्यले दिएको सुविधा प्रयोग गरेर नेपाली किसानले हरित क्रान्ति ल्याउन कोसिस पनि गरिरहेका छन्। रैथाने किसान मात्र होइन, विदेशबाट फर्किएका र विभिन्न विश्वविद्यालयमा पढेलेखेका युवाले पनि व्यावसायिक कृषिमा आफ्नो पैसा, सीप र पसिना लगानी गरिरहेका छन्।

किसानले आफ्नो गाउँठाउँ, सहर र जिल्लालाई तरकारीमा आत्मनिर्भर बनाउन प्रयास पनि गरिरहेका छन्। तर, राज्यको लगानी र किसानको मिहिनेतलाई भारतबाट आउने तरकारीले छायामा पार्दै आएको छ। म लामो र ठूलो कुरा गर्न चाहन्नँ, हाम्रै बाँकेका किसानले पनि आफ्नो जिल्लालाई पुग्ने बन्दागोभी, काउली, टमाटर, खुर्सानी, काँक्रा उत्पादन गर्दै आएका छौँ। तर, हामीले बजार पाएका छैनौँ। भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्दा हाम्रो तरकारी बारीमा कुहिएर नष्ट हुने गरेको छ।

मेरो बारीमा पनि एक हजार क्विन्टलभन्दा बढी बन्दागोभी सडिरहेको छ। उता, पत्रिका हेरेर थाहा पाउँछु, यही लकडाउनको अवधिमा यही नेपालगन्ज नाकाबाट पाँच करोडको तरकारी आयात भएछ। सबै नाकाबाट त यही अवधिमा चार अर्बको तरकारी भारतबाट आयात भएछ। यता, हामीले तरकारी लगेर बेच्ने कुनै च्यानल छैन, व्यापारीले फोनका भरमा भारतबाट ट्रकका ट्रक तरकारी मगाएर यहाँका भान्साभान्सामा पुर्‍याएका छन्।

एकातिर भारतबाट तरकारी मगाउने बिचौलिया व्यापारी मालामाल हुने अर्कोतिर नेपाली किसानको पसिना खेतमै सुक्ने हो भने सरकारले कठोर निर्णय गर्नुपर्छ। कृषिमन्त्री समाजवादी नेता हुनुहुन्छ भन्ने मैले सुनेको छु, त्यो समाजवाद भनेको के हो मलाई थाहा छैन, मेरो सामान्य निवेदन छ, नेपाली किसानले ऋण-धन गरेर, पसिना बगाएर उत्पादन गरेको तरकारीका लागि बजार सुनिश्चित गर्न सक्नुहुन्न भने कृपया कृषि क्षेत्रमा लगानी भइरहेको ३४ अर्बको सरकारी बजेट तत्काल बन्द गरिदिनुहोस्, यो रकमले उद्योग कलकारखाना चलाउनुहोस्, हामी काम गर्न आउँछौँ। विद्यालय खोल्नुहोस्, हाम्रा छोराछोरीले पढ्न पाउँछन्, अस्पताल खोल्नुहोस्, हामी उपचार गर्न आउँछौँ।

विडम्बना कस्तो छ भने नेपालका कृषि मन्त्रालय, विभाग, प्रदेश कृषि मन्त्रालय, विभाग, जिल्लास्थित कृषि ज्ञान केन्द्र, स्थानीयस्तरका कृषि कार्यालयसँग नेपालमा कुन जिल्लामा, कुन तरकारी, कुन सिजनमा कति उत्पादन हुन्छ भन्ने तथ्यांक छैन। खास भन्ने हो भने त नेपालका खास किसान कति छन् भन्ने तथ्यांकसमेत कसैसँग छैन। किसानको तथ्यांकसमेत राख्न नसक्ने मन्त्रालय, विभाग, जिल्ला तह र स्थानीय तहमा रहेका कार्यालय किन सञ्चालन गर्ने ? ढुकुटीको पैसा निर्जर बालुवामा किन खन्याउने ? तिनको काम के छ ? उपभोक्ताले तरकारी किन्छन्, व्यापारीले भारतबाट मगाउँछन्। बीचमा कृषि नामका अड्डा किन चाहियो ?

» पृष्ठ २ मा क्रमशः

## नेकपा स्थायी कमिटी बैठक अनिश्चित

# एजेन्डामा दुई पक्ष सहमत हुन सकेनन्

**शुरोजंग पाण्डे**/नयाँ पत्रिका
**काठमाडौं, २४ वैशाख**



शीर्ष नेताहरूबीच विमति भएपछि नेकपा स्थायी कमिटी बैठक अनिश्चितकालका लागि स्थगित भएको छ। स्थायी कमिटी बैठकको एजेन्डा तय गर्न बुधबार डाकिएको सचिवालय बैठक नै अपूरो भएको छ।

नीति तथा कार्यक्रम र बजेटको तयारीमा लाग्नुपरेकाले अहिले अन्य विषयमा प्रवेश गर्न नसकिने भन्दै पार्टी अध्यक्ष ओलीले स्थायी कमिटी बैठकप्रति अनिच्छा देखाएका छन्। बैठकको बीचमा ओली उठेर हिँडेपछि सचिवालयले ठोस निर्णय गर्न सकेन।

बैठकको अध्यक्षता गर्दै प्रधानमन्त्री ओलीले सुरुमै संसद् अधिवेशन बोलाइसकिएको अवस्थामा अहिले मुख्य ध्यान सरकारको नीति तथा कार्यक्रम र बजेट तयारीमा दिनुपर्ने वेला सरकार र पार्टी कामको समीक्षासहितका एजेन्डामा केन्द्रित बैठक विषयवस्तु र समय दुवै हिसाबले औचित्यहीन हुने बताएका थिए।

लगत्तै वरिष्ठ नेता नेपालले २० वैशाखको सचिवालय बैठकले पार्टीलाई विधि र प्रक्रियाअनुसार सञ्चालन गर्दै एकताबद्ध बनाउने निर्णय गरिसकेको अवस्थामा त्यसको भावविपरीत बैठक छल्न खोजेको भन्दै प्रतिवाद गरेका थिए।

नेता नेपालले विधि, प्रक्रियासम्मत ढंगले सञ्चालन गर्ने गरी राजनीतिक प्रतिवेदन र एजेन्डामा केन्द्रित स्थायी कमिटी बैठक बसेर छलफल गर्नुपर्ने भनाइ राखेपछि प्रधानमन्त्रीले आफूविरुद्ध मोर्चाबन्दी भएको भनेर असन्तुष्टि व्यक्त गरेका थिए। 'तपाईंहरू मेराविरुद्ध बाहिर-बाहिरै भेला, बैठक र मोर्चाबन्दी गरिरहनुभएको छ, कहिले हात्तीवन, कहिले कोटेश्वर र खुमलटारमा बैठक बस्नुहुन्छ, यसरी कसरी सहमति र एकतासहित अघि बढ्न सकिन्छ ?' सचिवालयले त्यस्तै निर्णय गरेको हो ?, यसरी कसरी पार्टी चल्छ ?' प्रधानमन्त्री ओलीको आक्रोश थियो, 'सबै विषयमा अहिले छलफल गर्ने समय छैन, कमसेकम परिस्थिति कस्तो छ भन्ने बाध्यता बुझ्नुस्, अहिले स्थायी कमिटी बैठक जरुरी छैन, मलाई थकाइ लागेको छ, आराम गर्नुछ, अरू काम पनि छन्, कहिले बस्ने पछि कुरा गरौँला, तपाईंहरू छलफल गर्ने भए गर्नुहोस्।'

प्रधानमन्त्री ओली बैठक राख्न जरुरी नभएको भन्दै बीचबाटै बाहिरिएका थिए। तर, प्रवक्ता नारायणकाजी श्रेष्ठले भने, 'प्रधानमन्त्रीले आफ्ना केही व्यस्तता र शारीरिक कारणले समेत बैठकको पूरा समय बस्न नसक्ने जानकारी गराएर जानुभएको हो, अरू कुनै कारण होइन। बैठकमा सधैँ सबैजना बस्नुपर्छ भन्ने हुँदैन, कुनै काम पर्दा बैठकलाई जानकारी गराएर जान सकिन्छ, प्रधानमन्त्री पनि जानकारी गराएरै निस्किनुभएको हो।'


बैठकमा अध्यक्ष प्रचण्ड, वरिष्ठ नेता झलनाथ खनाल र प्रवक्ता श्रेष्ठले स्थायी कमिटी बैठक सार्न नहुने भन्दै प्रतिवाद गरेका थिए। अन्य सदस्यहरू भने बैठक स्थगितको पक्षमा थिए।

गत २० वैशाखमा बसेको सचिवालय बैठकले उत्कर्षमा पुगेको शीर्ष नेताहरूको विवाद समाधान हुने गरी पार्टीलाई विधि, प्रक्रिया र कम्युनिस्ट मूल्य-मान्यता तथा आदर्शअनुसार अघि बढाउने र सरकार पार्टीको मार्गदर्शनमा चल्ने निर्णय गरेको थियो। प्रधानमन्त्री ओली र अध्यक्ष प्रचण्डसहित नेताहरूले सामूहिक आत्मालोचना गरेपछि एकतासहित पार्टीलाई अघि बढाउने सहमति गर्दै बिहीबार (आज) स्थायी कमिटी बैठक बोलाउने निर्णय गरेको थियो।

त्यसैअनुसार प्रचण्ड र महासचिव विष्णु पौडेललाई राजनीतिक प्रतिवेदनसहित बैठकका कार्यसूची तय गर्ने जिम्मेवारी दिएका थिए। बैठकका एजेन्डा सरकारको नीति तथा कार्यक्रम र बजेटमा सुझाब लिने गरी तय गर्ने कि पार्टी र सरकारको कामको समग्र समीक्षा, अध्यादेश प्रकरण र एक व्यक्ति : एक मुख्य जिम्मेवारीको एजेन्डा बनाउने भन्नेमा विवाद भएको थियो। यी विषयमा ओली र प्रचण्डबीच कुरा नमिलेपछि राजनीतिक प्रस्तावसमेत

» पृष्ठ २ मा क्रमशः

## लकडाउनमा सेनाको मेडिकल कलेजद्वारा शुल्क तिर्न विद्यार्थीलाई ताकेता



**भवानीश्वर गौतम**/नयाँ पत्रिका
**काठमाडौं, २४ वैशाख**

व्यापारीकरणको आरोप लागेका निजी शैक्षिक संस्थाले पनि मानवीयता देखाउँदै लकडाउनमा शुल्क नमागिरहेका वेला सेनाको मेडिकल कलेजले भने एमबिबिएसका विद्यार्थीलाई वैशाख मसान्तभित्र भुक्तानी गर्न ताकेता गरेको छ, त्यो पनि सरकारले तोकेभन्दा करिब आठ लाख अतिरिक्त।

> छैटौं ब्याचका विद्यार्थीसँग सरकारले तोकेको शुल्कभन्दा करिब आठ लाख बढी उठाइँदै

नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, चिकित्साशास्त्र महाविद्यालयले बुधबार पूर्वनिर्धारित 'स्ट्रक्चर'अनुसार भुक्तानी गर्नुपर्ने रकम वैशाख मसान्तभित्र भुक्तानी गर्न विद्यार्थीलाई ताकेता गरेको हो।

प्राचार्य सहायकरथी डा. अरुण शर्माले विद्यार्थीलाई पठाएको सूचनामा लक्ष्मी बैंकको खाता नम्बर उपलब्ध गराएर रकम जम्मा गरेको बैंक भौचर इमेलबाट पठाउन भनिएको छ। लकडाउनको समयमा गरिएको ताकेताले अभिभावक र विद्यार्थी भने चिन्तित बनेका छन्।

सेनाको ताकेताबाट सबैभन्दा बढी छैटौं ब्याचका विद्यार्थी मारमा परेका छन्। उनीहरूबाट करिब आठ लाख अतिरिक्त रकम उठाइँदै छ। सरकारले ०७३/७४ को ब्याचका लागि उपत्यकामा ३५ लाख र उपत्यकाबाहिर ३८ लाख ५० हजार शुल्क निर्धारण गरेको थियो। तर, सेनाले सिभिलतर्फका पूर्ण शुल्क तिर्ने विद्यार्थीलाई ४२ लाख ८२ हजार सात सय १० रुपैयाँ

» पृष्ठ २ मा क्रमशः

**हामी चौथो–पाँचौं दर्जाका शासित नागरिक हौं**


अन्तर्वार्ता
मोहना अन्सारी | पृष्ठ ५

**कर्नर किक**
● रवि मिश्र




नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.

## एजेन्डामा...

पृष्ठ १ बाट क्रमशः

तयार हुन सकेको थिएन।

बुधबार ३ बजे डाकिएको सचिवालय बैठक करिब साढे ३ पछि मात्र सुरु भएको थियो। बैठकको सुरुवात गर्दै ओलीले करिब आधा घन्टा बोलेर अचानक उठेर हिँडेपछि बाँकी आठ नेताले बिहीबार डाकिएको बैठक के गर्ने भन्ने विषयमा केहीबेर छलफल गरेका थिए। प्रधानमन्त्री बाहिरिएपछि गृहमन्त्री रामबहादुर थापा 'बादल', महासचिव पौडेल, उपप्रधानमन्त्री ईश्वर पोखरेलले प्रधानमन्त्रीको अनुपस्थितिमा बाँकी छलफल गर्नु र सहमतिविनै स्थायी कमिटी बैठक बस्नुको औचित्य सकिएको धारणा राखेका थिए।

'प्रधानमन्त्री अचानक उठेर हिँडेपछि केहीबेर अब के गर्ने ? बस्ने कि नबस्ने ? छलफल भयो, तर उहाँको अनुपस्थितिमा बैठक बस्दा विवाद झन् चर्किन्छ, त्यस्तो नगरौँ भन्ने भयो,' एक सचिवालय सदस्यले भने, 'त्यसपछि अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्रीसँग सल्लाह गरेर बस्न सक्ने अवस्था भयो भने बिहीबार थोरै समयका लागि भए पनि स्थायी कमिटी राखेर पछि बस्ने गरी स्थगित गर्दा हुन्छ, नत्र उहाँ तयार हुनुभएन भने आवश्यक गृहकार्यपछि दुई-चार दिनपछि बस्दा उपयुक्त हुने निष्कर्षसहित सचिवालय बैठक टुंगियो।' प्रवक्ता श्रेष्ठले दुई अध्यक्षले सल्लाह गरेर बैठकको कार्यसूची तय गर्ने गरी सचिवालय बैठक टुंगिएको जानकारी दिए।

## भारतबाट...

पृष्ठ १ बाट क्रमशः

भन्नुभयो। विभाग र तीनवटै भन्सारमा जानकारी गराएका छौँ।'

यहाँ तीनवटै भन्सारबाट भित्रिने फलफूल र तरकारीका मासिक एक हजार दुई सय नमुना परीक्षण गर्दै आएको थियो। चार कर्मचारी रहेको कार्यालय एउटै कोठामा छ। पर्याप्त उपकरण पनि छैनन्। मेची भन्सार कार्यालय २६ चैतदेखि बन्द छ। रानी र भन्टाबारी भन्सारबाट भने विषादी परीक्षणविना नै धमाधम तरकारी र फलफूल आयात भइरहेको छ।

### दुई कर्मचारीको भरमा प्रदेशको एक मात्र प्रयोगशाला

● धनगढीमा **तेजराज भट्ट**

कैलालीको अत्तरियास्थित विषादी अवशेष द्रुत विश्लेषण इकाइका कर्मचारी व्यक्तिगत सुरक्षा सामग्री (पिपिई)विना नै जोखिम मोलेर भारतबाट आएको तरकारीका नमुना परीक्षण गरिरहेका छन्। साधारण मास्क र ग्लोबबाहेक कोरोना संक्रमणबाट बच्ने व्यक्तिगत सुरक्षाका अन्य सामग्री नरहेको प्रयोगशाला प्रमुख बाली संरक्षण अधिकृत प्रमोद ठकुल्लाले बताए।

'पिपिई नहुँदा रिस्कमा काम गरिरहेका छौँ। माथिल्लो निकायमा माग गरे पनि पाएका छैनौँ,' ठकुल्लाले भने। तरकारीको नमुना ल्याइएका बोरा, व्यक्ति आदिबाट कोरोना संक्रमणको खतरा रहेको उनले बताए। प्रयोगशालामा अहिले प्रमुख र एकजना कार्यालय सहयोगी मात्रै छन्। दरबन्दी भने चार कर्मचारीको छ। उनीहरूले नै भारतबाट आएका तरकारी र फलफूलको विषादी परीक्षण गर्दै आएका छन्।

लकडाउनका कारण अन्य तरकारीको आयात रोकिएकाले अहिले आलु र प्याजको मात्र नमुना जाँच भइरहेको छ। लकडाउनअघि दैनिक ३० वटा नमुना परीक्षण हुँदै आएको भए पनि अहिले दैनिक आठवटा नमुना परीक्षण भइरहेका छन्। 'दैनिक लगातार ६ घन्टा प्रयोगशालामा नमुना जाँचको काम गर्नुपर्छ। दुईजनाले मात्रै जाँच गर्न गाह्रो हुन्छ,' ठकुल्लाले भने। यो प्रयोगशालामा कैलालीको त्रिनगर र कञ्चनपुरको गड्डाचौकी नाका भएर आयात हुने तरकारी र फलफूलको विषादी परीक्षण गरिन्छ।

### किट नहुँदा परीक्षणविनै तरकारी आयात

● बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

परीक्षण गर्ने किटको अभावमा नेपालगन्जस्थित तरकारी र फलफूलको विषादी परीक्षण गर्ने कार्यालय बन्द भएको छ। भारतबाट परीक्षणविना नै धमाधम तरकारी आयात भइरहेको छ। विषादी अवशेष द्रुत विश्लेषण इकाइ नेपालगन्जका बाली संरक्षण अधिकृत सकिल अहमदका अनुसार आरबिपिआर किट सकिएकाले ८ वैशाखदेखि भारतबाट आयात हुने तरकारी र फलफूलको विषादी परीक्षण हुन सकेको छैन। 'तरकारीमा कति विषादी छ भन्ने पत्ता लगाउन प्रयोग हुने किट सकिएपछि १७ दिनदेखि काम बन्द छ,' उनले भने।

तीन हप्ताअघि नै कृषि मन्त्रालयसँग किट माग गरेको भए पनि नआएको अहमदले बताए। 'किट नेपालमा बन्दैन। बाहिरबाट ल्याउनुपर्ने हुन्छ। लकडाउनका कारण सरकारले ल्याउन नसकेको होला,' उनको अनुमान छ। त्यसअघिसम्म परीक्षणका लागि दैनिक ५०-६० वटा नमुना आउने गरेको थियो। 'अब किट नआउँदासम्म परीक्षण गर्न सकिँदैन, यो विषयमा सरकार गम्भीर हुन जरुरी छ,' उनले भने।

### लकडाउनसँगै परीक्षण केन्द्र बन्द

● चितवनमा **विवेक पोखरेल**

चितवनको भरतपुर महानगर फलफूल तथा तरकारी बजारमा रहेको विषादी परीक्षण केन्द्र लकडाउनसँगै बन्द गरिएको छ। तर, भारतबाट भने विषादी परीक्षण नगरी धमाधम तरकारी र फलफूल आइरहेको छ। तरकारी तथा फलफूल बजार बन्द भएकाले सञ्चालन गर्न आवश्यक नठानेर बन्द गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख राजन ढकालले बताए। स्थानीय तरकारी बजार बन्द भए पनि भारतबाट तरकारी र फलफूल आउन भने रोकिएको छैन। यस्तो तरकारी विषादी परीक्षणविना नै उपभोक्ताको भान्सासम्म पुगिरहेको छ।

### बुटवलमा पनि किटकै अभाव

● बुटवलमा **विष्णु घिमिरे**

किटको अभावमा बुटवलस्थित विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा पनि तरकारी र फलफूलको विषादी परीक्षण रोकिएको छ। उपभोक्ता विषादी परीक्षण नभएकै तरकारी खान बाध्य छन्।

भारतबाट सबैभन्दा धेरै तरकारी तथा फलफूल भित्रिने नाकामध्ये एक रुपन्देही पनि हो। भैरहवा भन्सारबाट आउने तरकारी र फलफूलको बुटवलमा विषादी परीक्षण हुने गरेको थियो। तर, किटको अभाव भएपछि २१ वैशाखदेखि परीक्षण रोकिएको प्रयोगशालाका प्राविधिक सहायक नरदेव प्रभाकरले बताए। उनका अनुसार यस प्रयोगशालामा दैनिक ७० देखि सयवटासम्म नमुना परीक्षण हुने गरेका थिए। किट सकिएपछि विभागमा जानकारी गराएको उनले बताए। यो प्रयोगशालामा तीन कर्मचारी छन्। आधुनिक मेसिन जडान भएकाले आधा घन्टामै रिपोर्ट आउने गरेको छ।

### पोखरामा ६ महिनादेखि परीक्षणविना नै उपभोग

● पोखरामा **रोहितराज पराजुली**

पोखराको कृषि उपज बजारमा दुई वर्षअघि स्थापना गरिएको विषादी परीक्षण प्रयोगशाला ६ महिनादेखि बन्द छ। विषादी परीक्षण नभएका तरकारी र फलफूल खान विवश उपभोक्ता व्यवसायीको दबाबमा प्रयोगशाला बन्द गरिएको बताउँछन्।

केही समय राम्रोसँग परीक्षणको काम भए पनि व्यवसायीकै दबाबमा प्रयोगशाला बन्द गरिएको उपभोक्ता मञ्च गण्डकीका अध्यक्ष कपिलनाथ कोइरालाले बताए। 'सरकारले प्राविधिक जनशक्तिको अभाव देखाउने अनि व्यवसायीले परीक्षण नगर्न दबाब दिँदा विषादी परीक्षण नै रोकिएको मेरो बुझाइ छ,' उनले भने। कृषि उपज बजार व्यवस्थापन समितिका अध्यक्ष छेवाङ तामाङले प्रयोगशालामा परीक्षण सुरु गर्न वा हटाउन कृषि ज्ञान केन्द्रलाई आग्रह गरेको बताए।

गण्डकी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव अच्युतप्रसाद ढकालले प्राविधिक जनशक्ति अभावले प्रयोगशाला सञ्चालन गर्न नसकिएको बताए। गण्डकी प्रदेशको नाका स्याङ्जा र आबुखैरेनीमा निरन्तर विषादी परीक्षण भइरहेकाले पोखरामा परीक्षण नहुँदा पनि खासै फरक नपर्ने उनको भनाइ छ।

### सर्लाहीमा प्रयोगशाला बन्द गरिँदै

● सर्लाहीमा **श्रवण थापा**

किटको अभावमा सर्लाहीको लालबन्दीस्थित विषादी परीक्षण तथा विश्लेषण प्रयोगशाला इकाइ कार्यालय पनि बन्द हुने अवस्थामा पुगेको छ। लकडाउनका कारण विषादी परीक्षणका लागि आवश्यक आरबिटिआर किट र केमिकल अभाव भएको कार्यालय प्रमुख प्राविधिक सहायक दिनेश यादवले बताए। 'केही दिनका लागि छ, त्यसपछि परीक्षण रोकिनेछ,' उनले भने।

यो प्रयोगशालामा मलंगवा, वीरगन्ज, गौर र जलेश्वर नाकाबाट नेपाल भित्रिने तरकारी र फलफूलको विषादी परीक्षण हुने गरेको छ। दैनिक ३० देखि ३५ वटा नमुना परीक्षण हुने गरेको उनले बताए। दुईजना कर्मचारीले नै प्रयोगशाला चलाइरहेका छन्। अहिले २०-२५ वटा मात्र नमुना परीक्षण गर्ने केमिकल रहेको बताउँदै यादवले भने, 'मौजुदा केमिकल सकेर प्रयोगशाला बन्द गर्ने तयारीमा छु।' सरकारले अहिले प्रयोगशालामा काम गर्ने कर्मचारीको जोखिम भत्तासमेत कटौती गरेको उनको गुनासो छ। मानव स्वास्थ्यको हिसाबले खतरनाक केमिकलको उच्च जोखिममा रहेर काम गर्दै आएको उनले बताए।

### एक वर्षमा १५ नमुना मात्रै परीक्षण

● स्याङ्जामा **नारायण विश्वकर्मा**

गण्डकी र प्रदेश ५ को नाकामा रहेको भए पनि स्याङ्जाको गल्याङस्थित विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाको गति भने अति सुस्त छ। यहाँ एक वर्षमा १५ वटा नमुना मात्रै परीक्षण भएका छन्। गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयकी सूचना अधिकारी ज्योति क्षेत्रीले अहिलेसम्म प्रयोगशालाले १५ वटा नमुना परीक्षण गरेको रिपोर्ट पठाएको बताइन्।

विषादी परीक्षण गर्ने प्राविधिक घर गएकाले लकडाउनयता त परीक्षण पनि रोकिएको छ। दुई वर्षअघि स्थापना गरिएको प्रयोगशालामा सुरुवातमा प्राविधिक थिएनन्। तीन महिनाअघि मात्रै आएका प्राविधिक लकडाउनपछि घर गएर बसेका छन्।

## समाजवादी...

पृष्ठ १ बाट क्रमशः

*हो, सरकारले किसानलाई अनुदान दिएको छ। अनुदान सीधै खाने हो र पचाउन सक्ने हो भने छुट्टै कुरा भयो। तर, उत्पादन गर्छु र जीवनस्तर उकास्छु भन्दा ठाउँ कहाँ छ, खोइ बजार ? किसान हामी नेपाल र भारतका भनेर छुट्याउँछौँ। तर, बिचौलिया, व्यापारी एकजुट छन्। उनीहरूले सीधै भारतबाट तरकारी मगाउँछन्। सुन्न चाहनुहुन्छ भने म कृषिमन्त्रीज्यूलाई भन्न चाहन्छु, व्यापारीको स्वार्थले मात्र यत्रो धन्दा चलेको होइन। यसमा भन्सारका कर्मचारी पनि मिलेका छन्। व्यापारीले ५० क्विन्टल तरकारी ल्याए भने १५ क्विन्टलको मात्र बिल बनाउँछन्। अनि भन्सारका कर्मचारी पनि मालामाल हुन्छन्। व्यापारीले पनि भन्सार छलेर नाफा कमाएका छन्। यसले हामी किसान मात्र होइन, सिंगो देश र ढुकुटी नै ठगिएको छ।*

*हामीले उत्पादन गरेको तरकारी विषादी हालेको छ, किरा लागेको छ भनेर व्यापारीले बहाना बनाउँछन्। हामी चुनौती दिन्छौँ, नेपाली र भारतीय तरकारीको विषादी परीक्षण गरौँ, कहाँको तरकारीमा विषादी छ, त्यसलाई निषेध गरौँ। तर, भारतबाट आउने तरकारीको विषादी परीक्षण नगरी ल्याउँदा पनि सरकार किन मौन बस्छ ? यो प्रश्न हामीले कहाँ गएर कोसँग सोध्ने हो, कतिपटक सोध्ने हो ?*

*चाह्यो भने कुनै पनि सरकारी पदाधिकारीले कुनै पनि वेला भन्सारको अनुगमन गर्न सक्छ, भन्सारमा कुन गाडीमा कुन-कुन तरकारी आएको छ भन्ने पनि हेर्दैन। व्यापारीले भनेको आधारमा भन्सारले शुल्क लिन्छ। भन्सार तिर्न नपरेपछि भारतीय तरकारी सस्तो हुने नै भयो। भारतबाट आयात हुने अन्य खाद्यान्न भन्सारमा आइपुगेपछि एउटा गाडीबाट झारेर अर्को गाडीमा हालेर मात्र नेपालगन्ज र अन्य जिल्लामा लैजान पाइन्छ। तर, रुपैडिहा आइपुग्ने तरकारीका गाडी कहीँकतै नरोकेर सीधै नेपालगन्जस्थित रानीतलाउ तरकारी मण्डीमा पुऱ्याउँछन्।*

*हामीले भारतीय तरकारी ल्याउन हुन्न भनेर आन्दोलन गर्‍यौँ, सडक जाम गर्‍यौँ, केन्द्रीय कृषिमन्त्री, प्रदेश कृषिमन्त्री, संघीय तथा प्रदेश सांसद, कृषि ज्ञान केन्द्र, उपमहानगरपालिकाका मेयरको ध्यानाकर्षण गरायौँ, तर पनि सुनुवाइ भएन। अझै पनि कहीँकतै सुनुवाइ हुन्छ भने हामी भन्न चाहन्छौँ- भारतमा उत्पादन भएको तरकारी नेपाल नल्याउने हो भने पनि नेपालीको भान्सामा तरकारीको कमी हुनेछैन, तर भारतबाट तरकारी ल्याउने हो भने हामी किसान ऋणले थिचिएर जीवनमरणको दोसाँधमा पुग्दै छौँ।*

*नेपालगन्जस्थित नयाँ पत्रिका संवाददाता **विश्वराज पछल्डङ्ग्यासँग**को संवादमा आधारित*

## लकडाउनमा...

पृष्ठ १ बाट क्रमशः

शुल्क तोकेको छ। जब कि चिकित्सा शिक्षा आयोगले समेत सरकारले निर्धारण गरेको शुल्क मात्रै लिन परिपत्र गरिसकेको छ।

छैटौँ ब्याचका विद्यार्थीले तेस्रो किस्तासम्ममा करिब ३३ लाख ६६ हजार तिरिसकेका छन्। वैशाख मसान्तसम्ममा चौथो किस्ता आठ लाख ४३ हजार तिर्नुपर्नेछ। यसपछिको पाँचौँ किस्तामा ७३ हजार तिर्नुपर्नेछ। अन्य ब्याचका विद्यार्थीसँग भने सरकारले निर्धारण गरेअनुसारकै शुल्क लिइएको छ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. श्रीकृष्ण गिरीले ०७२/७३ र ०७३/७४ मा भर्ना भएका विद्यार्थीको समेत सरकारले निर्धारण गरेको शुल्क कायम गर्न परिपत्र गरिएको बताए। अतिरिक्त शुल्क लिएको भएमा फिर्ता वा समायोजन गर्नुपर्ने निर्णय भएको उनले बताए। सरकारले ०७४/७५ यता भर्ना भएका विद्यार्थीबाट लिएको अतिरिक्त शुल्क फिर्ता वा समायोजन गर्न निजी मेडिकल कलेजलाई निर्देशन दिइसकेको छ।

सरकारले ०७४/७५ का लागि उपत्यकाभित्रका कलेजमा ३८ लाख ५० हजार र उपत्यकाबाहिर ४२ लाख ४५ हजार रुपैयाँ निर्धारण गरेको थियो। सरकारले निर्धारण गरेको शुल्कमा त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम)को परीक्षा शुल्क, छात्रावास र खाना शुल्कबाहेक अन्य सबै शिक्षण शुल्क समावेश भएको सार्वजनिक सूचना निकालेर स्पष्ट पारेको थियो। चिकित्सा शिक्षा ऐनले समेत शिक्षण शुल्कलाई परिभाषित गरेको छ।

लकडाउनको समयमा अतिरिक्त शुल्क मागिएपछि चिन्तित बनाएको एक विद्यार्थीले बताए। 'अहिले सबै पठनपाठन बन्द छ, लकडाउनमा ज्यान जोगाउन समस्या परेको छ, तर आर्मीले सरकारको निर्णयविपरीत अतिरिक्त शुल्कसमेत मागेको छ। यो त लाजमर्दो नै हो,' उनले भने।

### मर्मतका नाममा ५० हजार असुली

छैटौँ ब्याचका विद्यार्थी अहिले तेस्रो वर्षमा अध्ययन गरिरहेका छन्। उनीहरूसँग १० शीर्षकमा कलेजले शुल्क असुलिरहेको छ। मर्मत शुल्कका नाममा प्रतिवर्ष १० हजारका दरले प्रतिविद्यार्थी ५० हजार तोकिएको छ। सातौँ ब्याचका विद्यार्थीबाट पनि यो शीर्षकमा त्यति नै रकम उठाइँदै छ। 'हामीले माथिल्लो निकायमा पटक-पटक ध्यानाकर्षण गराउँदा पनि अतिरिक्त शुल्क लिइरहेको छ, गुनासो गर्दा उल्टै धम्की आउने गरेका छन्,' तेस्रो वर्षमा अध्ययनरत एक विद्यार्थीले भने। यसअघि आर्मी मेडिकल कलेजको होस्टेलमा कम गुणस्तरको खाना दिइएको भन्दै विद्यार्थीले विरोध गरेका थिए।


इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
बागमती प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति :२०७७/०१/२५)

यस गाउँपालिकालाई आ.व. ०७६/०७७ को लागि आवश्यक स्यानिटरी प्याड सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यम बाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क.मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विक्रेता तथा व्यवसायीहरुले,रितपुर्वकको सिलबन्दी दरभाउपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु:

१. आ.व. २०७६/०७७ का लागि नविकरण भएको इजाजतपत्रदर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्र, आ.व.०७५/०७६ को करचुक्ता को प्रमाणपत्र पेश गर्नु पर्ने छ।
२. वोलपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको वोलपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस गाउँपालिकाको GLOBAL IME BANK LTD KURINTAR शाखामा रहेको संचित कोष खाता नं C401010000024 मा जम्मा गरेको बैक भौचर पेश गर्नु पर्ने छ।
३. वोलपत्र पत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेखित रकम यस गाउँपालिकाको GLOBAL IME BANK LTD, KURINTAR शाखामा रहेको धरौटी खाता नं C401010000021मा (जम्मा गर्न पठाउने कार्यालयको नाम-इच्छाकामना गाउँपालिका चितवन, कोड नं 35-365-19 लेखि) रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस गाउँपालिकाको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ।
४. वोलपत्र तपशिलमा उल्लेखित मिति र समयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www.bolpatra.gov.np/egp मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ
५. Upload भएका वोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस गाउँपालिकामा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन। वोलपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ।
६. वोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ।
७. वोलपत्र दाताले कवोल गरेको वोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ। त्यसरी खरीद गर्दा वोलपत्रमा उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा वोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुल उपर गरिनेछ।
८. वोलपत्र स्विकृत हुनु पुर्व खरिद मुल्यांकन समितिले वोलपत्रदाताहरुले पेश गरेको सामानहरुको नमुना माग गरि निरिक्षण एवं परिक्षण गरी मात्र स्विकृत गर्न सक्नेछ। साथै सप्लाई गरिने सम्पूर्ण सामानहरु नमुना वमोजिमको वा स्पेसिफिकेशन वमोजिमको उच्च गुणस्तरको हुनु पर्ने छ। अन्यथा संम्झौता रद्ध गरिनेछ।
९. वोलपत्रमा उल्लेखित सामानहरु आ.व. ०७६/०७७ भित्र पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ। खरीद गरिने सामान घटी बढी हुन सक्नेछ।
१०. कुनै वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा सुरक्षीत रहनेछ।
११. संझौता गरी समयमा सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ।
१२. शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन। एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट पेश गर्न पाईने छैन।
१३. बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ। त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।
१४. थप जानकारीको लागि यस गाउँपालिकाको स्वास्थ्य शाखा साथै लेखामा सर्म्पक राख्न सकिनेछ।
१५. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।

| सि.नं | ठे.नं. | विवरण | लागत अनुमान मु.अ.कर बाहेक | जमानत रकम | वोलपत्र दस्तुर | वोलपत्र खरिद , दाखिला गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | NCB/IRM/ 34/076/077 | स्यानिटरी प्याड सामान सप्लाई | १०६१९४३।३६ | ३६०००। | १०००। | २०७७/०२/०९, १२ बजे | २०७७/०२/०९ १३ बजे | |

प्रमुख प्रशासकीय अधिकृत



नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना

**पानी परीक्षणका लागि आवश्यक पर्ने उपकरण एवं रासायनिक केमिकल खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७७/०१/२५

यस आयोजनाबाट पानी परीक्षणका लागि आवश्यक पर्ने उपकरण एवं रासायनिक केमिकल खरिद कार्य गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र प्रयोगशाला सम्बन्धी उपकरण र रसायन आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक बोलपत्रदाताहरुले फिर्ता नहुने गरी बोलपत्र दस्तुर रु. ३०००।- (तीनहजार रुपैयां) बुझाई सोको सक्कल रसिद सहित लिखित निवेदनको साथमा चालु आ.व.को लागि नविकरण भएको बोलपत्रदाताको कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाणपत्र र मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्रहरुको प्रतिलिपीहरु संलग्न राखी यस आयोजनामा निवेदन पेश गरी बोलपत्र खरिद गर्न सकिनेछ।

१) खरिद गरिएका बोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन को १२:०० बजेभित्र यस आयोजनामा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ।
२) बोलपत्र फाराम साथ जमानत बापतको रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय सुर्खेत शाखामा कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको धरौटी खाता नं. ४०८०२०३००००००० र कार्यालय कोड नं. ३१३०१६८०१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क श्रेणीको कुनै वाणिज्य बैंकबाट यस आयोजनाको नाममा जारी भएको सक्कल विडवण्ड (बैंक ग्यारेन्टी) संलग्न गर्नु पर्नेछ।
३) दर्ता हुन आएका शिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजेपछि खोलिने छ। तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खोलेको दिन कार्यालय समयमा बोलपत्र खरिद गर्न, दाखिला गर्न र खोलिने छ।
४) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोजनामा सुरक्षित रहने छ। रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन। बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्ने छ। अंक र अक्षरमा फरम परेमा अक्षरलाई मान्यता दिइनेछ।
५) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछ।
६. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा प्रचलित कानून अनुसार हुनेछ। बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस आयोजनाको फोन नं. ०८३ ५२३२४८ र आयोजनाको इमेल fwssmp.surkhet@gmail.com मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/दरभाउपत्र नम्बर | सामान/उपकरणको नाम | आवश्यक संख्या | कुल लागत अनुमान (मु.अ.क. र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम रुपैया र मान्य अवधि |
|---|---|---|---|---|---|
| FWSSMP/1/2076/77 | पानी परीक्षणका लागि आवश्यक पर्ने उपकरण एवं रासायनिक केमिकल | बोलपत्रमा तोकिए बमोजिम | ४५,६६,०६५।०० | ३,०००।- | १,१५,०००।०० (१२० दिन) |



प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय

**प्रदेश स्वास्थ्य आपुर्ति व्यवस्थापन केन्द्र, बुटवल**

**COVID-19 को व्यवस्थापन सामाग्री (N95 Mask) खरिद सम्बन्धी अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मिति : २०७७।०१।२५
Contract No: P5/PHLMC/Covid-19 (N95 Mask)/076-077

Covid-19 को रोकथाम तथा व्यवस्थापनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को विशेष परिस्थितिमा खरिद गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म, कम्पनी आपूर्तिकर्ताहरुले सामाजिक विकास मन्त्रालयको वेवसाइट http://mosd.p5.gov.np/ बाट Bid Document डाउनलोड गरी सक्षम आपूर्तिकर्ताले रु. १०००।०० राजस्व भौचर जम्मा र रु. ४६०००।०० को Bid Security सहित आफ्नो स्वच्छ र उचित मूल्यको प्रस्ताव सहित मिति २०७७।०१।३१ गते दिनको १०:१५ देखी दिउसो १२:०० बजे यस केन्द्रको email: prov5.lmc@gmail.com मा ईमेल मार्फत Bid Document पेश गर्नुपर्नेछ। निर्धारित समय भन्दा बाहेक पेश भएका इमेललाई समावेश गरिने छैन। निर्धारित समयमा ईमेलबाट प्राप्त भएका प्रस्तावहरु मिति २०७७।०१।३१ दिउँसो १:०० प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, रुपन्देहीमा खोलीने छ।

**नोटः यस सम्बन्धि थप जानकारी लागि टेलिफोन नं. ०७१-५३०३०४ वा ईमेल prov5.lmc@gmail.com मा सम्पर्क गर्नुहुन।**

निर्देशक



**Melamchi Municipality**
**Office of the Municipal Executive**
Melamchi, Sindhupalchok

**Invitation for Sealed Quotations of**
**Sealed Quotation No: MMSI/WORKS/PT/2076/77-01**

**First Date of Publication: 2077/1/25**

1. The Melamchi Municipality invites sealed quotations for the construction of public toilet in ward No.3 of Melamchi Municipality.
2. Sealed Quotations must be submitted at the office of the Municipal Executive, Melamchi, Sindhupalchok before **12:00 noon** on **2077/02/9**, Documents received after this deadline shall not be accepted.
3. Sealed Quotations will be opened in the presence of Bidders' representatives who choose to attend at **Melamchi Municipality,** on **13:00 Hrs on 2077/02/9.** Sealed quotation must be valid for a period of **45 days** after sealed quotation opening and must be accompanied by bid security, amounting to a NRs.30,000.00 which shall be valid for 30 days beyond the sealed Quotation validity period or If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in deposit account No.**16803000000003000004 of Melamchi Municipality at Nepal Bank Ltd.,** and submit bank deposit voucher along with the sealed quotation.
4. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day. The details of works as follows.

| SN | Description of Works | Estimated Amount (Inclusive VAT) | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| 1 | Construction of Public Toilet MMSI/WORKS/PT/2076/77-01 | NRs. 1012048.97 | NRs. 30,000.00 | NRs.1,000.00 |

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Administrative officer





# पहिले डिस्चार्ज भइसकेका तीनजनामा फलोअप परीक्षण गर्दा कोरोना जीवाणु जीवित

## देशभर कोरोना संक्रमित ९९ पुगे, दुई महिने शिशुमा संक्रमण

**अर्जुन अधिकारी/नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

नेपालमा दुई महिनाको शिशुलाई कोरोना भाइरस संक्रमण पुष्टि भएको छ। यसअघि नेपालगन्जमा सात वर्षीया बालिकामा कोरोना संक्रमण देखिएको थियो। बुधबार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा भएको परीक्षणमा दुई महिनाको शिशुसहित १७ जना नयाँ संक्रमित थपिएका छन्। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा.विकास देवकोटाले पर्साका १७ जना नयाँ संक्रमित थपिएसँगै नेपालमा कोरोनाबाट संक्रमण हुनेको संख्या ९९ पुगेको जानकारी दिए। बुधबार थपिएकामा सात महिला र १० पुरुष छन्।

यसअघि निको भएर घर गएकामध्ये तीनजनाको पुनः पिसिआर परीक्षण गर्दा कोरोना भाइरसको जीवाणु जीवित रहेको पाइएको छ। फलोअप परीक्षणमा पिसिआर विधिबाट परीक्षण गर्दा ११ वैशाखमा घर गएका पेप्सीकोलाका ५८ वर्षीय पुरुष, १४ वैशाखमा डिस्चार्ज भएका रौतहटका १९ वर्षीय र ४४ वर्षीय पुरुषमा पुनः कोरोनाको संक्रमण देखिएपछि उनीहरूलाई अस्पताल भर्ना गरिएको छ। रौतहटका दुईजनालाई नारायणी अस्पताल वीरगन्ज र पेप्सीकोलाका पुरुषलाई पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गरिएको छ।

हालसम्म संक्रमित हुनेहरू दुई महिनादेखि ८१ वर्ष उमेर समूहका छन्। संक्रमित हुनेमा पुरुष ७१ र महिला २८ जना छन्। स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीका अनुसार प्रदेश १ मा ३१, प्रदेश २ मा ३०, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा दुई, प्रदेश ५ मा २४ र सुदूरपश्चिम प्रदेशमा पाँचजना संक्रमित देखिएका छन्। कर्णाली प्रदेशमा अहिलेसम्म कोरोना संक्रमित देखिएका छैनन्। बुधबारसम्म आरटी पिसिआर परीक्षण १४ हजार ९६ र आरडिटी परीक्षण ५२ हजार नौ सय ७० जनाको गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

संक्रमितमध्ये विराटनगरमा उपचाररत ६ जना बुधबार डिस्चार्ज भएका छन्। योसँगै डिस्चार्ज हुनेको संख्या २२ पुगे पनि तीनजनामा पुनः संक्रमण देखिएपछि अस्पताल भर्ना भएका छन्। सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले पुनः संक्रमण हुँदा जोखिम कम हुने बताए। 'यो नयाँ व्यक्तिबाट सरेको होइन, उनीहरूको शरीरमा भाइरस बाँकी नै छ भन्ने देखियो, तर अब पहिलाजस्तो डराउनुपर्ने अवस्था छैन,' उनले भने। तीनजनाबाट अरूमा सर्ने अवस्था नभए पनि सचेत भने बन्नुपर्ने डा. पुनको भनाइ छ।

### नेपालमा कोरोनाको अवस्था

| | |
|---|---|
| आरटी पिसिआर परीक्षण | १४०९६ |
| आरडिटी परीक्षण | ५२९७० |
| पोजेटिभ केस | ९९ |
| निको भएर घर गएका | १९ |
| अस्पतालमा उपचाररत | ८० |
| आइसोलेसनमा | १३६ |
| क्वारेन्टाइनमा | १९७३४ |

**चौथो चरणको लकडाउनमा कति परीक्षण भयो, कति संक्रमित भए ?**

■ पहिलो केस

| | |
|---|---|
| ९ माघ २०७६ | १ |
| ९ चैत २०७६ | १ |
| परीक्षण | ६१० |
| पोजेटिभ | २ |

■ पहिलो लकडाउन (११–१७ चैत)

| | |
|---|---|
| परीक्षण | ३०७ |
| पोजेटिभ | ३ |

■ दोस्रो लकडाउन (१८ चैत २ वैशाख)


| | |
|---|---|
| परीक्षण | ५९५४ |
| पोजेटिभ | ११ |

■ तेस्रो लकडाउन (३–१५ वैशाख)

| | |
|---|---|
| परीक्षण | ३५४८ |
| पोजेटिभ | ३६ |

■ चौथो लकडाउन (१६–२५ वैशाख)

| | |
|---|---|
| परीक्षण | ३६७७ |
| पोजेटिभ | ४७ |



## वीरगन्जका एकै परिवारका १७ जनामा कोरोना संक्रमण पुष्टि

**तिवारी यादव/नयाँ पत्रिका**
**वीरगन्ज, २४ वैशाख**

पर्सामा एकै परिवारका १७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। वीरगन्ज महानगरपालिका-३ छपकैयाका ३६ वर्षीय पुरुषमा कोरोना संक्रमणको पुष्टि भएको थियो। बुधबार संक्रमण पुष्टि भएका सबै उनकै परिवारका सदस्य हुन्। उनका बाबु, आमा, दाजु, भाइ, भाउजू, छोरा र भतिजामा संक्रमण पुष्टि भएको हो।

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.मदन उपाध्यायले आइतबार कोरोना संक्रमण पुष्टि भएकाको परिवारका सदस्य र सम्पर्कमा रहेका गरी ३२ जनाको स्वाब संकलन गरी पिसिआर परीक्षणका लागि गत सोमबार काठमाडौंको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाएको जानकारी दिए। उनका अनुसार परीक्षणका लागि पठाइएकामध्ये १७ जनाबाहेक सबैको निगेटिभ रिपोर्ट आएको छ।

### ■ संक्रमित सबै अस्पतालमा

पिसिआर रिपोर्ट पोजेटिभ आएका १७ जनालाई बुधबार साँझ भर्ना गरिएको नारायणी अस्पतालले जनाएको छ। वीरगन्जमा मात्रै कोरोना संक्रमितको संख्या २४ पुगेको छ। तीमध्ये वीरगन्जका २१ र तीनजना भारत उत्तर प्रदेश र दिल्लीका जमाती हुन्। वीरगन्ज-३ छपकैयामा मात्रै संक्रमितको संख्या १९ पुगेको छ। वीरगन्ज-२ छपकैया र इनर्वाका एक/एकजना छन्। २४ संक्रमितमध्ये दुईजना भारतीय डिस्चार्ज भइसकेका छन्। २२ जनाको अस्पतालको आइसोलेसन वार्डमा उपचार भइराखेको छ। नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.मदन उपाध्यायले वीरगन्जमा एउटै परिवारमा संक्रमण पोजेटिभ देखा परेपछि चुनौती थपिएको बताए। अब वीरगन्जमा पनि पिसिआर परीक्षणको दायरा बढाउन आवश्यक रहेको उनको भनाइ छ। नारायणी अस्पतालका २५ बेड सबै बिरामीले भरिएको उपाध्यायले बताए।

### ■ वीरगन्जवासीमा त्रास, संक्रमित भेटिएका वडा सिल

छपकैयाका एकै परिवारका १७ जनामा कोरोना संक्रमण पुष्टि भएपछि वीरगन्जवासीमा त्रास फैलिएको छ। स्थानीय सन्दीप यादवले वीरगन्जमा एकैपटक धेरै संख्यामा संक्रमित भेटिएपछि गाउँमा त्रास फैलिएकाले मुख्य सडकमा बाहिरका व्यक्तिलाई प्रवेशमा रोक लगाउँदै अवरोध गर्न थालिएको बताए। छपकैयामा घरबाहिर मानिस निस्कन छाडेका छन्। नगरको छपकैया, मुर्ली, लक्ष्मणवा, इनर्वा, श्रीपुरलगायत स्थानमा बाहिरका व्यक्तिलाई आवागमनमा रोक लगाइएको स्थानीयको भनाइ छ।

छपकैयामा सबैभन्दा बढी कोरोना संक्रमित भेटिएपछि वडालाई सिल गरिएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले जानकारी दिए। विगतजस्तै एउटै वडामा बढी संक्रमण भेटिएकाले थप फैलन नदिने गरी छपकैया टोलमा बिहीबारदेखि अर्को व्यवस्था नहुन्जेलसम्म पूर्णरूपमा सिल भएको उनको भनाइ छ। 'वीरगन्जसहित जिल्लाका विभिन्न स्थानमा विगतभन्दा बढी कडाइ गरिएको छ,' उनले भने, 'जिल्ला प्रशासन कार्यालयबाट पास लिएकाहरू मात्र बाहिर आवतजावत गर्न पाउने व्यवस्था मिलाइएको छ।'

## लकडाउन आंशिक खुकुलो

### राजमार्गमा थोरै होटल सञ्चालन हुने, वर्कसप खोल्न दिने निर्णय

**नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

लकडाउन लामो समय लम्बिने भएपछि सरकारले आर्थिक क्षेत्रमा केही लचकता अपनाएको छ। थप १० दिन लकडाउन लम्ब्याउने निर्णय गरेको सरकारले उद्योग र अन्य केही व्यवसाय सञ्चालन गर्न दिने निर्णय गरेको हो। सरकारले आगामी १८ जेठसम्म सीमा बन्द गर्ने निर्णय गरेको छ। सो अवधिसम्म राष्ट्रिय/अन्तर्राष्ट्रिय उडान बन्द गर्ने निर्णय गरेको छ। यसअघि ३१ वैशाखसम्म यस्तो निर्णय भएको थियो।

बुधबारको मन्त्रिपरिषद् बैठकले आगामी ५ जेठसम्म लकडाउन लम्ब्याएर विभिन्न क्षेत्र सञ्चालन गर्ने निर्णय गरेको छ। बैठकले राजमार्ग र सहायक राजमार्गमा स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गरेर होटेल/रेस्टुरेन्ट, वर्कसप तथा पेट्रोल पम्प सञ्चालन गर्न दिने निर्णय गरेको हो। तर, कम्तीमा ५० किलोमिटरको दूरीमा मात्र यस्ता होटेलहरू खोल्न पाइनेछ। जहाँ खानाको प्याकेट मात्र बेच्न पाइनेछ।

'खासगरी ढुवानीका साधन लिएर हिँड्नुपर्ने चालकहरू तथा अति आवश्यकीय काममा हिँड्नुपर्ने व्यक्तिहरूका लागि सेवा प्रवाह गर्न जरुरी भएकाले राजमार्ग र सहायक राजमार्गमा कम्तीमा ५० किलोमिटरको दूरीमा सम्बन्धित स्थानीय तहले तोकेको स्थानमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको मापदण्ड लवलम्बन गरी सवारीसाधन मर्मत गर्ने वर्कसप, पेट्रोल पम्प र खानाको प्याकेट मात्र बिक्री गर्ने गरी होटेल/रेस्टुरेन्ट सञ्चालन गर्ने व्यवस्था स्थानीय प्रशासनले मिलाउने निर्णय भएको छ,' अर्थ तथा सञ्चारमन्त्री डा.युवराज खतिवडाले बुधबार आयोजित पत्रकार सम्मेलनमा भने। तर, होटेल/रेस्टुरेन्टमा पाँचजनाभन्दा धेरैको भिड गर्न पाइने छैन।

कुनकुन ठाउँका होटेल सञ्चालन गर्न दिने सम्बन्धित जिल्लाको प्रशासन तथा स्थानीय तहले तय गर्नेछ। बैठकले विभिन्न किसिमका उद्योगहरू तथा विकास निर्माणका काम सञ्चालन गर्न दिने निर्णय गरेको छ। उद्योगलाई स्यानिटाइज गरी त्यहाँ काम गर्ने कामदारको स्वास्थ्य परीक्षण गर्ने र सबैलाई एकैठाउँमा राख्नुपर्ने भएको छ। निर्माण सामग्री ओसारपसारमा पनि अनुमति दिइएको छ।

### ■ ढुवानी सेवाका चालकहरूको विवरण राखिने

ढुवानीका साधनमा आवतजावत रोक्न नाकामा चालक तथा सहचालकको विवरण राखिने भएको छ। ढुवानी सेवा खुलेसँगै ती सवारीसाधनमा यात्रु चढ्न सक्ने भएकाले नाकाबाट बाहिरिने र भित्रिने क्रममा थप व्यक्ति सवारीसाधनमा बस्न पाउने छैनन्। कसैले यात्रु राखेमा त्यस्ता सवारीसाधन नियन्त्रणमा लिई कारबाही गरिने मन्त्री खतिवडाले बताए। एम्बुलेन्स दुरुपयोग हुन नदिन पनि निगरानी गर्ने सरकारको निर्णय छ।

### ■ पुस्तक पसल खोल्न पाइने

सवारीसाधन बनाउने वर्कसप पनि बिहीबारदेखि सञ्चालन गर्न पाइने भएको छ। तर, बढीमा पाँचजनासम्म मात्र कामदार उपस्थित हुन पाउनेछन्। स्थानीय तहले नियमन गर्ने गरी वर्कसप सञ्चालन गर्न दिने निर्णय भएको हो। त्यस्तै, प्लम्बिङ तथा इलेक्ट्रिकल व्यवसाय पनि खोल्न पाइने मन्त्री खतिवडाले बताए। पुस्तक पसल खोल्न पाइने र पुस्तकको ढुवानीसमेत खुला गरिएको छ।

## कोरोना कहर : बर्थिङ सेन्टरमा सुत्केरी गराउन जाने घटे



लकडाउनकै वेला घरमा सुत्केरी भएकी श्याम सदा नवजात शिशुका साथमा

**सुरेन्द्रकुमार कामती/नयाँ पत्रिका**
**सिराहा, २४ वैशाख**

सिराहा नरहा गाउँपालिका-५ तिलकपुर मुसहरीकी श्याम सदा गत ९ वैशाखमा घरमै सुत्केरी भइन्। विपन्न दलित मुसहर समुदायकी उनले यसअघि पनि घरमै दुई सन्तानलाई जन्माएकी थिइन्। उनी मात्र होइन, मुसहरीका रेवनी सदा, दशनी सदा, कारी सदा र प्रमिला सदा घरमै सुत्केरी भए। कोरोना भाइरस (कोभिड-१९) को महामारीका कारण सिराहामा गर्भवती महिला प्रसूति गराउन स्वास्थ्य केन्द्र जान छाडेका छन्। लकडाउनअघि धेरै महिला स्वास्थ्य केन्द्रमा पुग्ने गरे पनि डेढ महिनायता बर्थिङ सेन्टरमा प्रसूति गराउनेको संख्यामा कमी आएको छ।

कोरोनाको संक्रमणको डरले घरमै प्रसूति गराउनेको संख्या बढ्न थालेको छ। सिराहा नगरपालिका, कल्याणपुर नगरपालिका, विष्णुपुर गाउँपालिका, अर्नामा गाउँपालिका, नरहा गाउँपालिकामा सञ्चालनमा रहेको बर्थिङ सेन्टरमा लकडाउनको अवधिमा प्रसूति गराउनेको संख्यामा कमी आएको छ। लकडाउन सुरु हुनुअघि सिराहा अस्पतालमा तीन सय २९ जना प्रसूति गराउन पुगेका थिए। तर, लकडाउनपछि प्रसूति गराउनेको संख्यामा कमी आएको अस्पतालले जनाएको छ। गत पुसमा ३९, माघमा ४०, फागुनमा २७ र चैतमा २० जनाले मात्रै प्रसूति गराएको सिराहा अस्पतालसँग तथ्यांक छ।

नरहा गाउँपालिका-४ बर्छवामा एउटा बर्थिङ सेन्टर छ। चालू आर्थिक वर्षको चैतसम्म २० र गत आर्थिक वर्षमा २७ जनाले प्रसूति गराएको तथ्यांक सेन्टरसँग छ। चालू आर्थिक वर्षमा ६ जना घरमै सुत्केरी भएका छन्। नरहा गाउँपालिकामा चैतमा एकजना गर्भवती महिला मात्र प्रसूति गराउन स्वास्थ्य केन्द्र पुगेका थिए।

विष्णुपुर गाउँपालिकामा चैतसम्म ५१ जना बर्थिङ सेन्टर पुगेर सुत्केरी भएका छन्। लकडाउन अवधिमा सातजना सुत्केरी गराउन आएको स्वास्थ्य संयोजक रामसेवक रायले बताए। 'सरदर १६/१७ जना आउने गरेकोमा अहिले कमी आएको छ,' रायले भने, 'डरले कतिपय गर्भवती बर्थिङ सेन्टर आउन सकेका छैनन्।'

सिराहाको खिरौनामा रहेको बर्थिङ सेन्टरमा चैतमा २३ जनाले प्रसूति गराएका छन्। अर्नामा गाउँपालिकामा दुईवटा बर्थिङ सेन्टर छ। दुवै बर्थिङ सेन्टरमा एक सय ४७ जनाले प्रसूति गराएका छन्। फागुनमा २२ र चैतमा १५ जना मात्रै सुत्केरी गराउन आएको अर्नामा गाउँपालिकाका स्वास्थ्य संयोजक रामकुमार महतोले बताए।

कोरोना भाइरसको संक्रमणको जोखिमले गर्दा प्रसूति गराउन स्वास्थ्य केन्द्र पुग्नेको संख्यामा कमी आउन थालेको चिकित्सकहरूको भनाइ छ। नवराजपुर गाउँपालिकाका स्वास्थ्य संयोजक द्वारिकलाल कामतीले गर्भवती महिलाहरू नियमित चेकजाँच र प्रसूति गराउन जाने क्रम न्यून भएको बताए। सिराहा अस्पतालका निमित्त प्रमुख डा.दिलीप सदा स्वास्थ्य केन्द्रमा प्रसूति गराउनेको संख्यामा निकै कमी आएको बताउँछन्। 'गाह्रो हुनेहरू अस्पताल आउँछन्,' सदाले भने, 'घरमै सुत्केरी गराउनेमा दलित समुदायका बढी छन्।'

घरमै सुत्केरी गराउँदा तत्काल दिनुपर्ने सुईबाट शिशु र आमा वञ्चित हुने गरेका छन्। घरमै सुत्केरी भएपछि आमालाई दिइने 'अक्सिटोसिन इन्जेक्सन'बाट उनीहरू वञ्चित हुने भएकाले कालान्तरमा पाठेघरमा समस्या आउन सक्ने सिराहा अस्पतालका चिकित्सक डा. अखिलेश चौधरीले बताए। 'बढी रगत नबगोस् र पाठेघर खुम्चिन सजिलो हुन इन्जेक्सन दिनुपर्छ,' उनले थपे। अरूवेला प्रसूति गराउन सामान्य सवारीसाधनमा अस्पताल आउने गरे पनि अहिले एम्बुलेन्समा आउनुपर्ने बाध्यताले गर्दा घरमै प्रसूति गराउने बढेको उनको भनाइ छ।

### साइबर ब्युरो गठनको एक वर्ष

## ठूला घटनामा असफलता, सामाजिक सञ्जालमा गालीगलौजविरुद्ध सक्रिय

**नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

साइबर अपराध नियन्त्रण गर्न गठित नेपाल प्रहरीको साइबर ब्युरो फेसबुकमा गालीगलौज गर्नेलाई पक्राउमा सीमित भएको छ। स्थापनाको एक वर्ष हुँदा पनि ब्युरोले संगठित किसिमका साइबर अपराधको अनुसन्धानमा एउटै सफलता पाउन सकेको छैन।

गत वर्ष वैशाखदेखि नेपाल प्रहरीमा साइबर र मानव बेचबिखन अनुसन्धान ब्युरोका गरी दुईवटा विशिष्टीकृत ब्युरोको औपचारिक स्थापना भएको थियो। डिआइजीको कमान्डमा स्थापना भएको ब्युरोले उद्देश्यअनुसार सफलता पाउन सकेको छैन। एक वर्षको अवधिमा ब्युरोले ४५ वटा मुद्दा दायर गरेको छ। त्यसमध्ये सबैजसो सामाजिक सञ्जालसँग सम्बन्धित छन्। सामाजिक सञ्जालबाट हुने गालीगलौज, चरित्रहत्या, फेसबुक तथा इन्स्टाग्राम अकाउन्ट ह्याकिङसम्बन्धी मुद्दा दायर भएका छन्।

ब्युरोले १ साउन २०७६ मा पहिलो मुद्दा दायर गरेको थियो। इमोमार्फत गोप्य तस्बिर सार्वजनिक गरेको अपराध ब्युरोको पहिलो मुद्दा थियो। पछिल्लोपटक ब्युरोले पूर्वसचिव भीम उपाध्याय तथा पत्रकार दीपक पाठकलाई पक्राउ गरी मुद्दा चलाएको थियो। दुवैजना धरौटीमा छुटेका छन्।

### एक वर्षमा १८ सय उजुरी धेरै पीडित महिला

एक वर्षको अवधिमा ब्युरोमा एक हजार आठ सयभन्दा धेरै उजुरी परेका छन्। आर्थिक वर्ष २०७५/७६ मा तीन सय ५७ वटा उजुरी परेका थिए। यो आर्थिक वर्षमा एक हजार चार सय ६८ वटा उजुरी परेका छन्। धेरैजसो उजुरी महिलाका छन्। १ साउनदेखि १५ वैशाखसम्म परेका एक हजार ६८ उजुरीमध्ये आठ सय ३१ जना महिला तथा पाँच सय ९९ जना पुरुष पीडित छन्। ३७ वटा संस्थागत उजुरी परेका छन्। पीडित महिला धेरै भए पनि प्रतिवादीहरूको संख्या भने धेरै पुरुषको छ। १८ वर्षभन्दा मुनिका पीडितको संख्या ५८ छ। उजुरी परेकामध्ये थोरैमा मात्र मुद्दा दर्ता हुने गर्छ। पक्राउ परेका कतिपयलाई सम्झाएर प्रहरीले छाडिदिने गरेको छ।

### लकडाउनमा दैनिक ६ उजुरी

लकडाउनका वेला साइबर अपराधसम्बन्धी उजुरी बढेका छन्। ११ चैतदेखि १५ वैशाखसम्म एक सय ८९ जनाले उजुरी गरेको ब्युरोले जनाएको छ। जसअनुसार औसतमा दैनिक ६ वटा उजुरी पर्ने गरेका छन्। त्यसमध्ये धेरैजसो फेसबुकसम्बन्धी नै छ। एक सय ८२ वटा फेसबुकसम्बन्धी, तीनवटा युट्युब, एउटा इन्स्टाग्राम तथा तीनवटा वेबसाइट ह्याकिङसम्बन्धी उजुरी परेका छन्। फेसबुकमा चरित्रहत्या गरेको तथा कोरोना भाइरससम्बन्धी गलत सूचना सम्प्रेषण गरेको उजुरी यतिवेला धेरै परेका छन्। लकडाउनको अवस्थामा धेरैजसो उजुरीहरू अनलाइनमार्फत पर्ने गरेका छन्।

### ठूला अपराधको अनुसन्धान रहस्यमै


एक वर्षको अवधिमा ब्युरोले एउटै पनि ठूला घटनाको अनुसन्धान गर्न सकेको छैन। भायोनेटका ग्राहकहरूको विवरण एक महिनाअघि ह्याक भएको थियो। त्यो घटनामा ब्युरोले सफलता पाउन सकेको छैन। नेपालमा एटिएम ह्याकिङमा संलग्न चिनियाँ गिरोहलाई गत भदौमा काठमाडौं प्रहरीले पक्राउ गरेको थियो। उनीहरू हाल जेलमा छन्। उनीहरूले कसरी ह्याकिङ गरे भन्ने अहिलेसम्म अनुसन्धान टुंगिएको छैन। उनीहरूले एटिएमको सिस्टम नै ह्याक गरेका थिए। अन्य केही वेबसाइट ह्याकिङ तथा साइबर ठगीका घटना पनि महिनौंदेखि अनुसन्धानमा छ।

प्रहरी प्रवक्ता डिआइजी निरज शाही साइबरसम्बन्धी अपराधको अनुसन्धान अलि जटिल हुने भएकाले समय लाग्ने बताउँछन्। ब्युरोले साइबर अपराध नियन्त्रणमा सक्रियता बढाइरहेको उनको भनाइ छ।

### न ऐन, न नियमावली

संसद्मा विचाराधीन रहेको सूचना प्रविधि विधेयकमा साइबर ब्युरो स्थापना गर्ने उल्लेख छ। सो विधेयकमा ब्युरोको जिम्मेवारी तोकिएको छ। केही विवादास्पद प्रावधानका कारण सो विधेयक पास हुन सकेको छैन। त्यस्तै, ब्युरोको नियमावलीसमेत पास भइसकेको छैन। नियमावली पास नहुँदा ब्युरोले आफैं मुद्दा चलाउनसमेत पाएको छैन। महानगरीय प्रहरी वृत्त दरबारमार्गमार्फत उसले मुद्दा चलाउँदै आएको छ।

स्रोतसाधन तथा तालिम पर्याप्त नहुँदा पनि ब्युरोले अपेक्षाकृत काम गर्न नसकेको एक प्रहरी अधिकृत बताउँछन्।




'यहाँ सरुवा हुन कोही चाहँदैनन्,' ती प्रहरी भन्छन्, 'संगठनले नै ब्युरोलाई बलियो बनाउनेतर्फ ध्यान दिन सकेको छैन।' साइबर अपराधबारे जानकारी नै नभएका प्रहरीको ब्युरोमा सरुवा हुने गरेको छ। उनीहरूले केही अनुभव पाइसकेपछि अन्यत्र सरुवा हुने गरेको छ। नेपाल अन्तर्राष्ट्रिय ह्याकरको केन्द्र बन्दै गएको तथा साइबर सुरक्षासम्बन्धी ज्ञान कमजोर भएकाले साइबर अपराधको उच्च जोखिममा रहेको ब्युरोका एक प्रहरी बताउँछन्। ब्युरोलाई विशिष्टीकृत सेवाका रूपमा सरकारले नै अघि बढाउनुपर्ने प्रहरीको भनाइ छ।

## बलात्कार आरोपमा भारतीय नागरिक पक्राउ

**नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

लकडाउनको मौका छोप्दै घरेलु कामदार बलात्कार गरेको अभियोगमा प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा ४६ वर्षीय रमाकान्त सरावगी रहेका छन्। महानगरीय प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरी टोलीले उनलाई जैसीदेवलबाट पक्राउ गरेको हो। उनीमाथि बाग्लुङकी १८ वर्षीया एक किशोरीलाई पटकपटक बलात्कार गरेको आरोप छ।

महानगरीय परिसरका प्रवक्ता एसपी सोमेन्द्रसिंह राठौरले पीडित किशोरीको जाहेरीपछि सरावगीलाई पक्राउ गरेको जानकारी दिए। 'बलात्कार अभियोगमा एक भारतीय नागरिक पक्राउ परेका छन्। घरेलु कामदारका रूपमा राखिएका एक किशोरीमाथि उनले पटकपटक बलात्कार गरेको अनुसन्धानबाट खुलेको छ। घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको छ,' उनले भने।

प्रहरीका अनुसार पीडित किशोरीलाई सरावगीले गत फागुनमा घरेलु मजदुरका रूपमा राखेका थिए। जैसीदेवलमा बस्ने उनले किशोरीलाई मासिक आठ हजार रुपैयाँ दिने प्रलोभन दिएका थिए। सरावगी कुकुरका सोखिन थिए। उनले घरमा ६ वटा कुकुर पालेका थिए। तिनै कुकुरको स्याहार गर्न भन्दै उनले किशोरीलाई काममा राखेका थिए।

किशोरी काठमाडौंमा धर्मदाजुको परिवारसँगै बस्दै आएकी छिन्। घरको आर्थिक अवस्था कमजोर भएकाले उनले सरावगीको प्रस्ताव स्वीकार गरेकी थिइन्। काममा राखेको तीन दिनपछि नै सरावगीले आफूमाथि यौन शोषण सुरु गरेको उनले प्रहरीलाई बयान दिएकी छिन्। आफूमाथि अत्याचार हुँदा पनि सुरुसुरुमा उनले घटना गुपचुप नै राखेकी थिइन्। तर, सरावगी झन्झन् आक्रामक भएर प्रस्तुत हुन थालेपछि किशोरी काम छाडेर आफ्नै कोठामा फर्केकी थिइन्। अचानक काम छाडेर उनी फर्केपछि परिवारले उनीसँग सोधपुछ गरेका थिए। उनले काममा लगाउने सरावगीबाट आफू पटकपटक बलात्कार भएको तथ्य खोलेपछि धर्मदाजुका परिवारले प्रहरीमा जाहेरी दिन सुझाव दिएका थिए। त्यसपछि किशोरीले कालीमाटीस्थित महिला सेलमा सरावगीविरुद्ध जोहरी दिएकी थिइन्। त्यसलगत्तै प्रहरीले उनलाई पक्राउ गरेको हो।

बलात्कार आरोपी सरावगीलाई अहिले काठमाडौं प्रहरी परिसरको हिरासत कक्षमा राखिएको छ। 'उनले किशोरीलाई पटक-पटक बलात्कार गरेको देखिन्छ। किशोरीको मेडिकल परीक्षण भइसकेको छ। रिपोर्ट पनि पोजेटिभ नै आएको छ। अनुसन्धानलगत्तै अब सरकारी वकिल कार्यालयमा मुद्दा पेस हुनेछ,' एसपी राठौरले भने।





नयाँ पत्रिका सम्पादकीय

# किसानलाई बचाऊ

नेपालले दशकौँदेखि कृषिलाई व्यवसायीकरण गर्ने नारा लगाइरहेको छ। व्यवसायीकरणको अर्थ अन्नबाली लगाएर भकारी भर्ने र आफूलाई पुगेर रहेको बेच्ने परम्परागत कृषिबाट फड्को मार्ने भनिएको हो। यस्तो फड्को, जसले किसानलाई सबैभन्दा बढी आयस्ता गर्ने बाली लगाउन र त्यसलाई बजारमा लगेर बिक्री गरी आम्दानी बढाउने अवसर दिन्छ। धान लगाउने खेतमा खुर्सानी लगाएर बेच्दा बढी आयस्ता हुन्छ भने धानै लगाउनुपर्ने कारण हुँदैन, खुर्सानी लगाएर पैसा कमाऊ र चाहिएको धानचामल बजारबाट किन। मकै, कोदोको ठाउँमा तरकारी लगाऊ या फलफूल। कुखुरा पाल या सुँगुर, तर नाफा कमाऊ। यसका लागि सिँचाइ, ऋण, बिउ या मलको व्यवस्थामा सरकारको सहयोग र बैंक उपलब्ध छन्। सरकारले यही नारा लगाउँदै आयो। केही लगानी पनि गरियो। पहिले-पहिले डोकोमा राखेर सामान बजार पुऱ्याउने किसान अब ट्रक या ट्र्याक्टरमा सामान लिन आउनेलाई भार थमाएर पैसा लिने भए। बजार विस्तार हुँदै किसानसम्म बारीमै पुग्यो। मोलतोल गऱ्यो। किसान पहिलेको तुलनामा नगद आम्दानी बढ्दै जाँदा खुसी भए। तर, जहिले पनि तिनका हातमा त्यति मात्र पैसा पऱ्यो, जति बजारले दिन्छ। किसानका हकमा जहिले पनि विक्रेता होइन, क्रेताले निर्धारण गर्ने मूल्य निर्णायक भयो। उत्पादक मूल्य सुन्दा खिस्रिक्क पर्ने र उपभोक्ता झस्किने तर दुवैतिर व्यापारीचाहिँ मख्ख पर्ने परम्परा बन्यो। यता लकडाउनले नेपाली किसानको उत्पादन बजार कस्तो छ र हामी कसरी भारतीय व्यापारीको चंगुलमा परेको छौँ भनेर छर्लङ्गै देखाएको छ। लकडाउन सुरु भएपछि नेपाली किसानको उपज बारीमै सडिरहेको, बजार पुग्नुपर्ने खेतीमा डोजर चलाइएको दृश्य एकातिर छ भने अर्कोतिर यही लकडाउनको समयमा भारतबाट चार अर्बभन्दा बढीको तरकारी आयात भएको छ। चितवनका किसानको उपज काठमाडौं आउने उपाय छैन, तर भारत मोतीहारीबाट सहजै आइरहेको छ। व्यापारीको भनाइलाई आधार मान्दा भारतीय तरकारी काठमाडौंको बजारसम्म ल्याउने, थोक र खुद्रा व्यापारीसम्म पुग्ने जुन च्यानल छ, त्यो अहिले पनि सक्रिय छ। तर, काभ्रे या धादिङ र झापाको तरकारी काठमाडौं आउने सबै च्यानल बन्द छन्। सरकारले तरकारी आपूर्तिलाई अत्यावश्यक वस्तुभित्र राखेर यसको ओसारपसारमा कुनै रोक लगाएको छैन। तर, कालिमाटीका व्यापारी भारतीय बिचौलियालाई फोन गरेर तरकारी मगाउन जति सहज अनुभव गर्छन्, त्यति गजुरीको तरकारी सहकारीसँग गर्दैनन्। यसको अर्थ हुन्छ, हाम्रो तरकारी बजार अझै पनि भारतीय व्यापारीको नियन्त्रणमा छ। नेपाली किसानको उपज बजारसम्म पुऱ्याउने बिचौलिया त्यति व्यवस्थित भइसकेका छैनन्। दलाल पुँजीले यहाँको सानो कमिसनखोर पुँजी या दलाल पुँजीपतिले बिचौलिया व्यापारीलाई खेलाइरहेको छ। यहीँनेर हो, किसानलाई सरकारको सहयोग चाहिने। किसानलाई बजारको मारबाट बचाउन सरकारको आफ्नै च्यानल नहुने हो, त्यसलाई प्रभावकारी नबनाउने हो भने जहिले पनि नेपाली किसान बिचौलिया र भारतीय बजारको सेपमा परिरहन्छन् र उठ्नै सक्दैनन्। कृषिमन्त्री घनश्याम भुसाल यस विषयमा आफैँ पर्याप्त जानकार छन्। बजेट आउनुपूर्व यो समस्यामाथि पर्याप्त छलफल होस् र बजारको शोषणबाट किसानलाई बचाउने उपायमा बजेट विनियोजन गरियोस्। संसारभर आपूर्ति प्रक्रियामा धक्का लाग्न थालेको अहिलेको समयमा त आफ्नो उत्पादनले बजार सुनिश्चित गर्नु झनै आवश्यक छ।




किसानलाई बजारको मारबाट बचाउन सरकारको आफ्नै प्रभावकारी च्यानल नहुने हो भने जहिले पनि नेपाली किसान बिचौलिया र भारतीय बजारको सेपमा परेर उठ्न सक्नेछैनन्

# दलगत चरित्रमा आधारित देशको प्रगति

## पार्टीभित्र निरंकुशता र स्वेच्छाचारिता बढ्यो भने त्यसको प्रत्यक्ष नकारात्मक प्रभाव सिंगो मुलुक र व्यवस्थामा पर्छ



अग्रलेख

● युवराज ज्ञवाली

नेपालको संविधानको मूल चरित्र संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक, समावेशी र समाजवादउन्मुख छ। राजनीतिक रूपमा संविधानतः यो अत्यन्त महत्वपूर्ण पक्ष हो। दशकौँको बलिदानी संघर्षपछिको उपलब्धि हो यो। संविधानको चरित्रअनुसार नेपाली समाजमा विद्यमान आर्थिक, सामाजिक र सांस्कृतिकलगायत तमाम असमानता र विभेद अन्त्य गरी समतामूलक र न्यायपूर्ण समाज स्थापना गर्ने अहं दायित्व नेपालका राजनीतिक दलको काँधमा छ। त्यसमा पनि सत्तासीन नेकपाको जिम्मेवारी अझ बढी महत्वपूर्ण छ।

समसामयिक विश्व राजनीतिमा प्रमुख रूपले पुँजीवादी लोकतन्त्र र समाजवादी लोकतन्त्रबारे गम्भीर बहस र विवाद चलिरहेको छ। समाज विकासको क्रममा सामन्ती र विभिन्न खाले तानाशाही व्यवस्थाको पतनसँगै विश्वका ठूलो संख्यामा रहेका जनताको जीवनका लागि उपयुक्त विकल्प के हुन सक्छ भन्नेबारे विगत लामो समयदेखि अनेकौँ तर्क-वितर्क, चर्चा-परिचर्चा र व्याख्या-विश्लेषण हुँदै आएका छन्। उपर्युक्त दुईखाले व्यवस्थाबीच कतिपय सवालमा समान दृष्टिकोण देखिए पनि आधारभूत सवालमा स्पष्ट भिन्नता छ। नेपालको संविधानले समाजवादबारे कुनै स्पष्ट विचार प्रस्तुत नगरेको भए पनि समग्रतामा त्यसले समाजवादी लोकतन्त्रको परिकल्पना भने गरेको छ।

यो देशको अर्थतन्त्रमा केही मुठीभर दलाल पुँजीपति वर्गको नियन्त्रण कायमै राखेर मुलुकको विकास-निर्माण र समृद्धिको यात्रालाई अघि बढाउने कि बहुसंख्यक श्रमजीवी वर्ग र राष्ट्रिय पुँजीपतिवर्गलाई यो देशको समृद्धिका वाहक शक्तिका रूपमा अघि बढाउने ? यो नै यतिवेलाको सबैभन्दा गम्भीर प्रश्न हो। उपर्युक्त दुईखाले मान्यताका आधारमै पार्टी र सरकार सञ्चालनका तरिका, नीति र योजना निर्धारित हुन्छन्। पुँजीवादी मान्यताका आधारमा सञ्चालित पार्टीले बहुसंख्यक श्रमजीवी जनताको हितमा काम गर्न र समाजवादको यात्रामा अघि बढ्न पनि सक्दैन। पार्टीको नाम समाजवादी-साम्यवादी राखे पनि सिद्धान्तअनुसारको नीति, योजना र व्यवहारमा मेल देखिएन भने समाजवादको नाममा पुँजीवादको सेवा गर्ने अवस्था सिर्जना हुन्छ। संसारका विभिन्न देशमा सामन्ती निरंकुशता तथा विभिन्न खाले अधिनायकवादी शासनविरुद्ध केही राजनीतिक अधिकारसहित स्थापित लोकतान्त्रिक व्यवस्थाले प्रगतिशील भूमिका निर्वाह गरेको भए पनि त्यसले लाखौँ, करोडौँ शोषित-पीडित श्रमजीवी जनताका लागि, अमुक पार्टी र व्यक्तिलाई भोट हाल्नुबाहेक उनीहरूको जीवनमा खासै ठूलो परिवर्तन ल्याउन सकेन। त्यस किसिमको व्यवस्थामा मुठीभरका धनीहरूको सम्पन्नता निरन्तर चुलिँदै गयो भने बहुसंख्यक श्रमजीवी जनतामा आजीवन घन्टौँ पसिना बगाएर काम गर्दा पनि भरपेट खान नपाउने स्थिति सिर्जना भयो। यसलाई बदल्ने कसरी ? अहिलेको ज्वलन्त प्रश्न यही हो। औसतमा पुँजीको व्यापक वृद्धि र तमाम खाले विकास निर्माणको सवालमा अकल्पनीय प्रगति गरेका पुँजीवादी लोकतान्त्रिक मुलुकमा दशकौँदेखि लाखौँ, करोडौँ जनतालाई आफ्नै देशमा दुई नम्बरी नागरिक भएर कष्टप्रद र अपमानपूर्ण जीवन जिउन बाध्य पारिएका धेरै उदाहरण छन्। यस किसिमको लोकतन्त्रले पुँजीगत र संरचनागत विकास त गऱ्यो। तर, लोकतन्त्रका वास्तविक मूल्य, मान्यता, मानवता, नैतिकता, शान्ति तथा आमजनताको खुसी र सुखी जीवनको सही प्रतिनिधित्व गर्न सकेन।

नेपाली राजनीतिमा पनि लोकतान्त्रिक गणतन्त्रको प्राप्तिपछि विभिन्न क्षेत्रमा महत्वपूर्ण उपलब्धिसँगै विभिन्न कमजोरी देखा परेका छन्। त्यसको वस्तुगत समीक्षा गरी अगाडिको यात्रा तय गर्नु अनिवार्य भइसकेको छ। पछिल्लोपटक कम्युनिस्ट पार्टीको बहुमतको सरकार बनेपछि आमनेपाली जनताको सुख र समृद्धिका लागि काम गर्न सक्ने अत्यन्त अनुकूल ऐतिहासिक अवसर प्राप्त भएको छ। यो अवसरसँगै नेपाली राजनीतिमा खासगरी सत्तासीन पार्टीभित्र पनि मूलतः दुईखाले चिन्तन र प्रवृत्तिबीच टकराव र द्वन्द्व देखा परिरहेको छ। एउटा प्रवृत्ति, जसले पार्टीको शक्ति र सत्तालाई प्रमुख रूपले गुटगत एवं व्यक्तिगत स्वार्थ र महत्वाकांक्षा पूरा गर्नका लागि भरपूर रूपमा प्रयोग गर्न चाहन्छ, त्यससँगै अर्को प्रवृत्ति पहिल्यैदेखि कायम छ, जो अहिलेका यी सम्पूर्ण उपलब्धिलाई देश र जनताको हितमा कसरी उपयोग गर्ने भन्नेबारे अत्यन्त चिन्तित छ। र, त्यसकै लागि पार्टी र राज्यसत्तालाई परिचालन गर्न चाहन्छ। यो द्वन्द्वको क्रममा पुँजीको विचारधारामाथिको हमला तीव्र रूपमा बढेको छ। पुँजीले विचारधारामाथि नियन्त्रण गर्ने कि विचारले पुँजीमाथि नियन्त्रण गर्दै त्यसलाई जनताको समृद्धिमा रूपान्तरण गर्ने ? अहिलेको नेपालको कम्युनिस्ट आन्दोलनले यसको सही समाधान खोजेको छ। कम्युनिस्ट पार्टीले पछिल्लो यो दुई वर्षको अनुभवलाई गम्भीर शिक्षाका रूपमा लिन सक्छ र त्यसबाट प्राप्त निष्कर्षले आगामी दिनको सफलताका लागि मार्गदर्शन गर्न सक्छ। हाम्रा अहिलेसम्मका तमाम सकारात्मक र नकारात्मक अनुभवको निचोड नै भविष्यको मार्गदर्शक सिद्धान्तका रूपमा विकसित हुन सक्छ।

लोकतन्त्रकै नाममा शासन चलाउँदै आएका कतिपय मुलुकमा निरन्तर गम्भीर विकृति बढ्दै गएको पाइन्छ। त्यहाँ राजनीतिक विषय निरन्तर कमजोर बन्दै गएको र विभिन्न जाति, धर्म, वर्ण र सम्प्रदायका आधारमा शासन चलाउने र जनताबीच विभाजन र अन्योल सिर्जना गर्ने प्रवृत्ति बढ्दै छ। अरू केही नपाएपछि कथित 'राष्ट्रवाद'को चर्को नारा लगाई सत्तामा पुग्ने स्थिति देखा पर्दै आएको छ। पुँजीको शासनलाई निरन्तर कायम राख्न अनेकौँ विकृत अभ्यास गरिँदै छ। नेपालको राजनीतिमा समाजवादी विचारलाई पार्टी र समाजमा स्थापित गर्दै अघि बढ्नुको बदला हरेक क्षेत्रमा मानिसका लागि पुँजीको प्रयोगभन्दा पुँजीका लागि मान्छेको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको छ। यसले अन्ततः प्राप्त लोकतान्त्रिक अधिकार नै क्रमशः कुण्ठित हुँदै जाने अवस्था सिर्जना हुन्छ।

नेपालमा गणतन्त्र आउनुअघि सामन्तवर्गको प्रतीकका रूपमा रहेको राजसंस्थाले पटक-पटक जनताका अधिकार अपहरण गर्दै आयो। त्यसैले, त्यसको अन्त्य गर्नु वस्तुगत आवश्यकता थियो। तर, गणतन्त्रको प्राप्तियता अहिलेसम्मको अवधिमा समग्रमा कुन वर्गले सबभन्दा बढी फाइदा उठायो ? वस्तुगत समीक्षाको आवश्यकता छ। बदलिएको व्यवस्थाले आजसम्म मुलुकका विभिन्न क्षेत्रमा सकारात्मक उपलब्धि हासिल गरेकै छ। तर, जुन रूपमा यो व्यवस्थाबाट यो देशको काम गरी खाने वर्ग लाभान्वित हुनुपर्ने थियो, त्यो हुन सकेको छैन। कारण व्यवस्था बदलियो तर हाम्रो चरित्र बदलिएन।

पार्टीको नाम र झन्डा जे राखे पनि मार्क्सवादी सिद्धान्तअनुसारको व्यवहार देखिएन भने समाजवाद र साम्यवादको सपना, फगत सपनामै सीमित रहनेछ

यस अवधिमा क्रमशः आमश्रमजीवी जनतालाई उत्पादनका साधनको मालिक बनाउने, संघीयतालाई संविधानको मर्म र भावनाअनुरूप कार्यान्वयन गर्ने, समावेशीकरणलाई पार्टी, सरकार र राज्यका विभिन्न निकायमा ठीक ढंगले लागू गर्ने, संविधानमा उल्लेख गरिएका जनताका तमाम मौलिक हक-अधिकार कार्यान्वयन गर्ने, भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने, गरिबी निवारण र रोजगारीका अवसर सिर्जना गर्ने, आयात प्रतिस्थापन र निर्यात प्रवर्धनसँगै स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको निर्माण, समानुपातिक रूपमा बजेट विनियोजनलगायत लाखौँ जनताका तमाम समस्या समाधानमा कति उपलब्धि हासिल भयो र कहाँ-कहाँ कमजोरी रह्यो आमजनताले समेत पत्याउने गरी समीक्षा गर्नु जरुरी छ।

आजको एक्काइसौँ शताब्दीको युगमा, नेपालको विशिष्ट परिस्थितिका आधारमा हेर्दा कुनै पनि निरंकुश र स्वेच्छाचारी शासन लोकतन्त्रको विकल्प हुन सक्दैन। बरु अझ उन्नत किसिमको लोकतन्त्र, वर्तमान लोकतन्त्रको विकल्प हुन सक्छ। त्यस्तै अहिले सत्ता सञ्चालनमा उन्नत किसिमको लोकतान्त्रिक कम्युनिस्ट पार्टी निर्माण नै कम्युनिस्ट पार्टीको विकल्प हुन सक्छ। अहिले कतिपय पार्टी र व्यक्तिबाट अब देशमा केवल समृद्धिबाहेक क्रान्तिकारी परिवर्तनको आवश्यकता सकियो भन्ने भ्रामक दृष्टिकोण व्यक्त गरेको पाइन्छ। तर, अहिले जनवादी क्रान्तिको चरण पूरा भए पनि समाजवादी क्रान्तिको चरण बाँकी नै छ भन्ने यथार्थलाई बिर्सनु गम्भीर गल्ती हुन्छ। हिजो जनआन्दोलन, जनविद्रोह र जनयुद्धका आधारमा क्रान्ति सम्पन्न भयो भने अब उत्पादन, निर्माण र वितरणमा क्रान्तिकारी परिवर्तन आवश्यक छ। अहिले पनि नेपालमा वर्ग विभाजन र वर्गसंघर्ष कायमै छ। तर, त्यसलाई हल गर्ने तरिका मात्र भिन्न छ। हिजो जनवादी क्रान्ति जति कठिन र महत्वपूर्ण थियो, आज समाजवादी क्रान्ति (रुपान्तरण) त्योभन्दा जटिल र बढी महत्वपूर्ण छ। त्यसैले यतिवेला वर्गीय पार्टी निर्माण र क्रान्तिकारी परिवर्तनको सवालमा अझ बढी ध्यान केन्द्रित गर्नु आवश्यक छ। क्रान्ति भन्ने शब्दलाई केवल हिंसा, रक्तपात र विद्रोहका रूपमा मात्र बुझ्ने चिन्तन वैज्ञानिक होइन। विगत जनवादी क्रान्ति कालमा भन्दा यतिवेलाको समाजवादी रूपान्तरणका कालमा श्रमजीवी वर्गीय आधार निर्माण गर्ने र श्रमजीवी वर्गलाई पार्टीको नेतृत्वदायी स्थानमा अघि बढाउनु अझ बढी आवश्यक छ। पार्टीलाई श्रमजीवी वर्गीय चरित्रको बनाउन सके मात्रै मुलुक समाजवाद उन्मुख हुनेछ। पार्टीमा श्रमजीवी वर्गको नेतृत्व स्थापित हुन सकेन भने स्वतः पुँजीपति वर्गको नियन्त्रण बढ्दै जानेछ। त्यस्तो अवस्थामा मुलुक यथास्थितिको गोलचक्करमा घुमिरहने निश्चित छ। पार्टीको नाम र झन्डा जे राखे पनि मार्क्सवादी सिद्धान्तअनुसारको व्यवहार देखिएन भने समाजवाद र साम्यवादको सपना फगत सपनामै सीमित रहनेछ। त्यसैले मुलुक अब कसरी अघि बढ्छ भन्ने कुरा कुन वर्गमा आधारित पार्टी निर्माण गरिन्छ र सरकारले कुन वर्गको हितमा आफ्नो ध्यान केन्द्रित गर्छ, त्यसले निर्धारण गर्नेछ।

पार्टीको आफ्नो प्रयत्न र योजनामा श्रमजीवी वर्गको राजनीतिक वैचारिक चेतना उठाउने, उनीहरूलाई संगठित र परिचालित गर्ने, क्रमशः उनीहरूलाई पार्टीको नेतृत्वमा अघि बढाउनुका साथै सरकारका तर्फबाट त्यो वर्गको शिक्षा, स्वास्थ्य, गाँस, बास र रोजगारीको व्यवस्था मिलाउँदै जान सकियो भने त्यो वर्ग, पार्टीप्रति सबभन्दा बढी निष्ठावान्, सक्रिय र क्षमतावान् नयाँ शक्तिका रूपमा अघि आउनेछ। यो पार्टी र वर्तमान सरकार दुवैका लागि अत्यन्त कष्टसाध्य काम भए पनि देशमा समाजवाद ल्याउन नगरी नहुने अनिवार्य काम हो।

नेपाली विशेषतामा आधारित समाजवादको चरित्र, बहुदलीय प्रतिस्पर्धामा आधारित समाजवादी लोकतन्त्र भएकाले पार्टीले आवधिक निर्वाचनका लागि बारम्बार प्रतिस्पर्धामा जानुपर्ने र आमजनताको विश्वास प्राप्त गर्नुपर्ने भएकाले पार्टी निरन्तर गतिशील र लोकप्रिय भइरहनु आवश्यक छ। त्यसका लागि हरेक तहका कमिटीको नियमित बैठक, संस्थागत निर्णय, हरेक निर्णयको दृढतापूर्वक कार्यान्वयन, सरकार र पार्टीको नियमित कामको समीक्षा, पार्टीमा आलोचना-आत्मालोचना, सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी, पार्टीको शक्ति र सत्तालाई व्यक्तिगत स्वार्थका लागि नभएर जनताको सेवाका लागि प्रयोग गर्ने चिन्तन र प्रवृत्तिको विकास, 'नेताप्रधान होइन, नीतिप्रधान' भन्ने मान्यताको सही कार्यान्वयन, पार्टीभित्र व्यक्तिकेन्द्रित भएर होइन, विषयकेन्द्रित गरेर अन्तर्विरोधको समाधान, पार्टीपंक्तिको नियमित तालिम र प्रशिक्षण, पार्टी कार्यालयको व्यवस्थित सञ्चालन, व्यवस्थित र पारदर्शी आर्थिक परिचालन, नयाँ पिँढीमाथि क्रमशः नेतृत्व हस्तान्तरण, पार्टीको नीति र योजनामा सरकार सञ्चालन, पार्टीभित्र योग्य, इमानदार र क्रियाशील जनशक्ति उत्पादन, भ्रष्टाचारमुक्त र नैतिक आचरणमा आधारित नेतृत्व निर्माणजस्ता तमाम विषय ठोस ढंगले कार्यान्वयन गर्नुपर्छ।

नेपाली समाजमा अत्यन्त योग्य र क्षमतावान् जनशक्तिको कमी छैन। यो देशमा योग्यताको कदर नभएको ठानेर महत्वपूर्ण जनशक्ति बाध्यतावश बिदेसिएको छ। त्यसैले पार्टीले समाजको त्यस्तो जनशक्तिको सही पहिचान गरी देश निर्माणमा लगाउन सक्नुपर्छ।

लोकतन्त्रमा पार्टीहरूकै नेतृत्वमा देश अघि बढ्ने हो। पार्टीको नीति, सिद्धान्त र चरित्र ठीक भयो र देशमा आइपर्ने कुनै पनि प्राकृतिक या जनताको स्वास्थ्यसँग सम्बन्धित संकट समाधान गर्न पार्टीले अनेक क्षेत्रमा लाखौँको योग्य र इमानदार जनशक्तिको उत्पादन र त्यसको सही परिचालन गर्न सक्यो भने मुलुकको हरेक क्षेत्र ठीक किसिमले अघि बढ्छ। पार्टीभित्र निरंकुशता र स्वेच्छाचारिता बढ्यो भने त्यसको प्रत्यक्ष नकारात्मक प्रभाव सिंगो मुलुक र व्यवस्थामा पर्छ। पार्टीको आन्तरिक लोकतन्त्र सुदृढ भयो र सामूहिक नेतृत्व प्रणाली स्थापित भयो भने मात्र मुलुकमा उन्नत लोकतन्त्र स्थापित हुन्छ। केवल निर्वाचन जित्नु मात्रै लोकतन्त्रको सुनिश्चितता होइन, निर्वाचनपछि तमाम लोकतान्त्रिक मूल्य-मान्यता स्थापित गर्न सके मात्र लोकतन्त्र सुदृढ र सुनिश्चित हुन्छ। समग्रमा हामीले जस्तो पार्टी बनाउँछौँ, देश पनि त्यस्तै बन्छ।

# ट्रम्प ! आफूलाई लिंकनसँग तुलना नगर

## विषम परिस्थितिमा समेत सिद्धान्तमा अडिग रहेर शक्तिशाली विद्रोहलाई पाखा लगाउन सफल लिंकनसित ट्रम्पले आफूलाई दाँज्न सुहाउँदैन



देश / विदेश

● ब्रान्ड मेल्टजर ● जोस मेन्च

संकटको समय आमनागरिकको भरोसा नेतृत्वमाथि हुन्छ। चरम राजनीतिक ध्रुवीकरणसँगै अन्य संकट देखिँदा आवश्यक पर्ने नै नेतृत्वको क्षमता र दूरदर्शिता हो। भखरै टाउन हलको सम्बोधनमा ट्रम्पको गुनासो थियो- मिडियाले लिंकनको भन्दा ज्यादा खोइरो उनको खन्दै छन्। 'मैले जस्तो असहयोगी मिडिया कुनै पनि राष्ट्रपतिले सामना गर्नुपरेन,' आइतबार पनि लिंकनको प्रतिमातिर देखाउँदै उनले फक्स न्युजलाई भने, 'सबै भन्छन्, लिंकनले जस्तो गाली कसैले खाएन, तर उनलाई भन्दा धेरै गाली मलाई गरिएको छ।' वास्तवमा लिंकनको चरित्र त उनका विरोधीको गाली र आलोचनाप्रति उनले देखाएको सद्भावबाट झल्कन्छ। गालीबाट उनी विचलित हुँदैनथे, आलोचकप्रति पनि सद्भाव देखाउँथे। उनले कहिल्यै विरोधीको अपमान गरेनन्, तिनीहरूप्रति आत्मीयता दर्साइरहे। त्यस्तो विभाजनको समयमा पनि उनले सबै अमेरिकीको राष्ट्रपतिका रूपमा आफूलाई प्रस्तुत गरिरहे।

सम्भवतः लिंकनले जति शत्रु अमेरिकी इतिहासमा अरू कुनै राष्ट्रपतिले कमाएनन्। सन् १८६० नोभेम्बरमा उनी राष्ट्रपति निर्वाचित हुँदा दासप्रथालाई लिएर अमेरिका दुई धारमा विभाजित थियो। त्यतिवेलाको परिस्थिति बेग्लै थियो। उनी छनोटमा परेदेखि नै व्यक्तिगत रूपमा आक्रमणको निसानामा परेका थिए। एउटा पत्रिकाले लेखेको थियो- लिंकन सबैभन्दा कुप्री परेको, असुहाउँदा हात-गोडा भएको र फोटोमा पनि झुन्ड्याउन नमिल्ने कुरूप व्यक्ति हो। त्यस्तै चुनावको दुई साताअघि अर्को पत्रिकाले घोषणा गरेको थियो- दक्षिणलाई गोराहरूकै घर बनाइरहौँ, आफ्नो जातमा गर्व गरौँ, यदि लिंकन र उसका समर्थक 'निगर'को जित भएमा हामी स्विकार्दैनौँ।' यो पत्रिकाले प्रयोग गरेको भाषा राजनीतिक असहमतिको भाषा मात्र थिएन, दक्षिणको विद्रोहको भाषा थियो। लिंकन तिनका दुस्मन थिए। उनी निर्वाचित भएको तेस्रो दिन साउथ क्यारोलिनाले संयुक्त राज्यबाट अलग्गिने घोषणा गऱ्यो, अन्य दक्षिणी राज्यले पनि त्यसै गरे। लिंकनलाई झुन्ड्याउने, जलाउने तथा काटिदिनेसम्मका चेतावनीको ओइरो लाग्थ्यो। दक्षिणका संगठनले लिंकनलाई शपथ लिनुअघि नै मार्ने योजना बुनेका थिए। यस विषयमा हामीले हाम्रो पुस्तक 'द लिंकन कन्स्पिरेसी'का लागि दुई वर्ष अनुसन्धान गरेका थियौँ। लिंकन पटक-पटक हत्याको षड्यन्त्रबाट बचेका थिए। दासप्रथाका समर्थकले इलिनोइसदेखि वासिंटनसम्मको रेल लाइन उद्घाटनबाट फर्किंदा मार्न लागेको षड्यन्त्रबाट लिंकन बचेका थिए। बाल्टिमोरको हत्या प्रयासबाट बचेर वासिंटन डिसी फर्किंदा द चार्लेस्टन मर्करीले 'आफ्नै हत्यारासँग भाग्ने कायर' भनी लेखेको थियो। तनाव अझै चुलिएको थियो। राष्ट्रपतिका रूपमा उनको पहिलो सम्बोधनका क्रममा उनको ठूलो अपमान गरियो। मार्ने धम्की आयो। तर, सम्बोधनमा उनले कुनै घृणाभाव देखाएनन्। उनले एकताको आह्वान गरे। 'हामी एकअर्काका शत्रु होइनौँ, साथी हौँ। केही मनमुटाव भए पनि यसले हाम्रो आपसी सद्भावमा खलल पार्नु हुँदैन' भनेर सबै संघआबद्ध राज्यहरू स्वतन्त्रता संग्रामको एउटै धागोबाट बाँधिएको बताएका थिए। यी शब्दले युगौँसम्म प्रभाव पारिरहे। यिनले लिंकनको नेतृत्वको दूरदृष्टि देखाउँछ। त्यसैले नै छापाहरूले जेसुकै लेखे पनि अमेरिकाको सबैभन्दा ठूलो संकट पार लगाउन उनी सफल भए।

स्मरण रहोस्, लिंकनले कमजोर भएर नरम बोल्नुपरेको होइन। जब दक्षिणी राज्यहरू टुक्रिए, गृहयुद्ध टार्नका लागि दासप्रथासम्बन्धी नीतिमा सम्झौता गर्न उनलाई ठूलो दबाब आयो। कतै दासप्रथा नयाँ राज्यमा पनि फैलने त होइन भन्ने सोचेर लिंकनले कत्ति पनि सम्झौता गरेनन्। दासप्रथा उन्मूलन उनको मुख्य चुनावी एजेन्डा थियो, त्यसैले दृढ लिंकन यसबाट पछि हटेनन्। नरम र सहनशील भए पनि लिंकन आफ्नो सिद्धान्तमा अडिग र दृढ थिए, यही नै उनको खास नेतृत्व क्षमता थियो। घृणा होइन, उनी आशा जगाउँथे, सबै अमेरिकीको भलो चाहन्थे। त्यस्तो विषम परिस्थितिमा समेत सिद्धान्तमा अडिग रहेर शक्तिशाली विद्रोहलाई पाखा लगाउँदै जनवरी १, १८६३ मा दासप्रथा उन्मूलनको घोषणा गरे, त्यो अमेरिकाको ऐतिहासिक क्षण थियो। इमानदारी, शालीनता र निःस्वार्थताका कारण लिंकनले गृहयुद्ध मात्र पार लगाएनन्, अमेरिकालाई प्रगतिशीलतातिर पनि डोऱ्याए। अहिले पनि अमेरिका चरम ध्रुवीकरण र संकटबाट गुज्रिरहेको छ, चुनाव पनि नजिकिँदै छ। त्यसैले लिंकनसँग दाँज्दै हिँड्नुभन्दा ट्रम्पले लिंकनबाट नेतृत्वको पाठ सिके राम्रै हुने थियो।

अमेरिका चरम ध्रुवीकरण र संकटबाट गुज्रिरहेको छ, चुनाव पनि नजिकिँदै छ। त्यसैले लिंकनसँग दाँज्दै हिँड्नुभन्दा ट्रम्पले लिंकनबाट नेतृत्वको पाठ सिके राम्रो हुने थियो।

*(मेल्टजर र जोस 'द लिंकन कन्स्पिरेसी : द सेक्रेट प्लट टु किल अमेरिकाज सिक्स्टिन्थ प्रेसिडेन्ट, एन्ड ह्वाई इट फेल्ड'का लेखक हुन्)*

*सिएनएनबाट*

प्रेरक प्रसंग

# योग्यताको कदर

एक युवा राजालाई दरबारको एउटा महत्वपूर्ण पदका लागि एक योग्य र विश्वसनीय उम्मेदवारको खाँचो थियो। उनले आफ्ना आसपासका युवकको विभिन्न कोणबाट परीक्षा पनि लिए। तर, उनी निष्कर्षमा पुग्न सकेनन्।

उनी अन्योलमा परिरहेकै समयमा एक सन्त दरबारमा आइपुगे। उनी यसैगरी यदाकदा दरबारका अतिथि बनेर आउने गर्थे। युवा राजाले वयोवृद्ध सन्तसामु आफ्नो मनको द्विविधा प्रकट गरेर सहयोगको अपेक्षा गरे। उनले भने- मैले दरबारको महत्वपूर्ण पदका लागि अनेक युवकलाई फरक-फरक कोणबाट परीक्षण गरेको छु। अब मेरो दृष्टिमा दुई युवक परेका छन्। यिनै दुईमध्ये एकलाई म सो पद दिन चाहन्छु। तर, मेरो मनले दुईमध्ये एकको चयन गर्न सकिरहेको छैन।

राजाको समस्या सुनिसकेपछि सन्तले प्रश्न गरे- को हुन् ती दुई युवक ? राजाले जवाफ दिए- दुईमध्ये एक त राजपरिवारभित्रकै हुन्। र, अर्काचाहिँ बाहिरका। तर, उनका पिता दरबारका पुराना सेवक थिए। अब उनको निधन भइसकेको छ। उनका पुत्र पढेलेखेर सुयोग्य बनेका छन्। सन्तले प्रश्न गरे- ती राजपरिवारका युवकको योग्यता कस्तो छ ? राजाले जवाफ दिए- उनको योग्यता सामान्य छ। सन्तले पुनः प्रश्न गरे- तपाईं कसको पक्षमा हुनुहुन्छ ? राजाले भने- मैले निर्णय लिन सकिरहेको छैन। मेरो मनमा द्वन्द्व मच्चिरहेको छ। सन्तले प्रश्न गरे- कुन कुरालाई लिएर तपाईंको मनमा द्वन्द्व चलिरहेको छ ? राजाले भने- राजपरिवारका युवक कम योग्य भए पनि उनी आफ्नै परिवारका नातेदार हुन्। सन्तले गम्भीर हुँदै राजालाई भने- महाराज, रोग पनि जब शरीरमा उत्पन्न हुन्छ, त्यतिखेर त्यो आफ्नै हुन्छ। तर, उसको उपचार पहाड या जंगलमा हुर्किने जडीबुटीको प्रयोगबाट गरिन्छ। तिनै जडीबुटी आफ्ना नहुँदा-नहुँदै पनि हितकर हुन्छन्।

सन्तका भनाइले राजाका आँखा खुले। उनले निष्पक्ष भएर योग्य युवकलाई दरबारको जिम्मेवार पदमा नियुक्त गरे।

## शब्दको मिसाइल

नयाँ पत्रिकाका प्रधान सम्पादक कृष्णज्वाला देवकोटाको 'अग्रिम बधाई सर्वेन्द्र खनालजी !' शीर्षकको आलेखले मथिंगल हल्लायो। यो आलेख पढेपछि सरकारसँग उठिरहेको रिस थोरै भए पनि शान्त भयो। केही दिनदेखि यस्तो लागिरहेको थियो कि लकडाउन उल्लंघन गरेरै सिंहदरबार जाऊँ र कम्तीमा एक इँटा भए पनि सरकारलाई प्रहार गरौँ। तर, देवकोटाको यो शब्दको मिसाइलसामु मेरो एक इँटा प्रहार गर्ने रोष निम्छरो बनेको छ। कम्तीमा एकपटक सबैले पढौँ।

● **राज श्रेष्ठ**, *www.nayapatrikadaily.com बाट*

वाह ! गज्जबको लेखन ! नेपथ्यमा मञ्चन हुने यथार्थ र आमनागरिकको छटपटीको उत्कृष्ट चित्रण !

● **नमराज धामी**, *www.nayapatrikadaily.com बाट*

जे, जति, जो र जहाँबाट बिन्ती गरे पनि, अनुरोध गरे पनि, खबरदारी गरे पनि वा सडक आन्दोलन गरेर जनताले जीवन बलिदान दिए पनि, यो देशमा जसले शासन चलाए पनि, चाहे शासक हुन् या निजामती या सुरक्षा निकायकै किन नहुन्, (२-४ जनाबाहेक) प्रायः सबै खराब नै देखिन्छन्। विदेशी चलखेलले पनि बाहिर रामराम भने पनि आफ्नो स्वार्थका लागि उनीहरू पनि यस्तै अविकसित मुलुकमा यस्तै चाहन्छन्। साह्रै कठिन र दुःखको परिस्थिति रहिरहने भयो।

● **सुदर्शन घिमिरे**, *www.nayapatrikadaily.com बाट*

हैट ! कती कडा, शक्तिशाली छ यो लेख ! धेरैले त यस्ता लेख लेख्ने साहस गुमाइसकेका छन्।

● **द्रोण कटवाल**, *www.nayapatrikadaily.com बाट*

लेखकका विचार सधैँ पठनयोग्य, यथार्थपरक, देशको वृत्तचित्र कोरेरै आउँछन्। पढ्न पाइन्छ, खुसी लाग्छ। सर्वेन्द्र कमरेड, अग्रिम शुभकामना !

● **विराज पिथाटोली**, *www.nayapatrikadaily.com बाट*

सारै घतलाग्दो लेख ! सधैँ यस्तै तरिकाले चलेको र चल्ने देश न हो। नैतिकता भन्ने कुरा त किन चाइयो र ?

● **प्रवीण ढकाल**, *www.nayapatrikadaily.com बाट*

देवकोटाजीको सटिक विश्लेषणमा ओली कमरेडका आसेपासेबाहेक असहमत सायद अरू हुँदैनन् होला। आसेपासेले त ज्याला नपाउँदै विमति राख्न पनि भएन, ज्याला नै गुम्न सक्छ फेरि। हो, नेकपा राजनीतिको सगरमाथा शिखरमा पुगेकै हो। नेकपाले पार्टीको झन्डा गाडेर सकुशल अवतरण हुन सकेन। शुभेच्छुकको अब कतै हिमपहिरोमा नपुरिए हुन्थ्यो भन्ने शुभेच्छा पनि अधुरो नै हुने हो कि जस्तो हुँदै छ। राजनीतिक परिवर्तन गर्न नेपाली जनता सफल भए। जहानियाँ शासन, निर्दलिय शासन र राजतन्त्रको अन्त्य नेपाली जनताको आन्दोलनबाटै सफल भएको हो। तर, हरेक राजनीतिक परिवर्तनबाट प्राप्त उपलब्धिलाई गति दिने हाम्रो नेतृत्व भने सधैँ अपूरो अधुरो नै रह्यो। स्वार्थमा फस्यो। त्यसैले जनता सधैँ भ्रममा पर्नुपर्ने बाध्यता भयो। अब भ्रममा नपर्ने किसिमले फेरि दोहोऱ्याएर आन्दोलन गर्नु नपर्ने गरी फेरि एकपटक जनआन्दोलन नै विकल्प हो। तर, त्यस्तो आन्दोलनको नेतृत्व युवा पुस्ताले गर्नुपर्छ। युवा नेतृत्वबाट हुने आन्दोलनले मात्र केही गर्ला कि भन्ने झिनो आस अझ बाँकी छ।

● **शिवप्रसाद बस्याल**, *www.nayapatrikadaily.com बाट*

लेख्दै जाऊ नयाँ पत्रिका, समाजको सच्चा पहरेदार तिमी नै हौ। तर, अफसोच ! नियम, कानुन र विधि कागजमा मात्र सीमित यो देशमा सुशासन त केवल सपना मात्र हो।

● **रूपराज शर्मा**, *www.nayapatrikadaily.com बाट*

लेखमा उल्लेख भएका कतिपय कुरामा म सहमत र असहमत दुवै छु, तैपनि पछिल्लो समयमा मन परेको पत्रकारिता नयाँ पत्रिकाकै हो।

● **मनोज आठपहरिया**, *www.nayapatrikadaily.com बाट*

टिप्पणी

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrika.com
nayapatrikaofficial
@naya_patrika

## एसइई र कक्षा ११ को परीक्षा विद्यालयमै गरौँ

पहिला-पहिला सरकारी नोकरीमा प्रवेश गर्न र उच्च शिक्षाको सुरुवातका लागि एसएलसी उत्तीर्णलाई आधार मानिन्थ्यो। तर, अहिले त्यसका लागि न्यूनतम योग्यता कक्षा १२ तोकिएको छ। विद्यालय तहको शिक्षा कक्षा १२ सम्मलाई मानिएपछि एसएलसीको नाम पनि हराएको छ। यति भएर पनि एसइई नामको परीक्षालाई राष्ट्रिय तयारीसाथ सञ्चालन गर्ने अनावश्यक काम भइआएको छ।

यसपटक कोरोनाका कारण थुप्रै परीक्षासँगै कक्षा १० (एसइई), ११ र १२ का परीक्षा पनि रोकिए। यो विशेष परिस्थितिमा एसइई र कक्षा ११ को परीक्षा, स्थानीय तह र शिक्षा विकास तथा समन्वय समितिको व्यवस्थापन तथा समन्वयमा विद्यालयहरूले नै सञ्चालन गर्दा हुन्छ भन्ने सुझाब धेरै शिक्षाविद् र शिक्षाप्रेमीले दिएका छन्। तर, राष्ट्रिय परीक्षा बोर्डलाई त्यस्ता सल्लाह सुझाबले छोएको छैन। यसका पछाडि शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्ड, जिल्लाका ठूलाबडा शिक्षक तथा व्यापारीको आर्थिक स्वार्थ गाँसिएको बताइन्छ। सायद त्यही भएर होला, बोर्डले निर्णय गरी लकडाउन खुलेपछि लिइने परीक्षाका लागि जानकारी गराउँदै जिल्ला परीक्षा समन्वय समितिलाई यही १८ वैशाख परिपत्र जारी गरिसकेको छ। तर, राष्ट्रिय परीक्षा बोर्डले आफ्नो ध्यान कक्षा १२ को परीक्षा सञ्चालन कसरी गर्ने भन्ने विषयमा मात्र केन्द्रित गरी एसइई र कक्षा ११ को परीक्षा सञ्चालनको जिम्मा विद्यालयलाई दिनेतर्फ केन्द्रित भए बेस हुन्थ्यो।

● **इन्द्रकुमार श्रेष्ठ**, *कमलाकुञ्ज, ओखलढुंगा*
*sindrakumar14@gmail.com*

# हामी चौथो–पाँचौं दर्जाका शासित नागरिक हौँ

**मुलुक मात्रै नभएर संसार कोभिड–१९ को संकटबाट मुक्त हुन संघर्ष गरिरहेकै समयमा महामारीलाई व्यक्तिको धर्म वा समुदायसँग जोडेर साम्प्रदायिक रंग दिने प्रयास भइरहेको छ । कुनै निश्चित जात, धर्म, लिंग र समुदायप्रति विद्वेष फैलाउन त्यस्ता नकारात्मक टिप्पणी गर्ने गरिएको छ । यसैक्रममा मानवअधिकार आयोगकी सदस्य मोहना अन्सारीलाई सामाजिक सञ्जालमा 'तब्लिगी जमात'सँग जोडेर महामारीलाई नै साम्प्रदायिक बनाउने गरी विभिन्न टीकाटिप्पणी गरियो । वास्तवमा भएको के हो ? र, यस्ता टिप्पणीले हाम्रो समाजलाई कुन दिशातर्फ डोर्‍याउँदै छ भन्नेबारेमा अन्सारीसँग किरण दाहालले गरेको कुराकानी :**

**● दिल्लीको निजामुद्दिन तब्लिगी जमातको विषयले भारतमा लामो समयदेखि हंगामा छ, त्यहाँ कोरोनाको कम र तब्लिगी जमातको विषयमा बढी बहस भएको छ । त्यो बहस नेपाल पनि आइपुगेको छ र त्यसको केन्द्रमा तपाईं हुनुहुन्छ, तपाईंको प्रतिक्रिया के छ ?**

मंगलबार १२ बजेतिर ट्विटरमा ममाथि लगाइएको आरोपका बारेमा जानकारी पाएँ । म दिल्लीस्थित तब्लिगी जमातको कार्यक्रममा सहभागी भएको भन्दै कोरोना परीक्षण गर्नुपर्ने कुरा उठाइएको रहेछ । यो कुरा सुनेर एकछिन त दिमाग नै खालीजस्तो भयो । यो सबैभन्दा आपत्तिजनक विषय हो । गएको भए पनि एउटा कुरा हुन्थ्यो, तर दुःखको कुरा के भने झुटो हल्ला मात्रै फिँजाइयो । धार्मिक आस्था सबैको हुन्छ । र, कसैको धार्मिक आस्थामा टेकेर झुटो प्रसारित गर्दै चरित्र हत्या गर्न पाइँदैन । खासमा कुनै पनि धर्मलाई लिएर मेरो पक्षपाती सोच छैन । मेरा लागि सबै धर्म बराबरी हुन् । धार्मिक ज्ञानको कुरा गर्ने हो भने इस्लामिक ज्ञानभन्दा बरु मलाई अरू नै धर्मको बढी ज्ञान छ ।

ट्विटरमा लकडाउनको समयमा ट्राभल गरेको विषय उठाइएको छ । तर, लकडाउनभन्दा अघि नै म भारत भ्रमणबाट नेपाल आइसकेकी थिएँ । अहिले जस्तो वातावरण बनाउन खोजिँदै छ, त्यसले शासक र शासित मानसिकता झल्काउँछ । मेरो कुरा के हो भने एउटा व्यक्ति जहाँ भए पनि जवाफदेही हुनैपर्छ । साधारण नागरिकदेखि शासकसम्म जवाफदेही हुनैपर्छ, तर यहाँ त कस्तो भयो भने शासितले परीक्षा दिएकोदिऐ गर्नुपर्ने र शासकले कहिल्यै परीक्षा दिनैनपर्ने । त्यसमा त झन् हामी चौथो-पाँचौं दर्जाको शासित न पर्‍यौं । चौथो-पाँचौं दर्जाको नागरिक ।

अहिले नितान्त व्यक्तिगत र पारिवारिक विषयलाई सार्वजनिक बनाउन खोजिएको छ । हो, म सार्वजनिक पदमा भएको व्यक्ति हुँ, तर मेरो पारिवारिक विषय सार्वजनिक मुद्दा कसरी भयो ? म बिदामा थिएँ । के मैले बिदा लिन नपाउने ? आयोगको रेकर्ड हेर्ने हो भने म निकै कम समय बिदामा बस्ने गरेको देखिन्छ । महिला आयोगमा पनि म हत्तपत्त बिदामा बसिनँ । तर, अहिले जसरी कुरा उठाइएको छ, यी सबै देख्दा, सुन्दा मलाई अनौठो लागेको छ । अर्को कुरा, मेरो भारत भ्रमणलाई तब्लिगी जमातसँग जोड्नुको कारण के हो ? मुस्लिम भएको नाताले जोडिएको हो ? बितेका ४२-४३ दिनदेखि मैले नियमित यस्ता आरोपको सामना गर्नुपरेको छ ।

**● तपाईं त राष्ट्रिय मानवअधिकार आयोगजस्तो संवैधानिक आयोगको सदस्य हो । कुनै दल, पक्ष, समुदायको प्रतिनिधि त होइन । तपाईंलाई नै लक्षित गरेर सञ्जालमा आक्रमण हुनुपर्ने कारण के छ ?**

यो आरोप मंगलबार ट्विटरमा देखियो, तर मैले पहिलादेखि नै खेप्दै आएकी हुँ । मानवअधिकारको ठूला-ठूला कुरा गर्ने मोहना अन्सारी तब्लिगीका बारेमा चाहिँ किन बोल्नुहुन्न भनेर निरन्तर प्रश्न आइरहेको थियो । ठूलो रूपमा देखिएको मंगलबार मात्रै हो । तर, मैले तत्कालै प्रतिक्रिया जनाइनँ । हरेक दिन ४-५ वटा ट्विट त्यस्ता आउँथे । केही चाहिँ साह्रै नमज्जा लाग्ने ट्विट पनि आउँथे, जुन स्क्रिनसट गरेर राखेकी छु । तर, के अनौठो लागेको छ भने मलाई नै निशाना किन बनाइँदै छ ? मानवअधिकार आयोगमा भएकै नाताले ममाथि प्रश्न गर्ने, सोध्ने भने गरिँदैन । प्रायः प्रायोजित कुरा नै ल्याएर सोधिन्छ, जुन मेरो सरोकारको विषय नै हुँदैन ।

अहिले सामाजिक सञ्जालमा ममाथि जे-जस्तो आरोप लगाइएको छ, त्यसको आशय गलत सूचनामा आधारित छ । मेरो आस्था, मेरो भ्रमणका बारेमा जसरी कुरा उठाइएको छ, त्यो नितान्त गलत सोचबाट प्रेरित छ । म यो पदमा बसुन्जेल र पदबाट बाहिरिए पनि मलाई खुला रूपमा प्रश्न गर्न पाइन्छ, तर मेरो व्यक्तिगत र पारिवारिक विषयलाई सार्वजनिक बनाइनुहुँदैन । मेरो पेसासँग मेरो बच्चाको के दोष ? श्रीमान्को के दोष ? मेरो बुबा-आमाको के दोष ? मेरो भाइ, जो पाँच वर्षअघि भूकम्पमा परेर ज्यान गुमायो, उसको के दोष ?



● **मोहना अन्सारी**, सदस्य, मानवअधिकार आयोग

> म यो पदमा बसुन्जेल र पदबाट बाहिरिए पनि मलाई खुला रूपमा प्रश्न गर्न पाइन्छ, तर मेरो व्यक्तिगत र पारिवारिक विषयलाई सार्वजनिक बनाइनु हुँदैन । मेरो पेसासँग मेरो बच्चाको के दोष ? श्रीमान्को के दोष ? मेरो बुबा-आमाको के दोष ?

> मानवअधिकार आयोगले सरकारलाई गर्नुपर्ने सिफारिस पनि अहिले नै हो, न कि भोलि । तर, यी विषयमा प्रश्न उठाउँदा भित्र-बाहिर कसैलाई पनि चित्त बुझिरहेको छैन । सबैको चित्त बुझाउने कि आफ्नो दायित्व पूरा गर्ने ?

**● कोरोना भाइरसको संक्रमण तपाईंमा पनि हुन सक्छ, त्यसैले तपाईंले स्वास्थ्य परीक्षण गराए 'सबै ढुक्क हुने थियौं' भन्नुलाई नकारात्मक रूपमा कसरी लिन मिल्छ ? किनभने परीक्षण नगराई कसमा यो भाइरस छ र कसमा यो भाइरस छैन भन्ने कसरी भन्न सकिएला । परीक्षण गर्नेबारे केही सोच्नुभयो ?**

मलाई आरोप लागिसकेपछि मैले ५-६ जना डाक्टरसँग छलफल गरेँ । उहाँहरूका अनुसार कोरोना भाइरस परीक्षणको एउटा निश्चित समयसीमा हुन्छ । उहाँहरूका अनुसार मैले छैटौं हप्ता पनि पार गरिसकेकी हुनाले जाँच गर्नुपर्दैन । म आफ्नो टेस्ट एकपटक होइन, कैयौंपटक गराउन तयार छु, त्यसमा म हच्केकी वा डराएकी छैन । तर, मेरो आपत्ति कहाँ हो भने मलाई जमाती भनेर टेस्ट गर्न भनिँदै छ । अब मलाई डर केमा लागेको छ भने म अहिले नियमित काममा फर्किसकेकी छु, यसबीच मैले कैयौं व्यक्तिसँग भेट गरेकी छु, त्यसमध्येको कसैबाट मलाई सर्ला कि ?

**● भारतमा कोरोना भाइरसविरुद्धको लडाईलाई साम्प्रदायिक रंग दिइएको र त्यसमा राज्यकै तहबाट मलजल गरिएको देखिन्छ, सिमापारीको साम्प्रदायिक सोचले सिमावारी हाम्रो देशमा पनि जरा गाड्दै गएको हो कि ? तपाईंमाथि लागेको आरोपको स्वरूप बढ्दै जाने हो भने यहाँ हामीले कत्तिको घातक परिणाम भोग्नु पर्ने होला ?**

अहिले दक्षिण एसियामा धार्मिकतालाई लिएर खास समुदायमाथि आक्रमणको लहर चलिरहेको छ । यो निकै घातक छ, विशेषगरी नेपालका लागि । सामाजिक सञ्जालमा केहीलाई छोड्ने हो भने नेपाल भावनामै धर्मनिरपेक्ष छ । यहाँ एक-अर्काप्रतिको सम्मान, आदरभाव, प्रेम र सद्भाव निकै खदिँलो गरी भरिएको छ, जुन दक्षिण एसियाका अन्य मुलुकमा पाइँदैन । पहिले श्रीलंकामा निकै राम्रो अवस्था थियो, तर अहिले त्यस्तो छैन । धार्मिक अन्धताले हामीलाई पनि छुन थालेको छ र त्यसबारेमा वेलैमा सोच्नुपर्नेछ । यसबारे हामीले आजै सोचेनौं, आजै सचेत भएनौं भने यसले हाम्रो आउने पुस्तालाई गाह्रो पार्नेछ । अहिले विश्वभर जसरी धार्मिक राजनीतिको लहर चलेको छ, यसले हाम्रो पुस्तालाई मात्रै होइन, हाम्रो लोकतान्त्रिक संस्थाहरूलाई पनि प्रभावित तुल्याउनेछ । यसले विभिन्न धार्मिक चाडपर्वमा पनि असर गर्नेछ । यो साँच्चै घातक हुनेछ ।

**● राष्ट्रिय मानवअधिकार आयोग त जो दमनमा परेको छ, त्यसको आवाजलाई संरक्षण गर्ने संवैधानिक निकाय हो, त्यसको सदस्य नै यो मनस्थितिबाट गुज्रनुपर्ने अवस्था आएको छ भने आयोगले अरूको अधिकारको संरक्षण कसरी गर्छ ?**

स्वाभाविक हो, आयोगमा मलाई नरुचाउने पनि छन् । कागजी रूपमा दलित, धार्मिक अल्पसंखक, महिला, गरिबको पक्षमा बोल्ने हुनुहुन्छ, तर भित्रैदेखि उहाँहरूले यस कुरालाई स्वीकार गर्नुहुन्न । त्यसैको बाछिटा ममाथि वेलावेला आइरहेको हुन्छ । छाउपडीका बारेमा निरन्तर बोलेको भनेर भित्रका असन्तुष्ट साथीहरूले म अछाम गएको विषयलाई लिएर त्यहाँ भ्रष्टाचार भन्दै समाचार लेखाए । के म छाउपडीबाट मृत्यु भएको कुरालाई ठीक भनौं ? आयोगमा केही संस्थागत, संरचनागत सुधार हुन्छ कि भन्ने मेरो आशा थियो । महिला आयोगमा छँदा मैले टड्कारो रूपमा उठाएको विषय आयोगहरूमा हुने नियुक्ति प्रक्रियालाई जनताबाट छान्ने बनाउनुपर्छ भन्ने थियो । यहाँ पनि मेरो त्यही भनाइ हो ।

**● यी सबै घटनाक्रमका विषयमा आयोगमा केही कुरा उठाउनु भएको छ वा छैन ?**

मैले अध्यक्षलाई दिनका लागि एउटा निवेदन तयार पारेकी छु ।

**● भारतमा एउटा बलियो मत के छ भने कोरोनाले पारेको प्रभावबाट सबैको ध्यान अन्यत्र मोड्न जानाजान तब्लिगी जमातबाट संक्रमण फैलिएको 'मिस इन्फरमेसन' फैलाइयो । कतै यहाँ पनि सरकारका कमजोरीबाट ध्यान विषयान्तर गरिएको त होइन ? यसबारे केही सोच्नु भएको छ कि छैन ?**

हो, डाइभर्ट गरिएकै छ । दूरदराजमा स्वास्थ्यकर्मीका लागि पिपिई छैन । टेस्ट गर्ने मेसिन सम्बन्धित क्षेत्रमा पुर्‍याउन सकिएको छैन । स्वास्थ्यका बारेमा जनतालाई पर्याप्त जानकारी छैन । हामी अझै कति दिनसम्म लकडाउनमा बस्नुपर्ने हो, थाहा छैन । गरिब सयौँ किलोमिटर हिँडेरै घर जान बाध्य छन् । यी सबै विषयमा म बोल्न पाउने कि नपाउने ? विदेशमा रहेका नेपालीको मानवअधिकारका बारेमा बोल्न पाउने कि नपाउने ? वास्तवमा यस्ता प्रश्न सरकारको विरोध गर्नका लागि नभई सरकारलाई सुझाब दिनका लागि हो । यही हाम्रो दायित्व हो । मानवअधिकार आयोगले सरकारलाई गर्नुपर्ने सिफारिस पनि अहिले नै हो, न कि भोलि । तर, यी विषयमा प्रश्न उठाउँदा भित्र-बाहिर कसैलाई पनि चित्त बुझिरहेको छैन । सबैको चित्त बुझाउने कि आफ्नो दायित्व पूरा गर्ने ?

**● अप्ठ्यारो समयमा जहिले पनि सिमान्तकृत समुदाय नै बढी प्रभावित हुने गर्छन्, तपाईं महिला त्यसमा पनि मुस्लिम महिला भएकाले पो तपाईंमाथि टिप्पणी गर्न मानिसलाई 'सहज' भएको हो कि ?**

हो, जहिल्यै पनि कमजोर मानिस नै मारमा पर्ने रहेछ । कोरोनाले पनि विपन्न मानिसलाई नै सबैभन्दा धेरै प्रभाव पारेको छ । कमजोर मान्छेलाई निशाना साँध्दा उसको पक्षमा बोलिदिने कोही नहुने रहेछन् । जब कमजोरका पक्षमा बोलिदिने आवाज निम्छरो हुँदै जान्छन्, सीमान्तकृत समुदायलाई बढी आक्रान्त बनाइन्छ । भारतमै पनि पछिल्लो समय कमजोर समुदायमाथि जसरी आक्रमण भइरहेका छन्, त्यसको प्रभाव हाम्रो मुलुकमा पर्न थालेको छ ।

**● यतिबेला सामाजिक सञ्जालले खेल्नुपर्ने भूमिका कस्तो हुनुपर्थ्यो भन्ने लाग्छ ?**

सामाजिक सञ्जाल एउटा 'सफ्ट पावर' हो । यसले गर्न सक्ने काम धेरै हुन्छ । अहिले लकडाउनको समयमा मानिस सामाजिक सञ्जालमा निकै सक्रिय छन् । यस्तो वेलामा हामीले सामाजिक सञ्जालमा के पोस्ट गर्छौं, त्यसले एकैपटक धेरैलाई प्रभावित पारिरहेको हुन्छ । त्यसैले हामीले के पोस्ट गर्न लागेका छौं भनेर एकपटक सोच्नैपर्नेछ । महामारीको वेलामा हामी सबै धर्म, जाति, लिंग, समुदायका मानिस एक हुनुपर्नेछ । यतिवेला कोरोना भाइरसलाई कुनै व्यक्ति वा समुदायसँग नजोडौं ।

# कोभिड–१९ र नेपालमा खाद्य सुरक्षा

## बजारमा उपलब्ध खाद्यवस्तुमा विविधीकरण गरी उपलब्ध हुने सुनिश्चितता कायम गर्न सके खाद्य सुरक्षाको सुनिश्चिततामा ठूलो फड्को मार्न सकिन्छ



● किरण दाहाल ● कृष्ण शर्मा

> खेतिपातीको समयमा कृषि सामग्रीको आपूर्ति कतिको सहज रहन्छ, खेतिपाती गर्नेले कृषि श्रम कतिको सहजै पाउन सक्छन्, मौसम कस्तो रहन्छ र प्राकृतिक प्रकोपले बालीनालीमा कतिको असर पार्छ भन्ने आधारमा यस वर्षको नेपालको कृषि उत्पादन निर्धारण हुने हो

कोभिड-१९ को सम्भावित संक्रमण रोक्न चैत ११ गतेदेखि सुरु भएको लकडाउन कम्तीमा जेठ ५ सम्म जारी रहनेछ । लकडाउनकै बीच कृषिमन्त्री घनश्याम भुषालले सबै स्थानीय तहलाई पत्र लेख्दै प्रभावकारी हस्तक्षेप नभए मुलुक भोकमरीको चपेटामा पर्न सक्नेतर्फ सचेत गराएका थिए । प्रतिकूल परिस्थितिले खाद्यान्न उत्पादन घट्न सक्ने, अन्तर्राष्ट्रिय बजारमा खाद्यान्नको मूल्य बढ्न सक्ने तथा अन्य मुलुकले कृषि उत्पादनको निकासीमा बन्देज लगाउन सक्नेजस्ता कारणले भोकमरीको समस्या आउन सक्ने तर्क गरिएको थियो । यस्तै, विश्व खाद्य कार्यक्रमले सन् २०१९ मा विश्वका ५५ देशमा करिब एक करोड ३५ लाख मान्छे अति खाद्य असुरक्षाको जोखिममा रहेकोमा सन् २०२० मा कोभिड-१९ ले गर्दा त्यो संख्या दोब्बर बढेर दुई करोड ६५ लाखसम्म पुग्न सक्ने प्रक्षेपण गरेको छ । कार्यक्रमको नेपाल इकाइले पनि गहुँ तथा हिउँदे बालीको उत्पादनमा आएको कमी तथा लकडाउनका कारण धान र अन्य बर्खे बालीको रोपाइँ प्रभावित भई नेपालमा खाद्य असुरक्षा बढेर जाने रिपोर्ट सार्वजनिक गरेको छ । यद्यपि कृषि तथा पशुपक्षी मन्त्रालयले भने खाद्य सुरक्षासम्बन्धी सो प्रक्षेपण त्रुटिपूर्ण भन्दै खण्डन गरेको छ ।

खाद्य सुरक्षालाई खाद्यवस्तुको पूर्ति तथा माग पक्षबाट परिभाषित गरिन्छ । पूर्तिबाट हेर्दा खाद्य सुरक्षा भनेको पर्याप्त, पोषणयुक्त र सन्तुलित खाद्यान्नको उपलब्धता हो (विश्व खाद्य सम्मेलन, १९७४) । माग पक्षबाट हेर्दा पर्याप्त, सुरक्षित र पोषणयुक्त खानेकुरामा सबैको पहुँच स्थापित हुनु हो (विश्व खाद्य शिखर सम्मेलन, १९९६) । यस्तै, सन् २००९ मा आयोजित खाद्य सुरक्षासम्बन्धी विश्व शिखर सम्मेलनले खाद्यवस्तुको उपलब्धता, पहुँच, उपयोग र स्थायित्वलाई खाद्य सुरक्षाका चार खम्बा मानेको छ । खाद्य उपलब्धताले उत्पादन, वितरण र विनिमयको माध्यमबाट खाद्यवस्तुको सहज आपूर्ति भइरहेको छ कि छैन भन्ने विषयसँग सरोकार राख्छ । खाद्य पहुँचले खाद्यवस्तु प्राप्त गर्न सक्ने व्यक्तिको भौतिक तथा आर्थिक सामर्थ्य के कस्तो छ भन्ने देखाउँछ । खाद्य उपयोगले खाद्यवस्तुमा पोषणको मात्रा तथा खाना पकाउने र हाम्रो खाने ज्ञानलाई बुझाउँछ । खाद्य स्थायित्वले खाद्यवस्तुको निरन्तर उपलब्धता, पहुँच र उपयोगको स्थिति देखाउँछ । र, खाद्यवस्तुको उपलब्धता, पहुँच, उपयोग वा स्थायित्वमध्ये कुनैमा समस्या पैदा हुनासाथ त्यसले खाद्य असुरक्षाको सम्भावना बढाएर लैजान्छ ।

धान, मकै, गहुँ, कोदो, जौ र फापर हाम्रा प्रमुख खाद्य बाली हुन् । आर्थिक सर्वेक्षणअनुसार आर्थिक वर्ष ०७५/७६ मा अनुमानित एक करोड ६ लाख २९ हजार टन खाद्यान्न बाली उत्पादन भयो । सोही समयमा नगदे बाली उखु, तेलहन, आलु र महको अनुमानित उत्पादन ४१ लाख ३७ हजार टन भएको थियो । यस्तै, दलहन, फलफूल र तरकारीको अनुमानित उत्पादन क्रमशः तीन लाख ६२ हजार टन, ११ लाख ५३ हजार टन र ४१ लाख ७५ हजार टन भयो भने मसला बाली अलैंची, अदुवा, लसुन, बेसार र खुर्सानीको अनुमानित उत्पादन पाँच लाख टन भएको थियो । पशुजन्य उत्पादनको कुरा गर्दा मासुको अनुमानित उत्पादन दुई लाख ४८ हजार टन, दूध र दूधजन्य पदार्थको अनुमानित उत्पादन १४ लाख ७५ हजार टन र माछाको अनुमानित उत्पादन ७१ हजार टन भएको देखिन्छ । अन्डाको अनुमानित उत्पादन एक अर्ब सात करोड ३३ लाख गोटाजति भयो ।

अब कृषिउपजको आयात तथा निर्यात स्थिति हेरौँ । राष्ट्र बैंकका अनुसार ०७५/७६ मा एक खर्ब ६१ अर्ब ५८ करोड रुपैयाँको खाद्यवस्तु तथा जीवजन्तु आयात भएको छ, जुन कुल आयातको ११ दशमलव ४ प्रतिशत हुन आउँछ । यसमध्ये भारतबाट एक खर्ब १८ अर्ब ४६ करोड, चीनबाट ६ अर्ब ४२ करोड र अन्य मुलुकबाट ३६ अर्ब ७० करोड रुपैयाँको खाद्यवस्तु तथा जीवजन्तु आयात भएको देखिन्छ । निर्याततर्फ १९ अर्ब ९५ करोड रुपैयाँको खाद्यवस्तु तथा जीवजन्तु निर्यात भएको छ, जुन कुल निर्यातको २० दशमलव ५ प्रतिशत हुन आउँछ । अर्थात्, खाद्यवस्तुको निर्यात करिब एक खर्ब ४१ अर्ब रुपैयाँले ऋणात्मक छ । खाद्यवस्तुको माग आन्तरिक उत्पादनभन्दा अधिक छ ।

महामारीले खाद्यवस्तुको उपलब्धता र पहुँचमा के कस्तो असर गर्छ भन्ने आधारमा यसले खाद्य सुरक्षामा पार्न सक्ने अल्पकालीन तथा दीर्घकालीन प्रभावलाई मूल्यांकन गर्न सकिन्छ । खेतिपातीको समयमा कृषि सामग्रीको आपूर्ति कतिको सहज रहन्छ, खेतिपाती गर्नेले कृषि श्रम कतिको सहजै पाउन सक्छन्, मौसम कस्तो रहन्छ र प्राकृतिक प्रकोपले बालीनालीमा कतिको असर पार्छ भन्ने आधारमा यस वर्षको नेपालको कृषि उत्पादन निर्धारण हुने हो । लकडाउनको समयमा पनि मल, बिउबीजन, विषादी आदिको आपूर्ति सामान्य वेलाको जस्तै रहेको बुझिन्छ । सहरमा मजदुरी गर्ने, अन्य पेसा व्यवसायमा रहेका तथा भारततिर पसेकाहरू पनि घर फर्केर कृषि कर्ममा जुटेको अवस्था छ । महामारीका बाबजुद किसान खेतबारीमा व्यस्त छन् । सरकारले प्रकाशित गरेको 'कृषि डायरी'मा कुल ३९ लाख हेक्टर खेतीयोग्य जमिनमध्ये एकतिहाइ अर्थात् १३ लाख हेक्टर बाँझो रहेको बताइएको छ ।

अलि पछि वैदेशिक रोजगारीमा गएकामध्ये केही लाख नेपाली बिस्तारै घर फर्कने अवस्थासमेत रहेकाले कृषिमा श्रमको उपलब्धता बढ्न गई बाँझो रहने खेतबारीमा खेती हुने सम्भावना बढेको छ । भन्नुको अर्थ, कोभिड-१९ का कारण कृषिको आन्तरिक उत्पादनमा खासै नकारात्मक प्रभाव पर्दैन । मौसम अनुकूल रहे तथा समयमै किसानले कृषि सामग्री पाएमा कृषि उत्पादनमा वृद्धि नै हुने अवस्था छ । बरु हाम्रो कृषि उत्पादन हाम्रै बजारसँग पूर्ण रूपले नजोडिँदा एकातिर उत्पादन खेर गइरहेको छ भने अर्कोतिर उपभोक्ता त्यही उत्पादनलाई बजारमा महँगो मोलमा किन्न बाध्य छन् । यस्तै, बजारको प्रभावकारी अनुगमन नहुँदा खाद्यवस्तुको थोक मूल्य स्थिर रहिरहँदा पनि खुद्रा मूल्य भने अकासिने गर्छ ।

यस्तै, कृषि आयातको ठूलो हिस्सा ओगट्ने भारत, चीन र अन्य मुलुकमा कृषि उत्पादनको अवस्था कस्तो छ भन्ने हाम्रा लागि महत्त्वपूर्ण छ । भारतीय खाद्य निगमका प्रमुखले एउटा अन्तर्वार्तामा आगामी वर्षको मार्च महिनासम्म पुग्ने खाद्यान्नको भण्डारण रहेको बताएका छन् । यस वर्ष भारतमा खाद्य उत्पादन केही घट्ने आकलन गरिए पनि अहिलेसम्म खाद्यवस्तुको आयात निर्बाध ढंगले भइरहेको हुँदा भारतबाट हुने आयात सामान्य रहने देखिन्छ । चीनबाट हुने आयात पनि सामान्य नै रहने अपेक्षा गर्न सकिन्छ । अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ निरन्तर घटिरहेकाले आयातित खाद्यवस्तुको मूल्य बढेर आउन सक्ने सम्भावना कम छ । आपूर्ति प्रणालीमा केही समस्या आई बरु अन्य मुलुकबाट खाद्यवस्तुको आयात केही प्रभावित हुन सक्छ । खाद्यवस्तुको उपलब्धता हेर्दा आन्तरिक तथा बाह्य आपूर्ति शृंखला वर्षैभरि सामान्य रहिरहे यो वर्ष खाद्य असुरक्षा हुने सम्भावना त्यति देखिँदैन । तर, महामारी विश्वभर लामो समय रहे वा नेपालमा गम्भीर स्वास्थ्य संकट देखिए खाद्यवस्तुको उपलब्धता अलि नराम्ररी प्रभाव पर्न सक्छ, र त्यही अनुपातमा खाद्य असुरक्षाको सम्भावना पनि बढेर जान सक्छ । भलै, यसको ठोस विश्लेषण गर्ने समय भइसकेको छैन ।

> बढ्दो बेरोजगारी, आंशिक बेरोजगारी तथा रोजगारको आम्दानीमा पनि आउने संकुचनका कारण नेपालीको क्रयशक्ति निकै खस्किने देखिन्छ । जसले गर्दा पछिल्ला वर्षमा खाद्यवस्तुमाथिको पहुँच दरिलो बनाउँदै लगेको जनसंख्याको ठूलो हिस्साले उक्त पकड नराम्रोसँग गुमाउनेवाला छ

अब खाद्यवस्तुको माग पक्षलाई हेरौँ । महामारीका कारण मान्छेको आर्थिक सामर्थ्यमा संकुचन आई खाद्यवस्तुमाथिको पहुँच कमजोर हुनेतर्फ अर्थशास्त्री, प्राज्ञ तथा राजनीतिज्ञले गम्भीर चासो देखाएका छन् । नोबेल पुरस्कार विजेता अर्थशास्त्रीद्वय अमर्त्य सेन, अभिजित बेनर्जी तथा भारतीय केन्द्रीय बैंकका पूर्वगभर्नर रघुराम राजनले संयुक्त लेख लेख्दै लकडाउनका कारण भारतमा धेरैजना चरम गरिबीमा धकेलिन सक्ने तथा भोकमरीमा पर्न सक्ने चिन्ता व्यक्त गरेका छन् । न्युयोर्क विश्वविद्यालयकी पोषण तथा जनस्वास्थ्य विषयका प्राध्यापक म्यारिओन नेस्लेले अमेरिकामा तत्काल खाद्यवस्तुको उपलब्धतामा कमी नआउने, तर रोजगारी र आम्दानी गुमाएका लाखौं मान्छेको खाद्यवस्तुमाथिको पहुँच नराम्ररी प्रभावित हुने तथा विद्यमान आर्थिक असमानता झन् गहिरिएर जाने बताएकी छिन् ।

खाद्य सुरक्षाका लागि हामीले उपभोग गर्ने खाद्यवस्तुमा पोषणको मात्रा तथा खाद्यवस्तु उपभोग गर्ने हाम्रो खाद्य संस्कृतिले पनि प्रभाव पारिरहेको हुन्छ । हाम्रो ग्रामीण क्षेत्रमा सीमित खाद्यवस्तु मात्र उत्पादन हुने र त्यसले मानव शरीरका लागि आवश्यक पोषणको सबै मात्रा पूरा नगरिरहेको अवस्था छ । यस्तै, रैथाने पोषणयुक्त खानेकुरा त्याग्दै ' जंकफुड' उपभोग गर्ने संस्कृतिको विकास भएको छ । यसले हाम्रो खाद्य सुरक्षामा नकारात्मक प्रभाव पारिरहेको छ । यसैले ग्रामीण क्षेत्रमा पनि कृषि बजारको विस्तार तथा ती बजारमा उपलब्ध खाद्यवस्तुमा विविधीकरण गरी एक भेगको उत्पादन अर्को भेगमा उपलब्ध हुने सुनिश्चितता कायम गर्नु जरुरी छ । यसो गर्न सके खाद्य सुरक्षाको सुनिश्चिततामा हामीले ठूलो फड्को मार्न सकिने स्थिति छ ।

वैश्विक महामारीका कारण औपचारिक तथा अनौपचारिक क्षेत्रमा रोजगारी गुमिरहेको छ । पर्यटन क्षेत्रमा उल्लेख्य रोजगारी गुमेको छ । निर्माण क्षेत्रमा पनि श्रमिक आंशिक बेरोजगारीमा छन् । निजी शिक्षण संस्थामा कार्यरतले लकडाउन अवधिको तलब कसरी पाउने टुंगो छैन । यस्तै, यातायात व्यवसाय, हवाई उड्डयन, मनोरञ्जन तथा अन्य व्यवसाय पनि पूरै वा आंशिक ठप्प छन् । रेमिट्यान्स आय निकै घट्ने अनुमान लगाउन सकिन्छ । यसले रेमिट्यान्स थाप्ने परिवारको क्रयशक्ति निकै खुम्चिनेछ । भारतमा रोजगारी गर्ने सुदूर तथा मध्यपश्चिमका नेपालीको आम्दानीमा पनि कमी आउने देखिन्छ । आर्थिक गतिविधि फेरि सामान्य अवस्थामा कहिले फर्किने अनिश्चित हुँदा औपचारिक क्षेत्रमा स्थायी रूपले काम गर्नेको आम्दानीमा पनि केही संकुचन आउने पक्का छ । यस प्रकार बढ्दो बेरोजगारी, आंशिक बेरोजगारी तथा रोजगारको आम्दानीमा पनि आउने संकुचनका कारण नेपालीको क्रयशक्ति निकै खस्किने देखिन्छ । जसले गर्दा पछिल्ला वर्षमा खाद्यवस्तुमाथिको पहुँच दरिलो बनाउँदै लगेको जनसंख्याको ठूलो हिस्साले उक्त पकड नराम्रोसँग गुमाउनेवाला छ ।

समग्रमा खाद्यवस्तुको आन्तरिक उत्पादन र आयातमा खास समस्या सिर्जना हुने देखिन्न । तर, आन्तरिक कृषि उत्पादन र आन्तरिक कृषि बजारबीच रहँदै आएको संयोजनको समस्या भने यथावत् नै रहने देखिन्छ । यस्तै, रोजगारी गुमेका कारण वा आम्दानी घटेर आर्थिक सामर्थ्य कमजोर भई, बजारलाई नियमन गर्न नसकेका कारण खाद्यवस्तुको उपभोक्ता मुद्रास्फीति बढ्न जानेछ । खाद्य उपयोगमा रहेको समस्या यथावत् रही नेपालमा खाद्य असुरक्षाको समस्या बढ्ने तथा झन् गहिरिएर जान सक्ने सम्भावना भने प्रबल देखिन्छ । सम्भावित खाद्य असुरक्षाबाट जोगाउने तत्कालीन उपाय भनेको खाद्य असुरक्षाको सबैभन्दा बढी जोखिममा रहेको वर्गलाई व्यवस्थित तथा वैज्ञानिक ढंगले स्थानीय तहको समन्वयमा खाद्य कुपन बाँड्ने नै हो । साथै, नगद वितरण पनि अर्को प्रभावकारी उपाय हुन सक्छ । बजार अनुगमन बढाएर खाद्यवस्तुको मूल्य नियन्त्रणमा राख्न सके खाद्य सुरक्षाको दिशामा सघाउन सकिन्छ ।

संकटका वेला हुनेखानेले अत्यधिक खाद्यवस्तु थुपारेर राख्ने प्रवृत्ति जताततै छ । यसले गर्दा हुँदा खानेका लागि खाद्यवस्तुको उपलब्धता कम हुन सक्छ । यस्तो व्यवहार हामीले सच्याउन जरुरी छ । रोजगारी गुमाएकाहरूका लागि बजेटमार्फत सरकारले वैकल्पिक रोजगारीका अवसर सिर्जना गर्न सक्छ । यद्यपि, यसको दीर्घकालीन उपाय भनेको देशको आन्तरिक कृषि उत्पादन कृषि बजारसँग प्रभावकारी ढंगले जोड्ने, बिग्रिएको खाद्य उपयोगको संस्कृति सुधार्ने अनि कृषि र कृषिसम्बद्ध क्षेत्रको व्यापक विकास तथा विस्तार गरेर बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्केकालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर दिलाई आममानिसको आर्थिक सामर्थ्य बढाएर खाद्यवस्तुमाथिको पहुँच पुनर्स्थापित गर्ने नै हो ।

*(दाहाल नेपाल बैंक लिमिटेडमा कार्यरत छन् भने शर्मा अमेरिकामा अर्थशास्त्रमा विद्यावारिधि गरिरहेका छन्)*

कोरोनाविरुद्ध सचेतना

भीडभाडदेखि टाढै रहौं



# अर्थतन्त्र जोगाउन कृषि र व्यवसायिक क्षेत्रमा लकडाउन खुकुलो

## लकडाउन कायमै रहे पनि ४६ दिनपछि शुक्रबारदेखि कृषि, उद्योग, बैंक तथा वित्तीय संस्था, ढुवानी र विकास निर्माण खुला हुँदै, कर्मचारी र मजदुरको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पुरा गर्नुपर्ने

**कृष्ण रिजाल/नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

कोरोना संक्रमणबाट जोगिन लगाइएको लकडाउनले देशको अर्थतन्त्रमा गम्भीर असर पर्ने भएपछि सरकारले कृषि तथा निश्चित उद्योग सञ्चालन गर्न दिने निर्णय गरेको छ। मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले सुरक्षा मापदण्ड अपनाउँदै शुक्रबारबाट औद्योगिक उत्पादन, विकास निर्माण र ढुवानी सेवा सञ्चालन गर्न दिने निर्णय गरेको हो।

औषधि र स्वास्थ्य सामग्रीजस्ता अत्यावश्यक वस्तु, खाद्य पदार्थलगायत कृषिजन्य वस्तु तथा औद्योगिक वस्तुको उत्पादन तथा बिक्री-वितरण सुचारु गर्न दिने निर्णय भएको अर्थ एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडाले बताए। त्यस्तै, विकास आयोजनाका लागि आवश्यक पर्ने ढुंगा, गिट्टीलगायत वस्तुको ढुवानी तथा न्यूनतम बैंकिङ तथा वित्तीय सेवा सुचारु गर्न दिने निर्णय पनि गरिएको छ।

'केन्द्रीय कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर र प्रदेशस्तरीय कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरसँग आवश्यक समन्वय गरी सम्बन्धित जिल्लाको कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टरले जोखिमको मूल्यांकन गरी, आवश्यकता हेरी, स्वास्थ्य मापदण्ड पालना गरी उल्लिखित क्रियाकलाप गर्न दिने निर्णय गरिएको छ,' उनले भने, 'तर, स्थानीयस्तरमा जोखिम देखिएमा स्थानीय तह तथा प्रशासनले निश्चित समयका लागि तत्कालै उद्योग-व्यवसाय सञ्चालनमा रोक लगाउन सक्नेछ।' यसअघि उद्योगी-व्यवसायीले तोकिएको मापदण्ड पूरा गर्दै उद्योग-व्यवसाय तथा निर्माणका गतिविधि सञ्चालन गर्न दिन सरकारलाई सुझाब दिएका थिए। अब सरकारको निर्णयअनुसार उद्योग-व्यवसाय सञ्चालन गरिने उद्योगीहरूले बताएका छन्।

### कृषिका कुनै काम नरोकिने डेरीदेखि दाना उद्योग चलाउन पाइने

सरकारले कृषि तथा पशुपक्षीजन्य उत्पादन तथा बिक्री-वितरणको क्रियाकलापलाई पनि सञ्चालन गर्न दिने भएको छ। खाद्यान्न वस्तु र अन्न बाली लगाउन, पाकेको बाली भित्र्याउन, पशुपक्षीपालन, माछापालन, कुखुरापालन र बिक्री-वितरण गर्न पाइने भएको छ। त्यस्तै, फलफूल, तरकारी, दूध तथा दुग्धजन्य पदार्थको उत्पादन, संकलन, भण्डारण तथा बिक्री-वितरण, नर्सरीबाट बिरुवाको उत्पादन, घाँस तथा दाना उत्पादन तथा बिक्री-वितरण, कृषि बिउबिजन उत्पादन, भण्डारण तथा बिक्री-वितरण र शीतभण्डारणको क्रियाकलापलाई समेत खुला गरिएको छ। एग्रोभेट र भेटनरीसम्बन्धी पसल र सेवासमेत सञ्चालन गर्न दिइनेछ।

### सञ्चालन गर्न पाइने उद्योगहरू

तोकिएको मापदण्ड पूरा गरेर चामल, दाल, तेल, चिउरा, चिनी, बिस्कुट, पाउरोटी, पिठो, चाउचाउजस्ता दैनिक उपभोग्य खाद्यवस्तु उत्पादन गर्ने उद्योग, पानी प्रशोधन, औषधि तथा स्वास्थ्य सामग्री, साबुन उत्पादन र त्यसको प्याकेजिङ गर्ने उद्योग र ग्यास बोटलिङ उद्योग सञ्चालन गर्न सकिनेछ। त्यस्तै, साना तथा घरेलु उद्योग, निर्यातजन्य उद्योग, विशेष आर्थिक क्षेत्रमा सञ्चालित उद्योग, औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योग, सिमेन्ट र डन्डीजस्ता निर्माणजन्य उद्योग पनि सञ्चालन गर्न दिने निर्णय भएको अर्थमन्त्री खतिवडाले जानकारी दिए। लकडाउनको अवधिभर उत्पादनमा संलग्न श्रमिक कामदारलाई उद्योग, प्रतिष्ठानले छुट्टै स्थानमा राख्ने व्यवस्थासहित काममा लगाउनुपर्नेछ। आफ्नो प्रतिष्ठानभित्र पर्याप्त ठाउँ नभए खाली स्थान, विद्यालय वा सामुदायिक भवनमा श्रमिकलाई राख्नुपर्नेछ। श्रमिकको स्वास्थ्य जाँच र सुरक्षित परिवहनको व्यवस्थासमेत सम्बन्धित उद्योगले गर्नुपर्ने सरकारले निर्णय गरेको हो।

### राजमार्गका होटेल र वर्कसप पनि खोल्न पाइने

सरकारले राजमार्गका होटेल तथा सवारीसाधन मर्मत गर्ने वर्कसपसमेत खोल्न दिने निर्णय गरेको छ। बढीमा पाँचजनासम्म उपस्थित हुने गरी वर्कसप सञ्चालनको अनुमति दिने निर्णय भएको उनले बताए। त्यस्तै, इन्टरनेट जडान र मर्मत, प्लम्बिङ र इलेक्ट्रिकल सेवा र पेट्रोलपम्प पनि सञ्चालन गर्न सकिनेछ। ढुवानीका साधनचालक तथा अत्यावश्यक काममा हिँड्डुल गर्नेका लागि भन्दै ५० किलोमिटरको दूरीमा स्थानीय तहले तोकेका स्थानका राजमार्गमा होटेल सञ्चालन गर्न सकिनेछ।

### लगभग सबैखाले ढुवानी सेवा खुला

औद्योगिक उत्पादन तथा बिक्री, आयात-निर्यात, विकास निर्माणलगायतसँग सम्बन्धित सबैखाले ढुवानीलाई खुला गरिएको छ। कृषि तथा पशुपक्षी उत्पादन र व्यवसायसँग सम्बन्धित ढुवानी, स्वास्थ्य सेवासँग सम्बन्धित ढुवानी, भन्सारबाट जाँचपास भइआएका, उद्योग, प्रतिष्ठानबाट लोड लिई मालसामान बोकेका र मालसामान डेलिभरी गरेर फर्किएका

» पृष्ठ ७ मा क्रमशः

# ऋणीहरूको ब्याजदर दुई प्रतिशत घटाउनुपर्ने निर्णय पुनरावलोकन नहुने

## बैंकिङ क्षेत्रको समस्या समाधानका लागि राष्ट्र बैंकको नेतृत्वमा १० सदस्यीय समिति

**विजयराज खनाल/नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

वैशाखदेखि ऋणीहरूको ब्याजदर २ प्रतिशत बिन्दुले घटाएर निर्धारण गर्न राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई दिएको निर्देशन पुनरावलोकन नहुने भएको छ। अहिले राष्ट्र बैंकले बैंकिङ क्षेत्रमा पर्ने असरबारे अध्ययन गरिरहेको र ब्याजदर घटाउने निर्देशनमा कुनै परिवर्तन नहुने राष्ट्र बैंकका कार्यकारी निर्देशक देवकुमार ढकालले बताए।

राष्ट्र बैंकले १६ वैशाखमा परिपत्र जारी गर्दै ब्याजदर २ प्रतिशतले घटाउन निर्देशन दिएको थियो। खाद्यान्न प्रशोधन तथा बिक्री-वितरणसम्बन्धी व्यवसाय, ग्यास उत्पादन तथा बिक्री-वितरण, साबुन तथा केमिकल्स उद्योग, औषधि बिक्री-वितरणसम्बन्धी व्यवसाय, इन्टरनेट तथा दूरसञ्चार सेवाप्रदायक, टेलिभिजन सेवाप्रदायक, सुर्ती तथा मदिराजन्य उद्योग र सञ्चालनमा रहेका जलविद्युत्मा कर्जाको ब्याजदर घटाउन बाध्य नभएको राष्ट्र बैंकको परिपत्रमा उल्लेख छ।

बैंकरहरूले भने ब्याजदर घटाउनुनपर्नेहरूको दायरा थप फराकिलो बनाउनुपर्ने माग गर्दै आएका छन्। 'अहिलेको निर्देशन कार्यान्वयन गर्दा घाटामा नगएका, बैंकको भन्दा राम्रो प्रतिफल भएका, नियमित पारिश्रमिक पाइरहेकाले समेत राहत पाउँछन्,' नेपाल बैंकर्स संघका अध्यक्ष तथा सानिमा बैंकका प्रमुख कार्यकारी अधिकृत भुवन दाहालले भने, 'नाफा, घाटा, आम्दानीमा भएको ह्रास आदिको पूर्ण विश्लेषण नगरी यो निर्णय भएको छ, त्यसैले एउटा विधि तय गरेर सहयोग गर्नुपर्छ भन्नेमा हामी सदैव तयार छौं।'

### राष्ट्र बैंकको निर्णयले निद्रै परेन



● भुवन दाहाल
अध्यक्ष, बैंकर्स संघ

नेपालका थोरै व्यावसायिक व्यक्तिहरूमध्ये गभर्नर महाप्रसाद अधिकारी पनि पर्नुहुन्छ। नाफा-घाटा, साना-ठूला, आम्दानीमा भएको ह्रास आदि विषयको पूर्ण विश्लेषण नगरी २ प्रतिशत ब्याज राहत दिने जुन निर्णय भयो, यो कारणले २-३ रात त म राम्ररी सुत्न पनि सकिनँ। कोभिड-१९ का कारणले घाटामा गएकाहरूलाई एउटा विधि तय गरी सहयोग गर्नुपर्छ भन्ने कुरामा हामी सदैव तयार छौं। ३ महिना मात्र होइन, लामो समयसम्म केही ऋणीहरूलाई ब्याजलगायतका विविध सहयोग चाहिन्छ नै। यस सम्बन्धमा राष्ट्र बैंकले हामीलाई सुझाब दिँदा सर्प पनि मर्छ लठ्ठी पनि भाँचिँदैन। अहिलेको निर्देशन कार्यान्वयन गर्दा घाटामा नगएका, बैंकको भन्दा राम्रो प्रतिफल भएका, नियमित पारिश्रमिक पाइरहेका आदिले पनि राहत पाउनुहुन्छ। मैले यस विषयमा हाम्रो धारणा मौखिक र लिखित रूपमै पनि राखेको छु। उहाँले आहत पक्षले मात्र राहत पाउने गरी संशोधन गरिदिनुहुनेछ भन्ने आशा र विश्वास गरेको छु। उहाँको सुझाबअनुसार हामी चल्छौं।

### कर्जा पुनर्संरचनालगायतका सहुलियत आउने

बैंकिङ क्षेत्रमा देखिन सक्ने समस्या समाधानका लागि राष्ट्र बैंकको नेतृत्वमा १० सदस्यीय समिति बनाएको छ। समितिको नेतृत्व राष्ट्र बैंकको नियामकीय विभाग प्रमुखसमेत रहेका देवकुमार ढकालले गर्नेछन्। समितिमा राष्ट्र बैंकको नियमन विभागबाटै अन्य दुईजना, सुपरिवेक्षण विभागबाट तीनजना, अनुसन्धान विभागबाट एकजना, बैंकर संघबाट एकजना, नेपाल चार्टर्ड एकाउन्टेन्स एसोसिएसनबाट एकजना र लेखामान बोर्डबाट एकजना छन्।

समितिले असारमा बैंकहरूको वित्तीय विवरणमा पर्न सक्ने प्रभाव र त्यसका आधारमा दिनुपर्ने नीतिगत तथा आर्थिक सहुलियतको प्याकेज ल्याउनेछ। कर्जा खराब हुने अवस्था आएमा त्यसलाई पुनर्संरचना गर्न सकिने, पुँजी र खराब कर्जालगायतमा कायम नीतिगत प्रावधानहरू खुकुलो बनाउन सकिनेजस्ता सुविधा बैंकहरूले प्राप्त गर्न सक्ने राष्ट्र बैंकले उल्लेख गरेको छ।

# निरन्तर उद्योग बन्द गर्दा सबै क्षेत्र प्रभावित : देउवा

**नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

कोरोना संक्रमणबाट जोगिन सरकारले गरेको लकडाउनका कारण उद्योग-व्यवसाय बन्द हुँदा श्रमिकको दैनिकी कठोर बन्दै गएका कारण विकल्प खोज्नुपर्ने नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले बताएका छन्। संक्रमण रोक्न लकडाउन उचित भए पनि निरन्तर उद्योगधन्दा बन्द गर्दा सबै क्षेत्र प्रभावित भएको उनको भनाइ छ। कांग्रेसको छाया अर्थ मन्त्रालयको संयोजनमा भएको कार्यक्रममा सभापति देउवाले विदेशमा नेपाली नागरिकहरू अलपत्र रहेको भन्दै उनीहरूको उद्धार गर्नेबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको बताए। छाया सरकारमा अर्थ मन्त्रालयका संयोजक डा. मीनेन्द्र रिजालले उद्योगधन्दालाई नियमित गरेर व्यवसायीहरूबाट ब्याजदरमा सहुलियत, छरितो र नछरिएको बजेट ल्याउनुपर्ने गरी आएका सुझाब राम्रा रहेको बताए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघकी अध्यक्ष भवानी राणाले लकडाउनले सबै क्षेत्र प्रभावित भएको भन्दै प्रभावकारी नीति बनाउन सरकारसँग माग गरिन्। 'निजी क्षेत्रले ब्याज लिएर काम गरिरहेका हुन्छौं,' राणाले भनिन्, 'रोजगारी बढाउन, उत्पादन बढाउन सहुलियतमा ऋण आवश्यक हुन्छ। पर्यटन विशेष रूपले हेर्नुपर्छ। कृषि क्षेत्रलाई उस्तै प्राथमिकता राखेर सरकारले बजेट ल्याउनुपर्छ।'

### कांग्रेसले गठन गर्‍यो, 'अर्थतन्त्रकेन्द्रित विशेष समिति'

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले देशमा कोरोनाले पारेको असरबारे विश्लेषण एवं आवश्यक दृष्टिकोण निर्माण गर्न 'अर्थतन्त्रकेन्द्रित विशेष समिति' गठन गरेको छ। १४ सदस्यीय समितिको संयोजन पूर्वअर्थमन्त्री डा. रामशरण महतले गर्नेछन्। सदस्यहरूमा महेश आचार्य, ज्ञानेन्द्रबहादुर कार्की, डा. नारायण खड्का, डा. मीनेन्द्र रिजाल, चिनकाजी श्रेष्ठ, दीपकुमार उपाध्याय, भरत शाह, उदयशमशेर राणा छन्। त्यस्तै, डा. पृथ्वीराज लिगल, डा. शंकर शर्मा, डा. जगदीशचन्द्र पोखरेल, डा. गोविन्द पोखरेल र डा. स्वर्णिम वाग्ले सदस्य छन्।

कोरोनाले विश्व अर्थतन्त्रमाथि नै प्रभाव परेका वेला नेपालजस्तो सानो अर्थतन्त्र भएको देशको अवस्था गम्भीर बन्दै गएको उनले बताइन्। अहिले व्यवसायीहरूले दैनिक २ अर्बको नोक्सान व्यहोरिरहेको भन्दै अल्पकालीन र दीर्घकालीन हिसाबमा नीति तय गर्न राज्य तत्पर हुनुपर्ने उनले सुझाब दिइन्। त्यस्तै, महासंघका उपाध्यक्ष शेखर गोल्छाले अर्थतन्त्रको उत्थान हुने गरी बजेट ल्याउन माग गरे। नेपालमा बढी भएको ऊर्जा भारतमा बेच्नुभन्दा उद्योगलाई सहुलियत दरमा दिन, बिजुलीमा छुटसहितका रिकभरी प्याकेज ल्याउन पनि उनले माग गरे। उद्योगहरू बन्द भएका वेलामा 'डिमान्ड चार्ज' र उद्योगलाई सहुलियत दिनुपर्ने माग उनको थियो। कृषि उत्पादनमा परनिर्भरता रहेको भन्दै उनले कृषि क्षेत्रको उत्पादन बढाउन नीतिगत व्यवस्था गर्न र वन क्षेत्रलाई व्यवसायीकरण गर्न माग गरे।

नाटाका अध्यक्ष अच्युत गुरागाईंले कोरोनाका कारण विश्वमै सबैभन्दा प्रभाव पर्यटन क्षेत्रमा परेको बताए। बैंकिङ क्षेत्रमा ७ प्रतिशतसम्म ब्याज झर्दा पनि नाफा हुने गरेको भन्दै पर्यटन क्षेत्रका लागि २ प्रतिशतमा ब्याज उपलब्ध गराउन उनले माग गरे।

# लकडाउनमा कालोबजारी गर्ने व्यवसायीबाट ५८ लाख जरिवाना

**अजित अधिकारी/नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

कोरोना भाइरस नियन्त्रणका लागि सरकारले ११ चैतदेखि देशभर लकडाउन गरेयता धेरै व्यापार, व्यवसाय बन्द छन्। सरकारले अत्यावश्यक वस्तुको सूची तयार गरी त्यस्ता वस्तु आपूर्ति गर्ने पसल भने खुला गर्न दिएको छ। तर, सुलभ मूल्यमा सहज आपूर्तिका लागि सरकारले गरेको आग्रहविपरीत केही व्यवसायीले नाफाखोर प्रवृत्ति देखाएका छन्।

यस्ता नाफाखोर व्यवसायीहरूबाट अनुगमनकारी निकाय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ५८ लाख ८० हजार रुपैयाँ जरिवाना तिराएको छ। लकडाउन अवधिमा खाद्यान्न, माछामासु, सर्जिकल सामग्री र ग्यासमा बढी मूल्य असुल्ने, गुणस्तरहीन सामग्री बिक्री गर्ने, कृत्रिम अभाव सिर्जना गर्नेलगायतका कसुरमा उपभोक्ता संरक्षण ऐन, ०७५ अनुसार व्यवसायीलाई अधिकतम जरिवाना तिराइएको विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदीले जानकारी दिए।

### ४९ फर्मलाई जरिवाना ३ ले बुझाए

विभागका अनुसार लकडाउनयता १ सय २० फर्ममा अनुगमन भएको छ। त्यसमध्ये ४९ फर्मलाई विभिन्न कसुरमा कारबाही गरिएको छ। विभागका निर्देशक सागर मिश्रका अनुसार कसुर हेरेर ५ हजारदेखि ३ लाख रुपैयाँसम्म जरिवाना तिराइएको छ। अधिकांश फर्मलाई बढी मूल्य लिए। उनका अनुसार १५ वैशाखमा टंगालस्थित भाटभटेनी सुपर मार्केटमा १ सय २० रुपैयाँको लाखमरी मिठाईलाई २ सय २० रुपैयाँमा बिक्री गरेको भेटिएको थियो। बढी मूल्य लिएको कसुरमा विभागले ३ लाख रुपैयाँ जरिवाना तिराउने निर्णय गरेको थियो। सो रकम भाटभटेनीले विभाग पुगेर बुझाइसकेको छ।

त्यसैगरी १६ वैशाखमा सीतापाइलास्थित सेलवेज क्यास एन्ड क्यारीले डेटोलको हात धुने साबुन बढी मूल्यमा बिक्री गरेको भेटिएपछि २ लाख रुपैयाँ जरिवाना तिराउने निर्णय भएको थियो। सो रकम कम्पनीले विभागमा आएर बुझाएको छ। १७ वैशाखमा इमाडोलस्थित सर्जिकल सामग्री बिक्री गर्ने काठमाडौं ट्रेडिङमा अनुगमन गर्दा मास्क बढी मूल्य लिएर बिक्री गरेको पाएपछि २० हजार रुपैयाँ जरिवाना तिराइएको थियो। सो कम्पनीले पनि विभागमा आएर जरिवाना रकम तिरिसकेको छ।

### ३ विरुद्ध मुद्दा चल्दै

५ वैशाखमा महाराजगन्जस्थित नेपाल प्रहरीको महालक्ष्मी पेट्रोलपम्पमा पुगेको पेट्रोलमा करिब ५ सय लिटर पानी भेटिएको विषयलाई विभागले सूक्ष्म अनुसन्धान गर्दै छ। त्यसैगरी बलम्बुको धनलक्ष्मी कोल्ड स्टोरले बढी मूल्यमा ग्यास बिक्री गरेको पाएपछि अनुगमन टोलीले २० हजार रुपैयाँ जरिवाना तिराउने निर्णय गरेको छ। तर, अनुगमनकर्ताले अन्याय गरेको भन्दै पसल सञ्चालकले विभागका महानिर्देशक सुवेदीसमक्ष उजुरी दिएकाले त्यसको पनि अनुसन्धान भइरहेको छ। त्यस्तै, आँखु इन्टरप्राइजेजले ६३ कार्टुन सर्जिकल सामग्रीको कालोबजारी गरेको पाएपछि कारबाहीका लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई अनुसन्धानका लागि पठाएको महानिर्देशक सुवेदीले जानकारी दिए।

### जरिवाना गरिएका केही फर्मको विवरण

| पसलको नाम | जरिवाना |
|---|---|
| ओम सरस्वती स्टोर, डल्लु | २ लाख |
| मुस्कान मासुपसल, बत्तीसपुतली | २ लाख |
| न्यू बिके स्टोर, | ३ लाख |
| चितवन खाद्य सप्लायर्स | २ लाख |
| आइकालु मिट सेन्टर, नयाँबानेश्वर | २ लाख |
| बुद्ध बजार प्रालि, सीतापाइला | २ लाख |
| डेली ग्रोसरी प्रालि, महांकाल | २ लाख |
| समिट हस्पिटल फार्मेसी, लोकन्थली | २ लाख |
| शिरीष सप्लायर्स, त्रिपुरेश्वर | २ लाख |
| इन्टरनेसनल प्याथो साइन्टिफिक | २ लाख |
| देउती सर्जिकल, तिनकुने | २ लाख |
| कटवाल स्टोर, इमाडोल | २ लाख |
| कान्तिपुर सर्जिकल, त्रिपुरेश्वर | २ लाख |
| भाटभटेनी स्टोर्स, टंगाल | ३ लाख |
| एसएमटी खाद्य सप्लायर्स, कपन | १ लाख |
| पिपुल्स होम केयर, खुमलटार | २ लाख |
| सेलवेज, सीतापाइला | २ लाख |
| काठमाडौं ट्रेडिङ सर्जिकल, इमाडोल | २ लाख |
| बिपी स्टोर, कोटेश्वर | २ लाख |
| काष्ठमण्डप खाद्य स्टोर | ३ लाख |
| महालक्ष्मी इसान (सर्जिकल), त्रिपुरेश्वर | २ लाख |
| कालिका ट्रेडिङ सर्जिकल, सुकेधारा | ३ लाख |
| प्रतिमा फार्मेसी, चापागाउँ | २ लाख |
| शिव कोल्ड स्टोर, चापागाउँ | २ लाख |
| न्यू हिमालय सर्जिकल, त्रिपुरेश्वर | २ लाख |
| अमरावती खाद्य भण्डार, कपन | २ लाख |

धुनीवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वागमती प्रदेश, नेपाल

वोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रकाशित मिति: २०७७/०१/२५

यस कार्यालयवाट तपशिलका निर्माण कार्यका लागि मिति २०७६/११/२१, २०७६/१०/२८ र २०७६/११/१४ मा नया पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित वोलपत्र आह्वान सम्वन्धी सुचना अनुसार पेश भएका वोलपत्रहरु मध्ये तपसिलका वोलपत्रदाताको वोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) प्रयोजनार्थ सम्वन्धित सवै वोलपत्रदाताहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कामको विवरण | वोलपत्रदाताको नाम | कवोल अंक भ्याट र पि.एस समेत रु. |
|---|---|---|---|---|
| १ | 15/WS/DM/ 076/77 | भोटडाडा सेढाइगाउ खानेपानी योजना निर्माण, धूनिवेशी ३ | टि.डि.आर. कन्स्ट्रक्सन प्रा.लि. धनगढी, कैलाली | ४६,५४,६६७२३ |
| २ | 12/STADIUM/DM/ 076/77 | धूनिवेशी खेलमैदान निर्माण, धूनिवेशी ५ | जेसिका विल्डर्स प्रा.लि., बानेश्वर १०, काठमाडौं | १,२२,९५,८२९।७१ |
| ३ | 14/ROAD/DM 076/77 | खिलवूजा भन्ज्याङपोखरी महेशफाट सडक सूधार, धूनिवेशी १,२ | उमंग कन्स्ट्रक्सन, वालाजू १६, काठमाडौं | ८२,६९,२५३।१५ |

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुड्डार, उदयपुर
१ नं.प्रदेश, नेपाल

विद्युतीय माध्यम (Online) बाट शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/०१/२५

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको जस्ता पाता खरिद तथा आपूर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले दरभाउपत्र पाइने स्थान, दस्तुर, बिडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र सिलबन्दी सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यम (Online Bid) बाट मात्र खरिद गर्ने गरी यो शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ।

दरभाउपत्र सम्बन्धी खरिद तथा आपूर्ति कार्यको विवरण

| सि. नं. | दरभाउपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट बाहेक) रु. | धरौटी रकम | खरिद तथा आपूर्ति | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | १५/०७६/७७ जस्ता पाता | २६ गेजको मेडियम क्लास NS141 रातो जस्ता पाता (लम्बाई ९फीटको) सप्लाई गर्ने कार्य (रौतामाई गा.पा., भुट्टार,उदयपुर सम्म) | ९,९५,३१९।९० | ३०,०००/– | गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग/निर्माता वा अधिकृत डिलर/सप्लायर्स | रु.१०००/– |

प्रमुख प्रशासकीय अधिकृत





# एभरेस्ट बैंकको मोबाइल बैंकिङमा २४ सुविधा थपियो

**नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**




एभरेस्ट बैंकको मोबाइल बैंकिङ एप्स इबिएलटचमा २४ सुविधा थपिएको छ। बैंक र एफवान सफ्ट इन्टरनेसनलबीच मोबाइल बैंकिङ सेवाका लागि सम्झौता भएसँगै सविधा थपिएको हो।

सम्झौतासँगै अब एभरेस्ट बैंकको मोबाइल एप इबिएलटचमा २४ नयाँ सुविधा थपिएको जनाइएको छ। सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत गजेन्दरकुमार नेगी र एफवान सफ्टका प्रमुख कार्यकारी अधिकृत सुवास शर्माले हस्ताक्षर गरेका थिए।

यो मोबाइल एपमा अत्याधुनिक सुरक्षा प्रणाली अपनाइएको दाबी गरिएको छ। ग्राहकले यस एपमार्फत ५० भन्दा बढी बैंकका खाताहरूमा रकम ट्रान्सफर, बिजुली, पानीको महसुल, टिभी, इन्टरनेटको बिल भुक्तानी, मोबाइल रिचार्ज, हवाईजहाज, बस तथा सिनेमा टिकटको अनलाइन खरिद गर्न सक्ने जनाइएको छ। त्यस्तै, एक लाखभन्दा बढी मर्चेन्टहरूमा क्युआर पेमेन्टबाट भुक्तानी गर्न सक्नेछन्। ग्राहकको सहजता र सुरक्षाका लागि फिंगर प्रिन्ट वा फेस रेकोगनिसनबाट पनि सहजै कारोबार गर्न सकिने बैंकले जनाएको छ।

बैंकले आफ्ना ११ लाख ग्राहकलाई ९५ शाखा, ३१ राजस्व संकलन काउन्टर र १ सय ३ स्थानमा एटिएममार्फत सेवा दिइरहेको जनाएको छ।

## अर्थतन्त्र जोगाउन...

पृष्ठ ६ बाट क्रमशः

ढुवानीका साधन, पानी, ग्यास र पेट्रोलियम पदार्थ बोकेका साधन, औद्योगिक कच्चा पदार्थ र मालवस्तु बोकेका ढुवानीका साधनलाई आवतजावत गर्न दिइनेछ। त्यस्तै, विकास आयोजनामा प्रयोग हुने उपकरण र निर्माण सामग्रीहरू बोकेका ढुवानीका साधनहरू, मल बोकेका साधन, एम्बुलेन्स र विद्यालयका पाठ्यपुस्तकको ढुवानीका साधनलाई समेत सञ्चालन गर्न दिइने उनले बताए।

### ■ एकतिहाइ कर्मचारीबाट बैंकिङ सेवा

सरकारले न्यूनतम बैंकिङ तथा वित्तीय सेवासमेत सञ्चालन गर्न दिने निर्णय गरेको छ। बैंक तथा वित्तीय संस्था, बिमा, धितोपत्र, सहकारी संस्थामार्फत अतिआवश्यक सेवा प्रवाह गर्ने कार्यका लागि बढीमा एकतिहाइ कर्मचारीबाट सेवा सञ्चालन गर्न दिने सरकारको निर्णय छ। सरकारी कार्यालय र संस्थानमा समेत कर्मचारीलाई आलोपालोको व्यवस्था मिलाई कार्यालय सञ्चालन गरिने भएको छ।

### ■ यी विकास आयोजना सञ्चालन गरिनेछ

सरकारले विकास निर्माणका कामलाई पनि अघि बढाउने निर्णय गरेको छ। राष्ट्रिय गौरवका आयोजना, सरकारी र निजी क्षेत्रका जलविद्युत् आयोजना, सिँचाइ आयोजना र खानेपानी आयोजनाका काम गर्न दिने भएको छ। त्यस्तै, विमानस्थल, सडक र पुल निर्माण, सरकारी भवन निर्माण एवं प्रबलीकरण, एक स्थानमा १० जनासम्मले काम गर्ने गरी अन्य सहरी पूर्वाधार आयोजनाहरूको निर्माणसमेत सञ्चालन गर्न दिइने भएको छ। त्यस्तै, ढुंगा, गिट्टी, बालुवासँग सम्बन्धित उत्पादन र बिक्रीसमेत गर्न पाइनेछ। सिमेन्ट उद्योगका लागि खानी, क्लिंकर, चुनढुंगालगायतको उत्खनन, ओसारपसार र बिक्री-वितरणसमेत खुला गरेको छ। निर्माणमा संलग्न श्रमिकहरूको दैनिक स्वास्थ्य जाँच गर्ने कार्यस्थल वा तोकिएको स्थानमा खानपान गराउने काम भने सम्बन्धित आयोजनाले नै गर्नुपर्नेछ। आवासस्थलदेखि निर्माणस्थलसम्म जान-आउन पाउने गरी सुरक्षित परिवहनको व्यवस्थासमेत सम्बन्धित आयोजनाले नै मिलाउनुपर्नेछ।

### ■ सञ्चालनमा रोक लगाएका उद्योग-व्यवसाय

सबै शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्र, गैरखाद्य वस्तु बिक्री गर्ने व्यावसायिक मल तथा स्टोर, फनपार्क, पार्टी प्यालेस, सिनेमा हल, सैलुन, ब्युटिपार्लर, फिटनेस सेन्टर, फुटसल खोल्न पाइनेछैन। होटेल, बार, रेस्टुराँहरू, यात्रुबाहक सवारीसाधन, केबलकार, रेल सेवा पनि सञ्चालन गर्न नपाइने उनले बताए।

# पुराना ग्राहकलाई डिसहोमको एक महिनासम्म निःशुल्क च्यानल

**नयाँ पत्रिका**
**काठमाडौं, २४ वैशाख**

DishHome खुशी Reconnect गरौं

डिस मिडिया नेटवर्क लिमिटेड (डिसहोम)ले विगत ६ महिनादेखि विभिन्न कारणले रिचार्ज गर्न नसकी डिसहोमको सेवा नलिइरहेका ग्राहकका लागि १ महिनासम्म निःशुल्क रूपमा २ सय ८ वटै च्यानल उपलब्ध गराउने भएको छ।

विश्वव्यापी रूपमा कोरोना भाइरसको महामारीका कारण देशभर लकडाउन गरिएका कारण अधिकांश मानिस घरमा बस्न बाध्य रहेको समयमा रिचार्जको सुविधा नपाएर रिचार्ज गर्न नपाएका ग्राहकहरूलाई मध्यनजर गरी यी कार्यक्रमहरू घोषणा गरेको बताइएको छ। यसअघि नै सिनेमाहल बन्द भएको अवस्थालाई मध्यनजर गर्दै डिसहोमले सिनेमाघरको सुविधा उपलब्ध गराएको थियो भने डिसहोमका १ सय ८ र ८ सय ८८ च्यानलमा नयाँ-नयाँ फिल्महरू पैसा तिरेर पनि हेर्ने व्यवस्था मिलाएको थियो।

## चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं

### शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०१/२५)**

चन्द्रागिरि नगरपालिका, बलम्बु काठमाडौंबाट तपसिलमा उल्लेखित आयोजनाहरु शिलबन्दी बोलपत्र/दरभाउपत्र माध्यमबाट निर्माण गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हान गरिएको छ। नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर तथा मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७६/७७ को कर चुक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी प्रोप्राईटर स्वयं वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र/दरभाउपत्र यस कार्यालयको रावश्व शाखाबाट खरिद गर्न सकिनेछ।

| सि.नं. | आवश्यकता सम्बन्धी विवरण | विवरण |
|---|---|---|
| १ | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | २०७७/०२/०८ दिनको १७:०० |
| २ | दरभाउपत्र बापतको दस्तुर | रु. १०००/०० (फिर्ता नहुने) |
| ३ | दरभाउपत्र दखिला गर्ने अन्तिम मिति | २०७७/०२/०९ दिनको १२:०० |
| ४ | दरभाउपत्र खोल्ने अन्तिम मिति | २०७७/०२/०९ दिनको १३:०० |
| ६ | नगद धरौटी जम्मा गर्ने बैंक र खाता नं. | एन.आई.सि एसिया बैंक, कलंकी खाता नं. **10CA050686752402** |

**आयोजना सम्बन्धी विवरण**

| सि.नं | खरिद संख्या | आयोजना/कामको नाम | जमानत रकम रु. |
|---|---|---|---|
| 1 | CM/SQ/11/2076/077 | Blacktop Work at Mahadevsthan, Ward No-5 | 35,000.00 |
| 2 | CM/SQ/12/2076/077 | Blacktop & RCC Work at Dipshikha to Ward No 12 | 50,000.00 |
| 3 | CM/SQ/13/2076/077 | Black top & RCC works at Dahal Gaun Daudali Khola Road | 50,000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**

## रोङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम
१ नं. प्रदेश, नेपाल।

### सिलबन्दी दरभाउपत्र (E-Bid) आव्हान गरिएको सूचना

प्रथमपटक प्रकाशित मितिः २०७७/०१/२५

यस रोङ गाउँपालिकाको तपशिलमा उल्लेखित खरिद सम्बन्धी कार्य शिलबन्दी दरभाउपत्र (E-Bid) मार्फत गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली व्यवसायीहरुबाट रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

१. **दरभाउपत्र मार्फत गरिने खरिद कार्यको विवरण**

| क्र. सं. | ठेक्का नं. | खरिद कार्यको विवरण | लागत अनुमान (भ्याट सहित) रु. | दरभाउपत्र खरिद दस्तुर | दरभाउपत्र जमानत बापतको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **RRM/SQ/ Goods /2076/077-01** | **Procrument of gabion tar jali and hume pipe** | **1938700** | **1000** | **50,000** | दरभाउपत्र मार्फत **(E-Bid)** |

२. दरभाउपत्र www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ।

३. यस सूचनासँग सम्बन्धित अन्य विवरणहरु यस गाउँपालिकाको सूचनापाटी र वेबसाईटः www.rongmun.gov.np बाट समेत हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Aathabis Municipality
## Office of the Municipal Executive
Rakamkarnali , Dailekh

### Invitation for electronic bids

**First Date of Publication : 2077/01/25 BS, 2020/05/07 AD**

***AathabisMunicipality Rakamkarnali, Dailekh*** invites only electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding – Single Envelope Bidding procedures.

| S. N. | Contract No/ Bid No | Description of Works | Estimated amount ( without VAT & contingency ) | Bid Security Amount (NRs) | Bid document Price (NRs) |
|---|---|---|---|---|---|
| 1. | AM/NCB/ WORKS/11-076/77 | Construction of Hulakdanda , vadgau to sayaulekadh sadak nirman at AathabisMinicipality -2, 3 & 8, Dailekh | 8,498,088.41 /- | 2,40,000 /- | 3,000 /- |
| 2. | AM/NCB/ WORKS/12-076/77 | Construction of Rakamkarnali, omkana to sayaulekadh sadak marmat at Aathabis Municipality – 7, Dailekh | 8,494,181.24 /- | 2,40,000 /- | 3,000 /- |

1. Eligible Bidders may obtain further information at office :Aathabis municipality, office of Municipal Executive, Rakamkarnali, Dailekh or may visit PPMO website:www.bolpatra.gov.np/egp. or www. aathabismun.gov.np or 089690475.
2. Bidder have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website: www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposite the cost ( as specified above ) of bidding document in the office's Rajaswa ( revenue ) account as specified below and the scanned copy ( pdf format ) of the Bank deposit vauchar shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in bank :
   Name of bank : Nepal investment bank Ltd.,daba branch,Dailekh
   Name of office :Aathabis Municipality, office of Municipal Executive,Rakamkarnali, Dailekh
   Office Account no : 06301400250085
3. Electronic bids must be submitted to Aathabis Municipality, Rakamkarnali, Dailekh through PPMO website: www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2077/02/24. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 14:00 hrs on 2077/02/24 at Aathabis Municipality, Rakamkarnali, Dailekh. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security of scanned copy of the bid security in pdf format, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall as considered as the last date, In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission .
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatever.
7. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 (includingamendment) and other prevailing rules and regulations of nepal .

**Chief Administrative officer**
**Aathabis Municipality, Rakamkarnali, Dailekh**

## Indrasarowar Rural Municipality
## Office of Municipal Executive
**Kulekhani, Makawanpur**
**Bagmati Province, Nepal**

### Invitation for Bids

**First Date of Publication: 2077/01/25**

1. **Indrasarowar Rural Municipality** invites electronic bids from eligible bidders for the **execution of below Mentioned works** under National Competitive Bidding procedures.
2. Bidders should deposit the cost (as specified below) of bidding document in the Project's Sanchit Kos Khata account as specified below. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Bank of Kathmandu Ltd., Indrasarowar Branch, Makwanapur
   Name of Office: **Indrasarowar Rural Municipality Office**
   Office Account No: **018000000110524** (Sanchit Kos khata)
3. Complete set of bidding Documents can be downloaded from **www.bolpatra.gov.np.** Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp On or before **12:00 pm** on **2077/2/25**
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 on 2077/2/25** at the office ofIndrasarowar Rural Municipality, Kulekhani, Makawanpur, Nepal
5. Bids must be valid for a period of 90 days after the deadline for bid submission date and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting to a minimum as mentioned in table below which shall be valid for 30 days beyond the validity period of the bid.
6. Pre-bid meeting shall be held at Indrasarowar Rural Municipality office, Kulekhani, Makawanpur 14:00 hrs on **2077/2/16.**
7. If the bidder wishes to submit bid security in the form of cash, the bidder has to deposit cash in the following account.
   **Name of the Bank: Bank of Kathmandu Ltd, Kulekhani Branch, Makawanpur**
   **Name of Office:Indrasarowar Rural Municipality Office**
   **Office Account No: 018000000113524 (Dharauti khata)**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Indrasarowar Rural Municipality Office, reserves the right to accept or reject any Bids without assigning any reasons whatsoever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.

| Identification no: | Work Description | Total amount with VAT | Bid security amount (Rs) | Cost of Bidding Document |
|---|---|---|---|---|
| **IRM/NCB/Roads -04/076/77** | **Upgrading Fakhel Tekar Deurali Tekar Sisneri Agricultura and Tourism Road** | **Rs. 49,93,992.78** | **Rs. 1,25,000.00** | **Rs. 3,000.00** |

**Chief Administrative Officer**


## वर्गीकृत डिस्प्ले

**बीमालेख हरायो**

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडबाट जारीभएको बिमालेख हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

**नाम : हरिस चौधरी**
बीमालेख न.. : १०००४३३९०
ठेगाना : रातोपुल, काठमाडौं
फोन नं. : ९८०२०९६०८३, ९८५१०२५९७९

**वर्गीकृत विज्ञापन**

**निर्माण सफाइ**
सेफ्टीट्यांकी ढलमंगाल
जामखोल्ने सस्तोमा
9851247369

हरेक दिन
डिस्प्ले
शब्द

कोरोनाविरुद्ध सचेतना



प्रयोग गरेको मास्क र टिस्यु पेपर जथाभावी नफ्याकौँ

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०



# बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको नयाँ अनुहार

● विवेक पोखरेल

तीन वर्षअघि डा. विजयचन्द्र आचार्यले जागिरे जीवनबाट भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको कार्यकारी निर्देशकका रूपमा यात्रा मोडे । अस्पतालमा पहिलोपटक खुला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक बनेका थिए उनी । मंगलबार कार्यकाल पूरा गरेर बिदाइ हुँदै गर्दा उनको अनुहारमा सन्तुष्टिको भाव झल्किन्थ्यो ।

उनले पद बहाली गर्दा अस्पताल एक सय ९४ शय्या क्षमताको थियो । अहिले चार सय ५० शय्या पुगेका छन् । सर्जरीतर्फ आठवटा मोडुलर शल्यक्रिया कक्ष सञ्चालनमा आएका छन् । पुराना मेसिनको मर्मत गरिएको छ र नयाँ खरिद गरी सञ्चालनमा ल्याइएको छ । अस्पतालमा आपत्कालीन ल्याब स्थापना



डा. विजयचन्द्र आचार्य

भएको छ । रेडियोलोजी, प्याथोलोजी, सर्जरी र केमोथेरापीको रिपोर्ट दुई-दुई घन्टामा उपलब्ध हुन थालेको छ । 'प्रशासनिक अनुभव र ज्ञान मसँग थिएन । तर, कामले काम सिकाउँदै गयो,' उनी भन्छन् ।

उनकै कार्यकालमा अस्पताल परिसरमै फार्मेसी स्थापना भयो । अस्पताल परिसरमा कृषि विकास बैंकको काउन्टर स्थापना गरेर सोहीमार्फत सेवाशुल्क बुझ्ने व्यवस्था मिलाए । अस्पतालको आफ्नै अक्सिजन प्लान्ट निर्माणाधीन छ । बिरामी संख्या बढ्दै जाँदा दैनिक राजस्व तीन लाखबाट १२ लाख रुपैयाँ पुगेको छ । नारायणी डेभलपमेन्ट बैंकमा फसेको १० करोड रुपैयाँ उनकै कार्यकालमा असुल भएको छ । अस्पतालका कर्मचारीलाई विनाधितो १५ लाखसम्मको ऋण सुविधा दिइन थालेको छ । कर्मचारी कल्याण कोषलाई व्यवस्थित बनाइएपछि खातामा १८ करोड रुपैयाँ जम्मा भइसकेको उनी बताउँछन् ।

उनकै कार्यकालमा अस्पतालमा अंकोलोजी विषयका जनशक्ति उत्पादन गर्ने उद्देश्यले कलेज स्थापना भएको छ । 'बोनम्यारो प्रत्यारोपण सेवाका लागि बजेट तथा कार्यक्रम समावेश गरी अर्थ मन्त्रालय पेस गरेका छौँ,' उनी भन्छन् ।

२४ वैशाख ०७४ मा उनी अस्पतालको कार्यकारी निर्देशक नियुक्त भएका थिए । आफ्नो कार्यकालमा प्रचारभन्दा सुधारका कामलाई प्राथमिकता दिएको उनी बताउँछन् । सञ्चालक समितिप्रतिको जवाफदेहिता, अस्पतालको भौतिक संरचनाको पूर्णता, मेसिन औजारलाई चुस्तदुरुस्त राख्ने, उपचार प्रविधिमा स्तरोन्नति, सेवाग्राहीको मागअनुसार सेवा प्रवाहको संयोजन, शैक्षिक कार्यक्रमको प्रारम्भ र नयाँ योजनाको प्रक्षेपण नै आफ्नो कार्यकालका उपलब्धि भएको उनको भनाइ छ ।

> डा. विजयचन्द्र आचार्यको कार्यकालमा अस्पताललाई प्रतिष्ठानमा स्तरोन्नति गर्ने खाका तयार भएको छ । नयाँ नेतृत्वले लक्ष्य पूरा गर्ने उनमा आशा देखिन्छ ।

अस्पतालमा बढ्दो बेथिति नियन्त्रणका लागि सरकारले खुला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक नियुक्त गरेको थियो । त्यसअघि बेथिति नियन्त्रणका लागि स्थानीय प्रशासनले हस्तक्षेपसमेत गर्नु परेको थियो । बिग्रिएका उपकरण मर्मत नहुँदा सेवा ठप्प थियो । चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारी कार्यालय समयमै अस्पतालबाहिर काम गर्न जान्थे । समस्याकाबीच डा. आचार्यको कार्यकालमा सुधारका धेरै काम भएको कर्मचारीहरू बताउँछन् ।

डा. आचार्यको कार्यकालमा अस्पताललाई प्रतिष्ठानमा स्तरोन्नति गर्ने खाका तयार भएको छ । त्यसका लागि आधारशिला तयार भएको उनको भनाइ छ । आगामी नेतृत्वले आफ्नो सपना साकार बनाउने उनको आशा छ । भन्छन्, 'अस्पताललाई प्रतिष्ठान बनाउन पूर्वाधार विकासमा धेरै समय खर्चिएँ, नयाँ नेतृत्वले लक्ष्य पूरा गर्ने आशा लिएको छु ।'

# लकडाउनमा सहरका हब रंगविहीन ठमेल

● नवीन अर्याल

> जबसम्म विदेशी पर्यटक आउँदैनन्, तबसम्म ठमेल गुल्जार हुन सक्नेछैन । नेपाली नागरिकमाझ पनि ढुक्कसँग रेस्टुराँ र क्लब धाउने मनस्थिति तयार हुन समय लाग्नेछ ।

रात छिप्पिँदै जाँदा डिस्को र क्लबहरूमा भिड बढ्थ्यो । बिहानसम्मै विदेशी पर्यटक र नेपाली युवा-युवती संगीतको तालमा झुमिरहेका हुन्थे । राति ९ बजेपछि सुरु हुने रक ब्यान्डहरूको लाइभ प्रस्तुतिसँगै पूरै ठमेल सांगीतिक बन्थ्यो । तर, त्यो रंगीन ठमेल अहिले रंगविहीन बनेको छ । रातभर जाग्राम रहने काठमाडौं उपत्यकाको यो मुख्य पर्यटन गन्तव्य अहिले दिउँसै गहिरो निद्रामा रहेझैं अनुभूति हुन्छ ।



तस्बिर : दीपेन्द्र ढुंगाना/नयाँ पत्रिका

कोभिड-१९ को महामारीबीच ठमेल एक्लैले बेहोरिरहेको नियति होइन यो । ठमेल त्यसरी नै सुस्ताइरहेको छ, जसरी संसारभरका पर्यटकीय गन्तव्यमा सन्नाटा छाएको छ । कोरोना भाइरसको संक्रमण फैलिन नदिन लागू गरिएको लकडाउनका कारण पर्यटक झुम्मिने ठमेलका पसल, रेस्टुराँ, होटेल र क्लब बन्द छन् । स्थानीय बासिन्दा फाट्टफुट्ट हिँडेको देखिए पनि विदेशी पाहुना देखिँदैनन् । ठमेलका गल्लीगल्ली चहार्दा पूरै बजारलाई कुकुरहरूले पहरा दिइरहेजस्तो लाग्छ ।

कोभिड-१९ का कारण लकडाउन हुनुअघि केशरमहलबाट छिर्नेबित्तिकै चहलपहल सुरु हुन्थ्यो । कर्मचारी सञ्चयकोष अगाडिदेखि भिडभाड देखिन थाल्थ्यो । अहिले त नरसिंह चोक, काठमाडौं गेस्टहाउस हुँदै चाक्सीबारीसम्म पुग्दा पनि ठमेल आइपुगेको अनुभव हुँदैन । छाया सेन्टर मात्र होइन, अलफ्ट, म्यारियट, मनाङ, वैशाली, मलबेरी र मल्ल होटेलका गेटमा ताल्चा झुन्डिएका छन् । पसलहरू बन्द छन्, सटर अघिल्तिर घरभित्र बस्दा दिक्क भएर निस्केका एक-दुईजना सुस्ताइरहेको देखिन्छ । बैंकहरूका एटिएम बुथ खुला छन्, तर पैसा निकाल्ने ग्राहक देखिँदैनन् ।

> त्यो रंगीन ठमेल अहिले रंगविहीन बनेको छ । रातभर जाग्राम रहने काठमाडौं उपत्यकाको यो मुख्य पर्यटन गन्तव्य अहिले दिउँसै गहिरो निद्रामा रहेझैं अनुभूति हुन्छ ।

लकडाउनअघिसम्म ठमेल कहाँ यस्तो थियो र ! बिहानैदेखि सडकमा खचाखच विदेशी पर्यटक देखिन्थे । साँझ पर्न थालेपछि नेपाली ओइरिन थाल्थे । रेस्टुराँका टेबल भरिभराउ रहन्थे । 'ऊँ मणि पद्मे हूँ'को मीठो धूनसँगै वनस्पती धूपको बास्नाले ठमेल मगमग हुन्थ्यो । सहरी युवा-युवतीले खोज्ने रात्रि जीवन ठमेलमै त उपलब्ध थियो ।

'ठमेल हिजो लाइभ थियो, आज सुनसान,' पर्यटन व्यवसायी सुमन पाण्डे भन्छन्, 'अहिलेको ठमेल दिउँसै निदाइरहेको छ ।' यहाँका साना-ठूला दर्जनौँ होटेल बाह्रैमास विदेशी पर्यटकले भरिभराउ रहन्थे । ठमेल बिहानैदेखि गुल्जार रहनुको कारण पनि त्यही थियो । ठमेलमा रात बिताउने पर्यटक बिहानै साइटसिन र ट्रेकिङमा निस्किन्थे । स्वदेश फर्किनु अघिल्लो रात पनि उनीहरूले ठमेलमै बिताउँथे ।

बिहानैदेखि यहाँका रेस्टुराँले पर्यटकलाई ब्रेकफास्ट सर्भ गर्थे । दिउँसो किनमेलमा निस्किने उनीहरूका लागि नेपाली मौलिक सरसामान र कलाकृति मुख्य आकर्षण हुन्थे । अनि साँझ परेपछि रेस्टुराँ, क्लब, डान्सबार, दोहोरी र गजल साँझमा रक, पप र हेभी मेटलसहित झ्याउरे र लोकभाकाको लयमा कम्मर मर्काउँथे । ठमेल २४सै घन्टा गुल्जार रहन्थ्यो । यहाँका होटेल, रेस्टुराँ र क्लबहरूमा बर्सेनि बढ्दो लगानीको कारक पनि त्यही पर्यटकीय आकर्षण हो । छाया सेन्टर र अलफ्ट होटेलमा मात्र करिब पाँच अर्ब लगानी भएको सञ्चालक पृथ्वीबहादुर पाँडे बताउँछन् । मेरियट होटेलमा एक अर्बभन्दा बढी लगानी भएको छ । गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष शेष घलेले कान्तिपथमा आठ अर्ब लागतमा पाँचतारे होटेल सेराटन बनाउँदैछन् । पोखराका व्यवसायी विप्लव पौडेलले केशरमहलअगाडि अर्को तारे होटल बनाइरहेका छन् । ठमेल विकास परिषद्का पूर्वअध्यक्ष रामशरण थपलियाका अनुसार यहाँ साना-ठूला गरी करिब तीन सय ५० वटा होटेल, करिब तीन सय रेस्टुराँ तथा रात्रि जीवनलाई लक्षित गरी खोलिएका करिब ७५ वटा क्लब, डिस्को, गजलबार र दोहोरी साँझ छन् । पसल-कबलहरूसमेत जोड्दा करिब चार हजार व्यवसाय ग्रेटर ठमेलभित्र सञ्चालित छन् ।

> पसलहरू बन्द छन्, घरभित्र बस्दा दिक्क भएर निस्केका एक-दुईजना सटरअघिल्तिर सुस्ताइरहेको देखिन्छ । बैंकहरूका एटिएम बुथ खुला छन्, तर पैसा निकाल्ने ग्राहक देखिँदैनन् ।

ठमेल र नजिकैको दरबारमार्गमा पछिल्लो समय ठूलो लगानी गरेर अन्तर्राष्ट्रियस्तरका क्लब खोल्ने लहर चलेको छ । एलओडी, डेजाभु, सर्कल, इबिज्जा, ओएमजी, फायर, पर्पल हेज, कर्मा, शिक्षा, काउजी, फरेन हाइटलगायत क्लबमा ठूलो लगानी छ । नेपाली र विदेशी पर्यटकलाई लक्षित गरेर क्लब तथा लाउन्जमा लगानीकर्ता आकर्षित भएको रिफ लाउन्ज र एलओडीका सञ्चालक रवीन श्रेष्ठ बताउँछन् ।

सरकारले लकडाउन खुकुलो पार्दै लग्यो भने पनि ठमेलले तत्काल आफ्नो लय समाउन सक्नेछैन । किनकि, ठमेलका मुख्य पाहुना चीन, भारत, युरोप र अमेरिकाका पर्यटक तत्काल देशाटनमा निस्किने छैनन् । 'जबसम्म विदेशी पर्यटक आउँदैनन्, तबसम्म ठमेल गुल्जार हुन सक्नेछैन,' पर्यटन व्यवसायी पाण्डे भन्छन्, 'ढुक्कसँग रेस्टुराँ र क्लब धाउने मनस्थिति नेपाली नागरिकमाझ नै पनि तयार हुन समय लाग्नेछ ।'

# गर्मीमा हराउँछ त कोराना संक्रमण ?

> ६४ डिग्री फरेनहाइटभन्दा बढी तापक्रम भएका ठाउँमा पनि कोरोना संक्रमण बढिरहेकाले थप अध्ययन आवश्यक भएको वैज्ञानिकहरू बताउँछन् ।

फ्लुको संक्रमण गर्मी मौसमसँगै हराउँदै जाने गर्छ । कोभिड-१९ को महामारी पनि गर्मी सुरु भएसँगै हराउने आशा थियो । तर, त्यस्तो भएन । गर्मी क्षेत्रमा पनि कोरोना भाइरसको संक्रमण बढ्दो छ । त्यसैले वैज्ञानिकहरू कोराना भाइरस र मौसमको सम्बन्धबारे अध्ययन गरिरहेका छन् ।

अमेरिकाको पेन्सिल्भेनिया स्टेट युनिभर्सिटीले गरेको अध्ययनअनुसार, कोरोना भाइरस र फ्लुबीच निकै भिन्नता छ । त्यसैले कोरोनालाई मौसमी संक्रमणका रूपमा लिन सकिँदैन ।

मानव शरीरमा फ्लु प्रतिरोधी क्षमता हुने गर्छ । तर, कोरोनाविरुद्ध प्रतिरोधी क्षमता विकास गर्न समय लाग्ने अध्ययनको निष्कर्ष छ । कोरोनाविरुद्ध भ्याक्सिन र औषधि बन्न केही समय लाग्न सक्ने अध्ययनमा देखिएको छ ।

● अमेरिकाकै नेसनल इन्स्टिच्युट अफ हेल्थले भने गर्मी बढ्ने क्रमसँग कोराना भाइरसको संक्रमण कम हुने आशा जीवितै रहेको बताउँदै आएको छ । तर, ३७ दशमलव ४ देखि ६४ दशमलव ४ डिग्री फरेनहाइट तापक्रम भएका स्थानमा पनि संक्रमण फैलिरहेकै छ । ६४





डिग्री फरेनहाइटभन्दा बढी तापक्रम भएका ठाउँमा पनि कोरोना संक्रमण बढिरहेकाले थप अध्ययन आवश्यक भएको वैज्ञानिकहरू बताउँछन् ।

● अमेरिकाको नेसनल एकेडेमी अफ साइन्सका अनुसार, मौसम र आर्द्रताबाहेक अन्य धेरै विषयले प्रभाव पार्ने भएकाले गर्मीमा कोरोना संक्रमण हुँदैन भन्न सकिँदैन । त्यसैले गर्मी मौसममा पनि भौतिक दूरी कायम गर्ने, समय-समयमा हात धुने, संक्रमितबाट टाढा रहनेजस्ता गतिविधिलाई निरन्तरता दिन अमेरिकी रोग नियन्त्रण केन्द्रले सल्लाह दिएको छ ।

# कोरोनाबाट जोगिन फुड डेलिभरी एप्सको प्रयोग



■ आरबी बुढाथोकी
सु-सेफ
सोल्टी क्राउन प्लाजा

> तपाईं बिरामी हुनुहुन्छ र औषधि लिन जान सक्ने अवस्था छैन भने पनि अनलाइनमार्फत अर्डर गर्न सक्नुहुन्छ । चिकित्सकको परामर्शअनुसारको औषधि वा मेडिसिन किड्स घरमै आइपुग्छ ।





कोरोना कहरका वेला सहरी क्षेत्रका बासिन्दाले फुड डेलिभरी एप्समार्फत खानेकुरा अर्डर गर्नु सुरक्षित छ । होटेल र रेस्टुराँमा गएर नियमित खाना खाने बानी बसेका ग्राहकका लागि नेपालमा पनि विभिन्न फुड डेलिभरी एप्स उपलब्ध छन् । तपाईंले पनि यस्ता एप्स डाउनलोड गर्न सक्नु हुनेछ र मेनु हेरेर आफूले चाहेका खानेकुरा घरमै बसीबसी मगाउन सक्नुहुन्छ । यो सुरक्षित हुनुका साथै सहज पनि छ । देशभरका केही होटेल र रेस्टुराँ पूर्ण रूपमा बन्द भए पनि केहीले भने सीमित कर्मचारी राखेर चलाइरहेका छन् । पकाएका खाना मात्र नभएर घरमा चाहिने अत्यावश्यक वस्तुको एप्स पनि प्रशस्तै भेट्न सकिन्छ । संघ, संस्था तथा पसलले तपाईंको घरमा सुरक्षित तरिकाले सामान डेलिभरी गरिदिन्छन् ।

● सुरक्षाका दृष्टिले अहिले बाहिर भिडभाडमा जानु उचित मानिन्न । निश्चित समयका लागि मात्र स्थानीय पसल खुल्ने भएकाले त्यस्तो वेला अत्यधिक भिड हुने गर्छ । त्यसैले, यस्तो अवस्थाबाट जोगिन आफूलाई चाहिने सम्पूर्ण सामग्रीको सूची बनाएर एप्समार्फत अनलाइन अर्डर गर्नु बुद्धिमानी हुन्छ । अनलाइनबाट यस्ता सामान मगाउँदा आफू र परिवारको सुरक्षा हुन्छ । अहिले यो ट्रेन्ड विश्वभर चलेको छ । अहिलेको विषम परिस्थितिलाई बुझेर आवश्यकताभन्दा धेरै सामान नमगाउनु बुद्धिमानी हुन्छ । खानेकुरा ज्यादा अर्डर गर्दै सञ्चय गरेर राख्नाले अरूलाई पनि समस्या पर्न सक्छ । आफूले अनलाइनबाट अर्डर गरेका खानेकुरा (पकाएको वा काँचो कुनै पनि) कत्तिको सुरक्षित आफ्नो घरमा आइपुगेको छ भन्ने पनि निगरानी गर्नु उचित हुन्छ ।

> तपाईंको मोबाइलमा एप्स छैन भने पनि फोन गरेर आफूलाई चाहिएका खानेकुरा सहज रूपमा अर्डर गर्न सक्नुहुन्छ ।

● तपाईंको मोबाइलमा एप्स छैन भने पनि फोन गरेर आफूलाई चाहिएका सामान र खानेकुरा सहजै अर्डर गर्न सक्नुहुन्छ । लकडाउनको समयमा सहज नहुँदाको अवस्थामा पनि अनलाइन डेलिभरीकर्ता देशका मुख्य-मुख्य सहरमा सक्रिय छन् । तपाईं बिरामी हुनुहुन्छ र औषधि लिन जान सक्ने अवस्था छैन भने पनि अनलाइनमार्फत अर्डर गर्न सक्नुहुन्छ । चिकित्सकको परामर्शअनुसारको औषधि वा मेडिसिन किड्स घरमै डेलिभरी हुन्छ ।

*(बुढाथोकी खाद्य प्रशिक्षक पनि हुन् ।)*

# कोरोना निस्तेज पार्न 'एन्टिबडी'को आशा



कोरोना भाइरस (कोभिड-१९)लाई जित्न सक्ने 'मोनोक्लोनल एन्टिबडी' (एन्टिबडी ४७डि११) वैज्ञानिकहरूले प्रयोगशालामा तयार पारेका छन् । यसको सहयोगबाट कोरोनाको उपचार हुने तथा महामारी फैलनबाट रोकिने उनीहरूको अपेक्षा छ ।

● नेदरल्यान्ड्सस्थित युट्रेच विश्वविद्यालयको प्रयोगशालामा गरिएको 'सेल कल्चर' परीक्षणमा उक्त एन्टिबडीले कोरोना भाइरसलाई मत्थर पार्न सफल भएको छ । उक्त एन्टिबडी कोरोना संक्रमणको उपचारका लागि उपयोगी साबित हुन सक्ने आशा वैज्ञानिकहरूमा देखिन्छ ।

> मोनोक्लोनल एन्टिबडी प्रयोगशालामा सिर्जना गरिने त्यस्तो प्रोटिन हो, जसले शरीरभित्रका भाइरस र ब्याक्टेरियासँग लड्न सक्ने अन्य प्रोटिन पैदा गर्छ ।

● कोरोनाबाहेकका रोगका लागि पनि विभिन्न औषधिसँग संयुक्त वा एकल रूपमा सो एन्टिबडी उपयोगी हुने दाबी नेचर कम्युनिकेसन जर्नलमा छापिएको रिपोर्टमा उल्लेख छ ।

## ■ के हो मोनोक्लोनल एन्टिबडी ?

● मोनोक्लोनल एन्टिबडी प्रयोगशालामा सिर्जना गरिने त्यस्तो प्रोटिन हो, जसले शरीरभित्रका भाइरस र ब्याक्टेरियासँग लड्न सक्ने अन्य प्रोटिन पैदा गर्छ । यस्तो एन्टिबडीले मानव शरीरमा भएको रोग प्रतिरोधात्मक प्रणालीलाई सहयोग पुऱ्याउँछ, जसका कारण शरीरभित्र प्रवेश गर्ने भाइरस निश्तेज हुन्छन् । एन्टिबडीले शरीरका विभिन्न भागमा रहेका भाइरसका प्रोटिनलाई पहिचान गरी मत्थर बनाउँछ ।

● मोनोक्लोनल एन्टिबडी यसअघि पनि केही औषधिसँगको संयुक्त प्रयोगबाट क्यान्सर निदानमा उपयोगी भएको विज्ञहरू बताउँछन् । इबोलाको निदानमा पनि अन्य दुई एन्टिबडी थोरापी प्रभावकारीसिद्ध भएका थिए ।

## ■ कसरी गर्छ काम ?

● 'एन्टिबडी ४७डि११'ले, कोरोना शरीरभित्र छिर्न दिने 'स्पाइक प्रोटिन'लाई लक्षित गर्छ र यो भाइरसका प्रोटिनलाई मत्थर पार्छ । युट्रेच विश्वविद्यालयले गरेको अध्ययनमा उक्त एन्टिबडीले कोभिड-१९ मात्र नभई 'सार्स कोरोना'विरुद्ध पनि काम गर्ने देखिएको छ । यस्ता एन्टिबडी प्रायः प्रयोगशालामै बन्छन् ।

● वैज्ञानिकहरूले यस एन्टिबडीलाई मानव शरीरका लागि उपयुक्त हुने गरी तयार गर्न थालेको नेचर कम्युनिकेसन जर्नलमा उल्लेख छ ।

● प्रयोगशालामा प्रभावकारी देखिएको उक्त एन्टिबडी 'क्लिनिकल' रूपमा प्रयोग गर्दा कत्तिको प्रभावकारी रहन्छ र त्यसले कोरोनाविरुद्ध कसरी लड्न सक्छ भन्ने हेर्न बाँकी रहेको अध्ययनमा संलग्न भाइरोलोजिस्ट डा. बेरेन्ड जोन बोस र उनका सहकर्मीले उल्लेख गरेका छन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **सम्पादक** : उमेश चौहान । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrika.com